


पृष्ठ ११ मा

• वर्ष १३ • अंक ७ • काठमाडौं, शुक्रबार, असार १५ , २०६४ • SAPTAHIK • Nepali National Weekly • • पृष्ठ २४ • मूल्य रु. ८/-



# सहरले नचिनेको हिरो

■ **विदुर खतिवडा**

सहरका सुकिला-मुकिला पढेलेखेकाहरूले अहिलेका लोकप्रिय लोकगायक राजु परियारलाई कमै चिन्छन् । उनीहरूले उनका गीत पनि सुनेका छैनन् होला, तर उनका गीतिएल्बमले नेपालमा अहिले सबै किसिमका गीतिएल्बमको रेकर्ड तोडिसकेका छन् भन्दा पत्याउन पनि गाह्रै हुन्छ । गाउँघर तथा मोफसलका सहर-बजारतिर उनी एक्लैले दर्शक-श्रोतालाई घण्टौं नचाउन सक्ने क्षमता राख्छन्, त्यहाँ उनको क्रेज हेर्नलायक छ । कुनै बेला उनी नेपाली सेनामा भर्ती हुने उद्देश्यले साथीहरूसँगै राजधानी आएका थिए । आफ्नो उद्देश्यमा असफल भएपछि लमजुङको गाउँसहर गाविसका यी युवा राजधानीकै एक दोहोरी रेस्टुराँमा २ हजार ५ सय रुपैयाँ मासिक पाउने गरी गीत गाउन थाले । गाउँ फर्कनुभन्दा सपनाको सहर काठमाडौँमै संघर्ष गर्नुलाई निको मान्दै उनले यतै बस्ने निधो गरे । कर्म गर्दै जाँदा दोहोरी गाएर उनी मासिक ७ हजार रुपैयाँ कमाउन थाले भने उनको पहिलो एल्बम नै २० हजार प्रति बिक्यो ।

अहिलेका सर्वाधिक व्यस्त तथा सर्वाधिक कमाउने लोकगायक राजुको जीवनशैली गाउँघरको सामान्य राजुभन्दा धेरै माथि उठिसकेको छ । आमनेपाली किसान परिवारमा जन्मिएका राजुले सामान्य जागिर खाएर जीविकोपार्जन गर्ने सपना मात्र देखेका थिए । राजुले वि.सं. २०६२ मा मात्र १ हजार ७ सय गीत रेकर्ड गराए, जुन आफैंमा एउटा कीर्तिमान हो । अहिले उनी एउटा गीत गाएको ५ हजारदेखि १० हजारसम्म लिन्छन् । गाएका गीतको संख्या, क्यासेटको बिक्री आदि अनेक दृष्टिबाट राजु रेकर्डधारी गायक हुन् भन्ने कुरा सावित हुन्छ ।

नौ वर्षको उमेरदेखि नै गायनमा सक्रियता देखाउन थालेका राजुको सांगीतिक स्कुल भनेकै लमजुङका रोदीघरहरू हुन् । काठमाडौँकै एक रेस्टुराँकी दोहोरी गायिकासँग पाँच महिना लामो प्रेमपछि वैवाहिक सम्बन्धमा बाँधिएका राजुकी श्रीमती अहिले पनि गाउँ फर्केर श्रीमान्का लागि मकै र पानी खाजा पुऱ्याउन खेत जाने सपना देख्छिन् । सहरको व्यस्त र यान्त्रिक जीवन उनका लागि झर्कोलाग्दो भएको छ- श्रीमान्को चमत्कारिक प्रगतिका बाबजुद पनि । श्रीमान्को व्यस्तता नै उनको ठूलो समस्या भएको छ । श्रीमती परियार भन्छिन्- त्यति मात्र होइन, जति पैसा कमाएको देखिन्छ, त्यसअनुसार बचत भएको छैन ।

अहिले बजारमा आएका अधिकांश लोक एवं दोहोरी गीतमा राजुकै स्वर हुन्छ, यतिसम्म कि कतिपय लोकगीत संकलकहरू राजुको स्वरमा गीत रेकर्ड गराएर बाँचिरहेका छन् । राजु आफैं भन्छन्- 'मैले गाएको गीतमा अरूले आफ्नो नाम जोडेको मैले पनि देखेको छु ।' उनी औसत दैनिक ४ वटा गीत रेकर्ड गराउँछन् । त्यसमाथि एउटा दोहोरी आधा घण्टासम्मको हुन्छ । उनले दिनको १२ वटासम्म गीत गाएका छन् । राजुले अहिलेसम्म ७ हजारभन्दा बढी गीत गाइसकेका छन् भने उनको एल्बम ६५ हजार प्रतिसम्म बिकेको छ, जुन नेपालमा बिक्री भएका गीतिएल्बममध्ये सर्वाधिक हो । उनीमाथि संगीतलाई हल्का रूपमा लिएको आरोप पनि लाग्दै आएको छ । स्वयं राजु पनि सधैँ सम्झनायोग्य सदावहार र कालजयी गीत गाउने चाहना राख्छन् ।

विस्तृत पृष्ठ ७ मा



साप्ताहिक झिल्को

साइबर गर्ल **सबी**

मध्यपृष्ठमा **कुसुम**

## क्यासेट




### प्ले

गायक भीमसेन लामाको नयाँ गीतिसंग्रह 'प्ले' दर्शक- श्रोतामाझ आएको छ। संग्रह प्लेमा गायक लामाले 'बतासैले उडाइल्यायो...' गीतलाई रिमिक्स गरेका छन्। डिजे सन्तोषले रिमिक्स गरेको यो गीतमा गायक लामा र सुनीतिको आवाज सुन्न सकिन्छ। यो गीतलाई पहिले कुमार सानु र आशा भोस्लेले गाएका थिए। रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहमा शब्द गायक लामा, अर्जुन असफल, जेम्स प्रधान, डिजे लक्सु, रमेश प्रभात, धनु गुरुङ, किरण माइकल तथा गणेश लामाको छ भने संगीत गायक लामाका अतिरिक्त ईश्वरी काफ्ले, जेम्स प्रधान, डिजे लक्सु, रामचन्द्र काफ्ले, लालु गुरुङले दिएका छन्।

### चयन




गायक रामभक्त जोजिजूको नयाँ एकल गीतिसंग्रह 'चयन' दर्शक- श्रोतामाझ आएको छ। धौलागिरि क्यासेट सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहमा गायक जोजीजू र उनकी श्रीमती इतु जोजीजुले स्वर प्रदान गरेका छन्। नौवटा गीत समाविष्ट उक्त संग्रहका गीतमा शब्द उन्नति बोहोरा 'शिला', भूपाल राई, मिजास तेम्बे, भूपेन्द्र खड्का, आर्जु विष्ट, रमण घिमिरे, सुरेन्द्र खड्का तथा प्रकाश सायमीको छ। त्यसैगरी संगीत शम्भुजित बाँस्कोटा, सुरेश अधिकारी, सचिन सिंह, प्रवीण बराइली, रामभक्त जोजिजु, राजु सिंह, नारायण ओली र अनिल शाहीको छ।

## रंगमञ्च

- धनगढी, नारायणघाट, पोखरा, काठमाडौं हुँदै सर्वनामले आफ्नो नाटक 'इतिहासको बाँकी पृष्ठ' नाट्य अभियानलाई धरानको प्रदर्शनीसँगै टुङ्ग्याएको छ। वरिष्ठ नाटककार अशेष मल्लको लेखन तथा निर्देशन रहेको यो नाटकले जनआन्दोलन-२ ले समेट्न नसकेको सहिदहरूको चित्कारलाई उजागार गर्ने प्रयास गरेको छ। एक घण्टा लामो नाटक गर्भवती युवतीको सिन्दूर पुछ्दै सुरु हुन्छ। आन्दोलनको अग्रपंक्तिमा रहँदा दमनकारीको गोलीबाट उसको पतिको मृत्य हुन्छ। मल्टीमिडियाको प्रयोगले नाटक दर्शकका निम्ति नौलो बनेको थियो। सविता लामा, ओममणि शर्मा, शिरोमणि दवाडी, लक्ष्मी नापित, न्हुछे श्रेष्ठ, अनुप खड्का, मुरारी लामिछाने, विजय बानियाँ, अभिनीत मल्ल तथा हरिश्चन्द्र केसीको अभिनय जीवन्त अभिनयले दर्शकको वाहवाही लुटेको थियो। नाटकको भावलाई धरानका नौ जना चित्रकारले बिहीबार क्यानभासमा उतारेका थिए।

-मोफसलका नाट्यसमूहहरूले कचहरी (नाटक) मार्फत स्थानीय समाजमा जनचेतना फैलाइरहेका छन्। स्थानीय समाजलाई लक्षित गरेर तयार भएको विषयमा आधारित हुने भएकाले कचहरीको प्रभावकारिता पनि त्यत्तिकै हुन्छ। गत साता कालिका नाट्य समूह कपिलवस्तुले 'संविधानसभा', 'बालिका शिक्षा', मितेरी थिएटर नेपालगन्जले 'दाइजो' र भीमशान्ति नाट्यसमूह राजापुरले 'कमलरी' शीर्षकमा कचहरी प्रस्तुत गरे। त्यस्तै विदेश नगई मुलुकमै केही गर्न खोज्ने युवालाई मूल पात्र बनाएर कचहरी नाट्यसमूह गुलरिया बर्दियाले कचहरी नाटक प्रस्तुत गऱ्यो। नाट्यकर्मी सुनील पोखरेलका अनुसार आरोहण नाट्यसमूहको सहयोग, युरोपियन कमिसन तथा एसिया फाउन्डेसनको प्रायोजनमा कचहरी नाटकहरू सम्पन्न भएका थिए।

-हेटौंडाको तरङ्ग सांस्कृतिक परिषद्ले मंगलबार काठमाडौंका दुई स्थानमा सडक नाटक प्रस्तुत गऱ्यो। एचआईभी एड्सको संक्रमणविरुद्ध जनचेतना फैलाउने उद्देश्यले उक्त नाटक प्रस्तुत गरिएको थियो।

## ग्यालरी

-माटोको सहारामा निर्मित सिर्जनाहरूको प्रदर्शनी गत साता सम्पन्न भएको छ। माटोमा सामान्य श्रम र सीपको प्रयोग गरेर तयार भएका विभिन्न वस्तु प्रतिविम्बित गर्ने ती आकृतिहरू पाटनको यलमाया केन्द्रमा प्रदर्शन भएका थिए। सेरामिक तयार पार्ने एकमहिने तालिम लिएका कलाकारहरूको सक्रियतामा उक्त प्रदर्शनी भएको थियो। भारतीय कलाकार सन्तोष कुमार तथा नेपाली प्रशिक्षक जगतकृष्ण प्रजापतिले त्यो टोलीलाई तालिम दिएका थिए। प्रदर्शनीमा २२ कलाकार एवं प्रशिक्षकद्वयका सिर्जना राखिएका थिए।

-नेपालका वरिष्ठदेखि कनिष्ठसम्मका ९३ जना कलाकारका कलाकृतिहरूको प्रदर्शनी बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा चलिरहेको छ। प्रदर्शनी आगामी शुक्रबारसम्म चल्नेछ। नेपाल ललितकला मञ्चको प्रथम स्थापना दिवसको अवसर पारेर आयोजित उक्त प्रदर्शनीमा ८ वटा मूर्तिकलासमेत समावेश छन्। प्रदर्शनीमा रहेका कलाकृतिको बिक्रीबाट प्राप्त हुने रकम जनआन्दोलन भाग-२ का सहिद अनिल लामा, क्यान्सर रोगले दिवङ्गत भएका साहित्यकार जनकप्रसाद हुमागाईंको परिवार तथा मिर्गौला रोगी कलाकार सानु पहाडीलाई प्रदान गरिनेछ।

-कलाकार मिन्दिरा गिरीले आमा हुँदाको अनुभवलाई सँगालेर 'मातृत्व' शीर्षकको एकल चित्रकला प्रदर्शनी आयोजित गरिन्। काठमाडौं विश्वविद्यालयकी स्नातक तह अध्ययनरत मिन्दिराको उक्त प्रदर्शनी हिजो सम्पन्न भयो। नक्सालस्थित बारियो फियस्टामा भएको प्रदर्शनीमा मातृत्व झल्काउने ३२ वटा चित्र राखिएका थिए।

-कलाकार सागर मानन्धरको एकल चित्रकला प्रदर्शनी नक्साल बालमन्दिरस्थित नाफा आर्ट ग्यालरीमा गत शुक्रबार प्रारम्भ भएको छ। भारतीय राजदूतावासका काउन्सिलर गोपाल बगालेले उद्घाटन गरेको उक्त प्रदर्शनी आजसम्म चल्नेछ। फिगरेटिभ एक्सप्रेसन शीर्षकको उक्त प्रदर्शनी श्री लुनकरणदास गंगादेवी चौधरी एकेडेमी फर आर्ट एन्ड लिटरेचरले आयोजित गरेको हो।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साताका धेरै पक्ष राम्रा रहनेछन्। सुरुमा आलस्यता एवं उदासीनता बढे पनि शनिबारदेखि धार्मिक कार्यमा मन जानेछ। भाग्यले साथ दिनेछ भने मान-सम्मान पाइनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने एवं नयाँ काम प्राप्त हुने योग छ। धन आर्जन हुनेछ। घरेलु कार्यमा पनि सुधार आउनेछ। सफलताका लागि धैर्य गर्नुहोला।

### वृष

साताको पूर्वार्द्ध प्रतिकूल रहे पनि उत्तरार्द्धमा सुधार आउनेछ। सुरुमा शरीर अस्वस्थ एवं आलस्य रहनेछ भने काममा अवरोध आउनाले मनोबल घट्नेछ। खर्च तथा विवाद बढ्ने योग भए पनि सोमबारदेखि धार्मिक कार्यमा मन जानेछ। त्यसपछि भाग्यले साथ दिने, जोस-जाँगर एवं प्रसन्नता बढ्ने तथा काममा सफलता मिल्ने योग छ।

### मिथुन

साताको पूर्वार्द्ध अनुकूल रहेनछ। सुरुमा परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ। धन आर्जन हुनसक्छ। अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। सोच्ने शक्ति बढ्नेछ भने यात्रा पनि हुनसक्छ। सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने देखिन्छ। शत्रुबाट सजग रहनुहोला।

### कर्कट

रोग एवं शत्रु बढ्नेछन्। काममा अवरोध आउनाले मनोबल घट्नेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। सानातिना समस्याले पनि सताउन सक्छ। खर्च एवं विवाद बढ्नेछ भने सोमबार तथा मंगलबार यात्रा हुने योग छ। मान-सम्मान पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनेछ।

### सिंह

आफन्तहरूबाट उचित सहयोग जुट्नेछ। सोच्ने शक्ति एवं बोलीको प्रभाव बढ्नेछ। नयाँ मित्रको आगमन सुखद रहनेछ। खर्च बढे पनि राम्रै आय हुनसक्छ। शत्रुदेखि सजग रहनुहोला। काममा गोपनीयता अपनाउनुपर्नेछ। व्यवसाय तथा यात्रामा उतार-चढाव आउनसक्छ।

### कन्या

पराक्रम बढ्ने क्रम यथावत् रहनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाइनेछ। नयाँ मित्रको आगमनले मन प्रसन्न हुनेछ। घरेलु कार्यमा रुचि बढ्ला। शत्रु पराजित हुनेछन्। व्यवसायमा लाभ देखिन्छ। यात्रा गर्ने अवसर जुट्नेछ भने अध्ययनमा सफलता मिल्नेछ। कुराकाटनेहरू प्रशंसा गर्न थाल्नेछन्। धन आर्जन पनि हुनसक्छ।

### तुला

ग्रह गोचर राम्रा छन्। आँटेको काममा सफलता मिल्नेछ। बोलीको प्रभाव बढ्ने तथा नयाँ काम पाइने प्रबल सम्भावना छ। सजिलै अरूको मन जित्न सकिनेछ। ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन् भने ठूलो जिम्मेवारी प्राप्त हुनेछ। पदक प्राप्तिको सम्भावना छ। यात्रा पनि हुनसक्छ।

### वृश्चिक

अरूबाट प्रशंसा पाइनेछ। भोज-भतेरमा सामेल हुने अवसर जुट्नुका साथै बोलीको प्रभाव बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। पराक्रम बढ्नुका साथै आफ्नै प्रयासले धन आर्जन गर्न सफल हुनुहोला। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा ध्यान दिनुहोला। घरेलु समस्याले सताउन सक्छ।

### धनु

खर्च अलि बढी नै होला। चिन्ता बढ्नेछ भने काममा अवरोध आउन सक्छ। स्वास्थ्य पनि कमजोर रहला। घरेलु समस्याले सताउनेछ। सफलताका लागि घरबाहिरै रहनु उचित हुन्छ। मान-सम्मान एवं भोजन प्राप्त हुने योग छ। व्यवसाय तथा यात्रामा सफलता मिल्नेछ भने पराक्रम बढ्नेछ।

### मकर

ग्रह गोचर राम्रा छन्। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। मान-सम्मान पनि पाइनेछ। अरूबाट सहयोग जुट्नेछ। आम्दानी पनि राम्रै होला। यात्रा हुनसक्छ। कुराकाटनेहरू प्रशंसा गर्न थाल्नेछन् भने अध्ययनमा सफलता मिल्नेछ। घरेलु कार्यमा अवरोध आउने योग छ।

### कुम्भ

पराक्रम बढे पनि शत्रुसित कडा प्रतिस्पर्धा गर्नुपर्ला। मान-सम्मान मिल्नेछ। बोलीको प्रभाव एवं सोच्ने शक्ति बढ्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा पनि हुनसक्छ। अध्ययनमा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर पाइनेछ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### मीन

पर्याप्त मान-सम्मान मिल्नेछ। व्यवसायमा लाभ हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ भने अध्ययनमा सफलता पाइनेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने देखिन्छ। मान-सम्मान पनि मिल्नसक्छ। धन आर्जन हुनेछ। अरूबाट पर्याप्त सहयोग पाइन सक्छ।

### यो साताको पञ्चाङ्ग

असार १५ गते : राष्ट्रिय धान दिवस, १९ गते : सहकारी दिवस

# हुने नै भयो संविधानसभा ?

**साप्ताहिक समाचार**

काठमाडौं, लामो छलफल, वहस तथा केही आशंकाबीच आगामी मंसिर ६ गते संविधानसभाको निर्वाचन गर्न सरकारले निर्वाचन आयोगलाई अख्तियारी सुम्पिएको छ । निर्वाचनको मिति तोक्नुअघि निर्वाचन आयोगले कम्तीमा १ सय २० दिनको समय सीमा राख्न अनुरोध गरेको थियो । मितिको घोषणासँगै आयोगले निर्वाचन अयोगलाई चाहिने कानुन एवं आर्थिक सहयोग किटानी गर्न अनुरोध गरेको छ । निर्वाचन आयोगले माग गरेको निर्वाचन अदालतसम्बन्धी ऐन केही समयभित्रै पास हुने तथा निर्वाचन प्रयोजनका लागि २ अर्ब रुपैयाँ आर्थिक बजेटमा राख्ने आश्वसन पाएपछि आयोगले निर्वाचनको तयारी गरेको हो ।

सरकारले निर्वाचनको मिति घोषणा गरेको भोलिपल्ट निर्वाचन आयोगले गरेको पत्रकार सम्मेलनमा प्रमुख आयुक्त भोजराज पोखरेल केही उत्साही तर गम्भीरताका साथ प्रस्तुत भए । उनले तोकिएको मितिमै संविधानसभाको निर्वाचन हुने तथा मंसिरभित्रै देशभरिको परिणाम प्राप्त भैसक्ने दाबी गरे । त्यतिमात्र होइन, देशभर एकै दिन निर्वाचन सम्पन्न हुने दाबी पनि पोखरेलको थियो । 'यद्यपि स्वच्छ, स्वतन्त्र एवं भयरहित वातावरण मुख्य सर्त हो ।' आफ्नो सेतो पावरवाला चस्माबाट लिखित वक्तव्य पढ्दै पोखरेलले भने, 'निर्वाचनको वातावरण बनाउन आठ दलले पनि आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।' पोखरेलले कूटनैतिक भाषामा केही दलहरूले अझै पनि संविधानसभा निर्वाचनका लागि अनुकूल वातावरण नबनाएको संकेत गरे । अहिले मुलुकमा सबै दलको सरकार भएकाले मात्र होइन, संविधानसभामा ती दलहरूले प्रतिबद्धता व्यक्त गरेकाले पनि सरकारले तोकेकै मितिमा निर्वाचन हुने पोखरेलको दाबी थियो ।

निर्वाचन आयोगले संविधानसभाको तयारी हतारिएर गर्न थालेको संकेत उसले तुरुन्तै गरेको पत्रकार सम्मेलनबाट पनि प्रस्ट हुन्छ । गत आइतबार साँझ मात्र सरकारले ६ गतेका लागि मिति घोषणा गरेको थियो । 'सरकारले गरेको निर्णयमा पहिले जस्तो कन्फ्युजन नहोस् भनेर हामीले तुरुन्तै पत्रकार सम्मेलन गर्न लागेका हौं ।' पत्रकारसम्मेलनमा साप्ताहिकलाई निम्तो दिंदै आयोगका कर्मचारीले भने, 'निर्वाचनको घोषणापछि भौतिक तथा प्राविधिक व्यवस्थापनमा आयोग तीव्र गतिमा लाग्ने निर्देशन छ ।'

नभन्दै पत्रकार सम्मेलनमा पनि प्रमुख आयुक्तले निर्वाचनसँग सम्बन्धित नियम, निर्देशिका, आचारसंहितालाई अन्तिम रूप दिन अयोग युद्धस्तरमा लागेको जनाउ दिए । पोखरेलले संविधानसभाको विस्तृत कार्यतालिका पनि चाँडै सार्वजनिक गरिने बताए । यद्यपि आयोगले हाललाई कर्मचारी सरुवा, बढुवा तथा नियुक्तिलाई रोक लगाएको छैन । पाखरेलको कथन थियो, 'निर्वाचन आचारसंहिता लागू भएपछि कर्मचारी सरुवा, बढुवा तथा नियुक्तिमा रोक लगाउन पत्राचार गर्छ ।'

**प्रमुख चिन्ता शान्ति सुरक्षा**

निर्वाचन आयोगले आफ्नो कामको रफ्तार बढाए पनि शान्ति सुरक्षाको विषयलाई लिएर गम्भीर चिन्ता व्यक्त गरेको छ । प्रमुख आयुक्तले पत्रकारसम्मेलन अवधिभर शान्ति सुरक्षामा सरकारले ध्यान दिनुपर्ने कुरामा पटक-पटक जोड दिए । आयुक्तले जनजाति, दलित, मधेसी आदि आन्दोलनको नाम नलिई विभिन्न मागको समाधन गर्न सरकारसँग आग्रह गरे । 'सुरक्षा भन्नाले उमेद्वार, मतदाता, दल, कर्मचारी सबैले सुरक्षित रूपमा भयरहित वातावरणमा आफ्ना क्रियाकलाप सञ्चालन गर्न सक्ने अवस्था हो ।' शान्ति सुरक्षामा जोड दिंदै प्रमुख आयुक्तले भने, 'यो काम सरकारबाट हुनै पर्नेछ ।'

यसबीच संविधानसभा निर्वाचनको मिति घोषणा भएकोमा भारत, अमेरिका, संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) राष्ट्रिय प्रजातन्त्र पार्टी, संयुक्त जनमोर्चा आदिले स्वागत गरेका छन् । भारत तथा अमेरिकाले संविधानसभा निर्वाचनका लागि आफ्नो तर्फबाट नेपालले चाहेको सबै किसिमको सहयोग दिन तयार रहेको बताएको छ भने अनमिनले संविधानसभा निर्वाचनको मिति घोषणालाई शान्ति प्रक्रियाको महत्त्वपूर्ण कदमका रूपमा व्याख्या गरेको छ । अनमिनले मिति तोक्नु मात्र महत्त्वपूर्ण नभएको भन्दै यसका लागि उपयुक्त शान्तिपूर्ण वातावरण बनाउन सरकारसँग अग्रह गरेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी तथा संयुक्त वाममोर्चाले पनि निर्वाचनको वातावरण बनाउन सरकारले शान्ति सुरक्षामा ध्यान दिनुपर्ने बताएका छन् ।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

यदि मैले निष्पक्ष भएर भन्नुपर्‍यो भने संविधानसभामा पहिलो खतरा वाईसीएलबाट छ । किनभने उनीहरू हतियार चलाउन ट्रेन्ड माओवादी कार्यकर्ता हुन् । दोस्रो खतरा तराईमा हतियारबन्ध आन्दोलन गरिरहेका गुटहरूबाट छ । तेस्रो खतरा नेपालको कमजोर सुरक्षाप्रणालीबाट छ । यी सबैबाट निष्कर्ष निकाल्ने हो भने संविधानसभा निर्वाचनका लागि दण्डहीनताको स्थिति नै मुख्य समस्या हो ।

**लेना सुन्ध,**
*प्रमुख, नेपालका लागि राष्ट्रसंघीय उच्चायुक्त*

नेपालमा संविधानसभा सफल रूपमा कार्यान्वयन हुन्छ कि हुँदैन भनेर विदेशी विशेष गरी भारतको भूमिका महत्त्वपूर्ण हुन्छ । केही समययता भारतले संविधानसभा निर्वाचनमा नेपाली जनताको निर्णयलाई स्वागत गर्ने कुराबाट उसको व्यवहार परिवर्तन भएको देखिन्छ । भारतमा आएको यो सोचले संविधानसभा निर्वाचन गरेर देशलाई निकास दिने हाम्रो अभियान सफल हुन लागेको छ ।

**मोहन वैद्य किरण,**
*नेता, नेकपा (माओवादी)*

हाम्रो देशमा संविधानसभाको निर्वाचन गर्नु अनिवार्य भएको छ । यसले देशलाई वर्तमान परिस्थितिबाट पार लगाउँछ र धैरैजसो समस्या सामाधान गर्छ । देशको राजनीति स्थिरतातर्फ जान्छ । यसैमा लोकतन्त्र फस्टाउँछ । लोकतन्त्र नेताका लागि भन्दा पनि हामीजस्ता जनताका लागि आवश्यक छ ।

**राजेश हमाल,**
*चलचित्र नायक*

संविधानसभाको मिति घोषणा भएपछि राजतन्त्र अन्त्यको 'काउन्ट डाउन' सुरु भएको छ । आफ्नो मृत्युको घण्ट बज्न थालेको यो अवस्थामा राजतन्त्र चुप लागेर बस्छ भन्ने मान्नु भूल हो । त्यसो भन्दैमा आफ्नो प्रतिकूलका सबै घटनामा राजतन्त्रकै हात देख्नु पनि केटाकेटीपन हुन जान्छ । त्यसैले चुनाव जति नजिकिँदै जान्छ, आठ दलबीच एकताको गाँठो त्यत्तिकै कसिलो हुँदै जानुपर्छ । यो अवस्थामा माओवादी तथा त्यसका भातृ सङ्गठनले संयम अपनाउनु जरुरी हुन्छ ।

**प्रदीप ज्ञवाली,**
*नेता, नेकपा (एमाले)*

संविधानसभाका लागि राज्यले न्यूनतम तीन सर्त पूरा गर्नैपर्छ । पहिलो आफ्ना जनताको जीउ-धनको सुरक्षा । दोस्रो हो– राज्य र माओवादीबीच भएका सम्झौता दुवैले पूर्ण रूपमा लागू गर्नु । किनभने अझै पनि सरकार तथा माओवादी दुवैले यी सम्झौताको पूर्ण रूपमा पालन गरेका छैनन् । तेस्रो हो, आदिवासी, जनजाति, मधेसी, दलित आदिका मागलाई कसरी संविधानसभामार्फत पूरा गराउने ? किनभने संविधानसभाअघि उनीहरूका सबै माग पूरा हुन सम्भव छैन । यदि यी तीन कुरा पूरा हुने हो भने संविधानसभा सजिलै गर्न सकिन्छ ।

**अर्जुननरसिंह केसी,**
*नेता, नेपाली कांग्रेस*

संविधानसभाअघि नै गणतन्त्र ल्याउन खोज्नु अर्को अधिनायकवाद हो । हिजो एउटा अधिनायकबादसँग जनता लडे, फेरि उनीहरूको अनुमोदनबिना गणतन्त्र ल्याइयो भने जनताले त्यसलाई परिवर्तन गर्न अर्को लडाइँ लड्नुपर्छ । जनताको अनुमोदनबिनाको काम गर्न किन हतार गर्ने ?

**पशुपति शमशेर राणा,**
*अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी*

## साता संक्षेप

**असार ८–** दुई वर्षअघि डोल्पाको प्रसिद्ध गुम्बाबाट हराएका मूर्ति तिब्बती प्रशासनद्वारा फिर्ता ।

– नेपाली सेनामा माओवादी सेना समाहित गर्न शान्ति तथा पुनर्निर्माण मन्त्री रामचन्द्र पौडेलको संयोजकत्वमा ५ सदस्यीय समिति गठन ।

– नेपालीले विदेशमा लगानी गर्न पाउने कानून बनाउने सरकारी तयारी ।

– नेकपा (माओवादी) का अध्यक्ष, प्रचण्ड, वरिष्ठ नेता डा. बाबुराम भट्टराई तथा भौतिक योजना तथा निर्माणमन्त्री हिसिला यमीको आग्रहपछि मेलम्चीमा लगानी गर्न एसियाली बैंक पुनः सहमत ।

– रौतहटमा ३ सयलाई झाडा-पखाला, २ को मृत्यु, कालिकोटमा मृत्यु हुनेको संख्या ३० पुग्यो ।

**असार ९–** नेपाल टेलिकमले सवा २ अर्बको सेयर बिक्री गर्ने, कर्मचारीलाई पाँच तथा सर्वसाधारणलाई १० प्रतिशत शेयर वितरण गरिने ।

– जंगली च्याउ खाएपछि हेटौंडामा एकै परिवारका ३ सहित ४ को मृत्यु ।

**असार १०–** वाईसीएलको क्रियाकलापको प्रतिवाद गर्न नेपाली कांग्रेसले शान्ति सेनाको गठन गर्ने केन्द्रीय सदस्य खुमबहादुर खड्काको भनाइ ।

– महिला बालबालिका तथा समाजकल्याण राज्यमन्त्री खड्गबहादुर विश्वकर्माद्वारा एक वर्ष नपुग्दै केन्द्रीय बालकल्याण समिति विघटन, बालबालिकाको क्षेत्रलाई राजनीतीकरण गरिएकोमा सरोकारवालाहरूद्वारा चिन्ता व्यक्त ।

## सम्पादकीय

# संकेत सुखद छैन

बितेको एक दशकमा मुलुकमा देखा परेको राजनैतिक अस्थिरता र माओवादी जनयुद्धको सबैभन्दा बढी प्रभाव मुलुकको अर्थतन्त्रमा परेको रहेछ भन्ने कुराहरू अहिले एकपछि अर्को प्रतिवेदनले सार्वजनिक गरिरहेका छन्। कुनै पनि मुलुकको राजनैतिक सामाजिक विकासको मेरुदण्ड भनेकै सुदृढ आर्थिक स्थिति हो। जब कुनै मुलुकको आर्थिक संरचना एकपछि अर्को गर्दै भत्किन थाल्छ त्यसबेला त्यसको सबैभन्दा चर्को प्रभाव सामाजिक क्षेत्रले बेहोर्नुपर्ने हुन्छ। बितेको एक दशकमा यसरी नै हामीले बेहोरेको आर्थिक दूरावस्थालाई सुधार गरेर मुलुकको अर्थतन्त्रलाई राजमार्गमा दौडाउन अहिले सरकारले तीनवर्षे अन्तरिम योजना सार्वजनिक गरेको छ। राष्ट्रिय योजना आयोगले तयार पारेको सरकारको उक्त तीनवर्षे अन्तरिम योजनाले मुलुकको अर्थतन्त्रलाई तत्काल गतिशील बनाउन कृषि, पर्यटन तथा उद्योग क्षेत्रलाई आवश्यक पूर्वाधारहरूमा लगानी गर्ने विषयलाई प्राथमिकता दिएको छ।

उक्त अन्तरिम योजनाले मुलुकको वास्तविक स्थितिलाई आत्मसात् गरे पनि मुलुकमा जारी राजनैतिक गतिरोध र विभिन्न जातीय तथा क्षेत्रीय राजनैतिक संघर्षका कारण ती योजनाहरू कार्यान्वयनमा आउन सक्छन् भन्ने कुरामा सन्देह गर्न सकिने थुप्रै ठाउँ छ। राजनैतिक विश्लेषकहरूले सबै किसिमका बाधा-अवरोधहरू पन्छिदै गए भने मुलुकमा राजनैतिक स्थिरता कायम हुन अझै ३ देखि ५ वर्ष लाग्न सक्ने कुरा बताइरहेका बेला सरकारले जारी गरेको ३ वर्षे अन्तरिम योजना सफल हुन सक्छ भन्ने कुरामा थोरै नेपाली मात्र विश्वास गर्न तयार छन्। यस्तो स्थितिमा सरकारले आफ्नो अन्तरिम योजनालाई सफलताका साथ कार्यान्वयन गर्न फलामकै चिउरा चपाउनुपर्नेछ।

आफ्नो अन्तरिम योजनामा सरकारले द्वन्द्वले ध्वस्त पारेका संरचनाहरूको पुनःस्थापना तथा पुनःनिर्माणमा जोड दिंदै मुलुकको आर्थिक वृद्धिदरलाई ५ दशमलव ५ प्रतिशतसम्म पुऱ्याउने लक्ष्य राखेको छ। यस्तो आर्थिक वृद्धि प्राप्त गर्न सरकारले कृषिक्षेत्रमा ३ दशमलव ६ प्रतिशत तथा गैरकृषिक्षेत्रमा ६ दशमलव ५ प्रतिशतको वृद्धिदर हासिल गर्नुपर्नेछ, अधिकांश कृषियोग्य जमिन सिंचाइको सुविधाबाट वञ्चित रहेको र कृषिले उद्योगको दर्जा प्राप्त गरी नसकेको अवस्थामा आउने ३ वर्षभित्रमै कृषिक्षेत्रले यस्तो वृद्धिदर प्राप्त गर्न सक्छ भन्ने कुरामा अर्थशास्त्रीहरू सहमति जनाउन तयार छैनन्। त्यस्तै अवस्था उद्योग क्षेत्रमा पनि छ। भएका उद्योगहरू पलायन हुने अहिलेको क्रम नरोकिने हो भने उद्योगक्षेत्रमा लगानी ठप्प हुन सक्छ। के यस्तो स्थितिमा सरकारको अन्तरिम योजनाले आमजनताले महसुस गर्न सक्ने गरी परिवर्तन ल्याउन सक्छ? अहिले सबैजसो अर्थवेत्ताले उठाइरहेको प्रश्न नै यही हो।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### सुसंस्कृत वातावरण

कुनै रमणीयस्थल, विद्यालय-विश्वविद्यालय आदिमा आफन्तहरूसँग घुम्न जाँदा कुनै-कुनै बेला त मुखै छोपेर अर्कै बाटो हिंड्नुपर्ने स्थिति आइलाग्छ। यो समस्यामा म पनि परेको छु। कुनै एक शनिबार सपरिवार नगरकोट घुम्न गएको थिएँ, नगरकोट त पुगियो तर बस्ने ठाउँ भने पाइएन। जताततै जोडी बाँधेर बस्नेहरूले ठाउँ ओगटिसकेका थिए। परिवारसँग बसेर यताउति हेर्नै नसकिने गरी ती ठिटाठिटीहरू आफ्नै संसारमा रमिरहेका थिए।

पर्यटकीय स्थलहरूमा परिवार-सहित घुम्ने वातावरण हुनु अति आवश्यक छ। यसका लागि किशोर-किशोरीका जोडीले संयमताका साथ सार्वजनिक स्थानको सदुपयोग गर्नुपर्छ।

अन्धो प्रेममा फस्ने र प्रेममा बिछोड भएको भन्दै त्यसको तडप कम गर्ने निहुँमा कुलतमा फस्नेहरू पनि थुप्रै भेटिन्छन्। उमेर नै नपुगी अग्रज दाइ-दिदी तथा चलचित्रको नक्कल गर्ने चलन पनि दिनहुँ बढ्दो छ। मेरो घरनजिकैको एक १४ वर्षीय किशोर गर्लफ्रेन्डलाई भेट्न १० बजे पुग्नुपर्ने विद्यालयका लागि ममीलाई दङ्ग्याउँदै बिहान ८ बजे नै घरबाट निस्कन्छ।

आजकालका बैंसालुहरूको व्यवहारमा पनि छाडापन देखिन थालेको छ। उनीहरू आफूले चाहेजति गर्न पाउनुपर्ने बताउँछन्, तर के चाहेजति गर्न पाउनुपर्छ भन्दैमा समाजलाई नपच्ने व्यवहार गर्न मिल्छ? यहाँसम्म कि आफ्नो परिवारसँग घुम्न निस्कँदा साधारण मानिसहरूलाई हेर्नै लाज लाग्ने दृश्य जहाँ पायो त्यहीं देखिन्छ। के यस्ता काममा सभ्यता अपनाउनु पर्दैन? म ती भाइ-बहिनीहरूसँग प्रश्न गर्न चाहन्छु– त्यो रमणीय ठाउँ तिमीहरूको मात्रै हो? त्यस्ता ठाउँमा हामीले पनि सपरिवार घुम्न सक्ने वातावरण सिर्जना गरौं न।

**–भगवान राउत, ताथली, भक्तपुर**

### बाध्य नतुल्याइयोस्

विगत र वर्तमानको तीतो अनुभव साक्षी छ, नेतालाई राष्ट्रपति बनाउन मात्र गणतन्त्र नल्याइयोस्। नेताकै कारण हिजो प्रजातन्त्र, आज लोकतन्त्र जनताबीच पहिले मृगतृष्णा र पछि वितृष्णामा परिणत भएझैं भोलि पनि यिनै नेताका कारण गणतन्त्र असफल भए मुलुक इराक, अफगानिस्तान, कम्बोडिया, इथियोपिया, रुवान्डा, बोस्निया हर्जगोविना, लेवनानजस्तो मानव विनाशको केन्द्र बन्न सक्छ। गणतन्त्रले नै सद्दाम, हिटलर, पोलपोट, इदि अमिन, सुहार्तो, मार्कोस जन्माएको हामीले देखेका छौं। त्यस्तो अवस्था आए देश जसरी हिजो पञ्चायत र प्रजातन्त्रको नाममा, आज लोकतन्त्रको नाममा जस्तै भोलि गणतन्त्रको नाममा ध्वस्त हुनेछ। यदि जनतालाई उपहास गरी, राज्यमा सहभागी नबनाई नेताहरूबीच नै आपसी भागबन्डा गर्ने हो भने जनता गणतन्त्रको विपक्षमा उभिन बाध्य हुनेछन्।

**sanjeevsatyal@hotmail.com**
**(पुरस्कृत पत्र)**

### विकल्प दिएनन्

माओवादीले १२/१२ वर्ष जंगल-जंगल भड्की लडेको गणतन्त्रका लागि हो, राष्ट्रपतिको पद प्राप्त गर्न होइन। त्यो ठाउँमा जनतालाई पुऱ्याउन हो। जनता भनेका गिरिजा, प्रचण्ड, देउवा, माधव नेपालजस्ता नेता तथा उहाँहरूका पार्टीका कार्यकर्ता होइनन्। जनता ती हुन् जो कुनै पार्टीसँग सरोकार नराखी निरपेक्ष रहन्छन्। नेता शासक हुन्, जनता शासक हुँदै होइनन्।

आजसम्म गणतन्त्र चाहनेहरूले सपना मात्र देखे, देखाए। त्यसका लागि जोर जबर्जस्ती मात्र गरे तर त्यसको मूल कार्यगत पूर्वाधार कुनै पनि पार्टीले तयार गरेनन्। गणतन्त्र राजतन्त्रको सैद्धान्तिक विकल्प भए राष्ट्रपति राजाको व्यावहारिक विकल्प हो– सो प्रस्तुत हुनुपर्थ्यो। खोइ समाजलाई राजाको विकल्प दिएको? खोइ अन्य संरचनागत विकल्प प्रस्तुत गरेको? कहीं यो राजाकै पक्षमा मञ्चित नाटक त होइन?

**सञ्जीव**

### कागज पुनः प्रशोधन

नेपालमा विभिन्न परीक्षा बोर्डहरूले सञ्चालन गर्ने परीक्षामा वार्षिक अरबौं रुपैयाँ बराबरको कागजपत्र प्रयोग हुन्छ। परीक्षा सकेपछि ती कागजपत्र जलाएर नष्ट गर्ने काम हुन्छ। यसरी पुनः प्रयोग गर्न सकिने वस्तुलाई वायुमण्डल प्रदूषण गर्ने तत्वका रूपमा दुरुपयोग गरिएको छ। पुनः प्रशोधित कागजबाट विभिन्न हस्तकलाका सामग्रीका साथै लेख्ने कागज पनि बनाउन सकिन्छ। पुनः प्रशोधित कागजबाट केही हदसम्म वातावरण प्रदूषण न्यून गर्न सकिन्छ। हामीलाई थाहा भएकै कुरा हो, वार्षिक करोडौं रुपैयाँको कागज विदेशबाट आयात गर्नुपर्छ। यदि पुनः प्रशोधन गरेर प्रयोग गरे बिदेसिने रकम पनि कम गर्न सकिन्छ।

अधिकतम कागज प्रयोग गर्ने निकायहरूमध्ये एसएलसी बोर्ड, प्लस टु बोर्ड, विश्वविद्यालयका परीक्षा समितिहरू, सरकारी कार्यालयहरू, कूटनैतिक नियोग, विद्यालय एवं छापाखानाहरू हुन्। यस्ता धेरैजसो संस्थामा पुराना कागज तह लगाउन आगो लगाएर नष्ट गर्न, कम्तीमा पनि दुई-तीन जना कर्मचारी खटाइएको हुन्छ। यदि यिनीहरूलाई कागज प्रशोधन तालिम दिई आफ्नै कार्यालय हातामा पुनः कागज प्रशोधन गर्ने उद्योग सञ्चालन गरे निकै लाभदायी हुनसक्छ।

वातावरणीय सन्तुलन कायम राख्न, आफूलाई चाहिने कागज आफैले उत्पादन गर्न, कागजमा हुने खर्च कटौती गर्न एवं अरू धेरै फाइदाहरू लिन सम्बन्धित सबैले कागज पुनः प्रशोधनलाई प्रवर्द्धन गरे नेपालको अर्थतन्त्रमा समेत टेवा पुग्छ।

**– रविना राचलिका, भक्तपुर**

## तीतो सत्य

-आस्था र विश्वास सफलताको बाटो हो।
-धेरै नबोल्नेले झूटो पनि बोल्दैन।
-सत्य एक दिन प्रस्फुटित भएरै छाड्छ।

**एम.सी. बाङ्गदेल**

-खेल हार्ने खेलाडीले तत्काल मैदान छोड्नु परे पनि विजेताको त्यो जित सधैंका लागि रहँदैन। उसले पनि कुनै दिन हारको स्वाद चाख्दै मैदान छोड्नुपर्ने बाध्यता हुन्छ।
-सत्यलाई लुकाएर सती सावित्री बन्न खोज्नुभन्दा सत्यसँग संघर्ष गरेर बाँच्नु नै बहादुरी हो।
-झूटो कलंकबाट हरेस खाएर पन्छिन खोज्नुभन्दा यथार्थसँग सम्झौता गर्नु उचित हुन्छ।

**जोन किशोर खड्का**

-परिवर्तन रहरले होइन, बाध्यताले हुन्छ।
-दिएर बिर्स, लिएर नबिर्स।
-वास्तविकता लुकाउनेले आफ्नो परिचय भुल्छ।
-आँसु रोपेर हाँसो उमार्न सिक।

**– रुद्रजंग बुढाथोकी**

-सम्बन्धको घनिष्ठतालाई अझ नजिक्याउन खोज्नु दुःख निम्त्याउनु हो।
-आफ्ना लागि होइन अरूका लागि बाँच्नुपर्छ भन्ने धारणा अहिलेको समाजका स्वार्थीहरूले ग्रहण गर्न सक्दैनन्।
-टल्कने वस्तुको पछाडि नलाग सबै टल्कने वस्तु हीरा हुँदैनन्।

**नवीन्द्र भण्डारी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## मुखाले

दुई वर्षपछि म नेपालको राष्ट्रपति हुँदैछु।

**प्रचण्ड, अध्यक्ष, नेकपा, (माओवादी)**

आठ दल तानाशाही हुन्, यदि लोकतन्त्र छ भने त्यो पनि उनीहरूकै लागि छ।

**सूर्यबहादुर थापा**
**अध्यक्ष, राष्ट्रिय जनशक्ति पार्टी**

मंसिरमा निर्वाचन नभए प्रधानन्त्रीलाई बर्खास्त गर्नुपर्छ।

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

नेपालको आर्थिक एवं सामाजिक उन्नतिका लागि प्रचण्डपथ अपरिहार्य छ।

**हिसिला यमी**
**मन्त्री, भौतिक योजना तथा निर्माण**

नेकपा (एमाले) मूलतः मधेसविरोधी पार्टी हो। त्यसैले ऊबाट मधेसका समस्या सामाधान हुनसक्छ भन्ने म मान्दिनँ।

**जयप्रकाशप्रसाद गुप्ता**
**सांसद, नेपाली कांग्रेस**

हामी मधेसी हौं तर पनि मधेसबाट पहाडिया खेद्नु मधेसका लागि दुर्भाग्य हुन्छ।

**रामकुमारी यादव**
**मधेसी नेतृ, नेकपा (माओवादी)**

सफल हुनै लागेको क्रान्तिलाई प्रचण्डले सम्झौतामा टुङ्ग्याए। अनि पो मलाई प्रचण्ड काँतर रहेछन् भन्ने थाहा भयो।

**रामराजाप्रसाद सिंह**
**अध्यक्ष, नवजनवादी मोर्चा**

संविधानसभाअघि नै नेकपा (एमाले) तथा नेकपा (माओवादी) बीच एकीकरण हुनुपर्छ।

**बामदेव गौतम, नेता, नेकपा (एमाले)**

यदि संविधानसभाको चुनाव भएन भने माओवादीकै कारणले हुँदैन।

**शेरबहादुर देउवा, प्रजातान्त्रिक कांग्रेस**

## नीति-नियम

सुन्दर विद्या हासिल गरेर होस् वा सुन्दर सेवा गरेर, वीरता देखाएर होस्, खेतीको काम गरेर होस्, ब्याजमा रूपैयाँ लगाएर होस् वा व्यापार-पसलको काम गरेर होस्, कला संगीतबाट होस्, दान लिएर होस् वा त्यसभन्दा बढी अरू पनि जेबाट पनि होस्, अरू कसैको लिएर नै किन नहोस् मानिस धनवान् बन्न खोज्छ र धनवान् बन्नकै लागि काम गर्छ। किनकि धनी व्यक्तिकै ढोकामा ज्ञानवान् गुणी व्यक्तिहरू समेत नोकर समान त्यत्तिकै डुलिरहेका हुन्छन्।

धनवान् व्यक्तिहरूको दोष पनि गुणासमान हुन्छ अनि गरिब व्यक्तिहरूको गुण पनि दोषतुल्य मानिन्छ। त्यसैले गरिब मानिसलाई सबैले निन्दा गर्छन्। धनको फेरमा बाँधिएका कतिपय मानिस चिन्ता गर्दागर्दै पागल हुन्छन् भने कति शत्रुको अधीनमा बस्न बाध्य हुन्छन्। कति त शत्रुको घरमा नोकरी गर्न बाध्य हुन्छन्। व्यवसाय गर्ने व्यक्तिले व्यापारका लागि बिना लिखित कुनै लेनदेन गर्नुहुँदैन। त्यसैले बुद्धिमान् मानिसहरू कारोबार गर्दा स्मरणका लागि लिखित कागजमार्फत् नै व्यवहार गर्छन्।

-शुक्रनीति
अनुवाद : रामहरि बन्जारा



## सहर चर्चा

### अमेरिकामा कुमारी

नेपालकी जीवित देवी कुमारी हालै अमेरिका पुगिन्। दस वर्षीया कुमारी सजनी शाक्य पहिलो कुमारी हुन् जसले विश्वकै शक्तिशाली मुलुक अमेरिकाको भ्रमण गरिन्। उनको यो भ्रमण कुनै उद्देश्यका लागि भए पनि उनी एक जना दोभाषेसँग विश्वका प्रथम पुरुष अमेरिकी राष्ट्रपति बस्ने ह्वाइट हाउसको भ्रमणमा गइन्। घुम्ने क्रममै उनी वासिङ्टन डिसीस्थित चिडियाखाना पुगिन्, अनि डरलाग्दो रोलर कोस्टर पनि चढिन्। अमेरिकाबाट प्रकाशित हुने न्युयोर्क टाइम्सकी नीला बनर्जीले जीवित देवीको अमेरिका भ्रमणका बारेमा एउटा लेख नै तयार पारेकी छिन्। कुमारीको भ्रमणको मूल उद्देश्य काठमाडौं उपत्यकाका जीवित देवीहरूका बारेमा बनाइएको बेलायती वृत्तचित्रको प्रबर्द्धन गर्नु हो। उनी वासिङ्टन डिसीभन्दा छ माइल उत्तरतर्फ रहेको लाफायते इलिमेन्टरी स्कुल पुगेर त्यहाँका बालबालिकाहरूसँग रमाइन्। 'कुमारी गेटअप'का कारण अमेरिकामा सबैले उनलाई सम्मान एवं पूजा गरे। काठमाडौंका अन्तिम मल्लराज जयप्रकाश मल्ललाई तलेजु भवानीले सपनामा दर्शन दिएपछि उनले रजस्वला नभएकी बालिकालाई कुमारीका रूपमा पूजाआजा गर्ने चलन बसालेका हुन्।

बेलायती निर्माता इशावेल ह्विटाकरले सन् २००५/०६मा 'लिभिङ गड्स' शीर्षकमा उक्त वृत्तचित्र निर्माण गरेकी हुन्। वृत्तचित्र हेरेपछि जिवित देवीका बारेमा जान्न अमेरिकी बालबालिकाहरू निकै उत्सुक भएको लेखिका बनर्जीले आफ्नो लेखमा उल्लेख गरेकी छिन्। उक्त लेख पढ्न http://www.nytimes.com/2007/06/14/us/14goddess.html लग अन गर्न सकिन्छ।



### साइबर गर्ल सवी

सवि कार्की धरानको चलचित्र क्षेत्रमा परिचित नाम हो। लेखान्त, मझेरी, तृष्णा, प्रेमपथजस्ता थुप्रै भिडियो चलचित्रमा अभिनय गरिसकेकी सविले लेखु विवशको 'कुन सहरमा .......' प्रकाश पौडेलको 'ए सुन्दरी .....' लगायत एक दर्जन म्युजिक भिडियोमा अभिनय गरिसकेकी छिन्। जस्तो पनि अभिनय गर्न सक्छु भन्ने सवि राम्रो नृत्य पनि गर्छिन्। ३३X२३X३१ शरीरिक बनावटकी सवीका आकर्षक तस्बिर Clickdharan.com मा उपलब्ध छन्।

**प्रस्तुति : गोपाल दाहाल**

## हट हेडलाइन

### नारायणहिटीमा माओवादीलाई निम्तो

दरबारले माओवादीसँगको आफ्नो सम्बन्धलाई थाँती राखेर माओवादी मन्त्रीहरूलाई राजाको जन्मदिनको अवसर पारेर दरबारमा भोज खान निम्तो दिएको समाचार साप्ताहिक 'जनआस्था' ले प्रकाशित गरेको छ। समाचारअनुसार हिजो असार १४ गते आफ्नो ६० औं जन्मोत्सवलाई शुभ हिरक जन्मोत्सवका रूपमा मनाएका राजाले आगामी असार २२ गते नारायणहिटी राजदरबारको कास्की बैठकमा आयोजना गर्ने विशेष समारोहमा माओवादी मन्त्रीहरूलाई समेत कालो कोटसहितको औपचारिक पोसाकमा आमन्त्रण गरेका हुन्। समाचारमा उल्लेख भएअनुसार दरबारका तर्फबाट यो निम्तो माओवादी नेताहरूलाई पहिलो औपचारिक निम्तो हो, तर राजाको उक्त निम्तोलाई माओवादी नेताहरूले अस्वीकार गरिसकेका छन्।

### राजकुमारीद्वारा आत्महत्या प्रयास

अन्तरिम संविधानले राजतन्त्रलाई निलम्बनमा राखेपछि राजपरिवारमा अनेक किसिमका आन्तरिक कलहहरू देखिन थालेको समाचार प्रकाशित गर्दै साप्ताहिक 'घटना र विचार' ले पूर्वअधिराजकुमार स्वर्गीय धीरेन्द्र शाहकी छोरी शाहज्यादी दिलासाले आत्महत्याको प्रयास गरेको समाचार प्रकाशित गरेको छ। समाचारअनुसार आफ्ना पति आदर्शविक्रम राणासँग अमेरिकामा केही समय बिताएर आएकी शाहज्यादी दिलासाको अमेरिका बसाइकै क्रममा पतिसँग झगडा भएपछि विषपान गरेर आत्महत्या गर्ने प्रयास गरेको बताइन्छ। आदर्श र दिलासाको घर झगडा पटक-पटक सार्वजनिक हुँदै आएको थियो।

### हेलेनले पाइन हिसिलाको साथ

दरबारमार्गको सौन्दर्य तथा प्रचलित कानुन मिचिने गरी राजाकी काकी तथा स्व. अधिराजकुमार वसुन्धराविक्रम शाहकी पत्नी हेलेन शाहले अन्नपूर्ण होटलको कम्प्लेक्समा बनाउन लागेको एउटा नयाँ महललाई निर्माणमन्त्री हिसिला यमीले पनि साथ दिइरहेको समाचार 'साप्ताहिक नेपालीपत्र' ले प्रकाशित गरेको छ। समाचारअनुसार अन्नपूर्ण होटल कम्प्लेक्समा उक्त नयाँ महल बनाउन हेलेन शाहले लगभग ५ फिट बाटो मिचेको बताइन्छ। बटुवाहरूले समेत स्पष्ट अनुभव गर्न सक्ने गरी बाटो मिचिएको देख्दा-देख्दै पनि सम्बन्धित मन्त्रालयले कारबाही अघि नबढाएकोमा अहिले उक्त महल निर्माणमा मन्त्री हिसिला यमीको मौन स्वीकृति रहेको सहजै अनुमान गर्न सकिन्छ– समाचारमा भनिएको छ।

### पशुपति रिसाए के हुन्छ कामरेड ?

देशमा अनिष्ट, महामारी तथा भूकम्पजस्ता दैवी विपत्तिका बारेमा विभिन्न होहल्ला भैरहेका बेला समाजले मुलुकको संरक्षक मानेको पशुपतिनाथको विशेष पूजा बन्द भएको समाचार 'साप्ताहिक नेपालीपत्र' ले प्रकाशित गरेको छ। समाचारअनुसार परापूर्वक कालदेखि नियमित रूपमा हुँदै आएको पशुपतिनाथको विशेष पूजा अहिले पशुपति क्षेत्र विकास कोष तथा पशुपतिनाथका मूल पूजारीहरूबीच विवाद उत्पन्न भएपछि बन्द भएको हो। समाचारअनुसार पशुपतिनाथमा चढाइएको भेटी-प्रसादसम्बन्धी विवादका कारण यो अवस्था उत्पन्न भएको हो। नेकपा एमालेको भागमा परेको संस्कृति मन्त्रालयको मातहतमा रहेको पशुपतिनाथ मन्दिरको व्यवस्थापन झन्झन् खस्कँदै गएकाले कुनै पनि बेला पशुपतिनाथ रिसाउन सक्ने कुरा समाचारमा उल्लेख छ।

### मन्त्रीहरू मच्चिए, थच्चिए

सरकारमा सामेल माओवादी मन्त्रीहरूको विफलताका बारेमा 'साप्ताहिक विमर्श' ले समाचार प्रकाशित गरेको छ। समाचारअनुसार सरकारमा सामेल हुँदा के-के न गर्छौं भन्दै मच्चिएका माओवादी मन्त्रीहरू अहिले थच्चिएका छन्। कुर्सीमा पुग्नासाथ आमूल परिवर्तनको नारा दिने माओवादी मन्त्रीहरू अहिले केही गर्न नसकिने बताउँदै कुना पसेका छन्। समाचारमा निर्माण तथा भौतिक योजनामन्त्री हिसिला यमीसँग गाँसिएको मेलम्ची खानेपानी प्रकरण, वन तथा भू-संरक्षण मन्त्री मातृका यादवसँग गाँसिएका रक्तचन्दन तस्करी प्रकरण, सञ्चारमन्त्री कृष्णबहादुर महरासँग गाँसिएको पत्रिका प्रकाशन बन्द प्रकरणहरूलाई विस्तृत विवरणसहित उल्लेख गरिएको छ। समाचारमा यी मन्त्रीहरू थच्चिएपछि स्थानीय विकासमन्त्री देव गुरुङ मच्चिन थालेको उल्लेख छ। मन्त्री गुरुङले स्थानीय निकायलाई माओवादी भर्तीकेन्द्रमा परिणत गर्ने योजना अघि सारेका छन्। भोलिका दिनमा मन्त्री गुरुङको योजना पनि असफल भयो भने कतै उनी पनि थच्चिने त होइनन् ? समाचारमा प्रश्न गरिएको छ।

### गोरखापत्रमा मण्डलेकरण

गोरखापत्र संस्थानलाई माओवादीहरूले मण्डलेकरण गरेको समाचार 'देशान्तर' साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार राजाका प्रमुख सचिव पशुपतिभक्त महर्जन निकट शाही सरकारका सूचना तथा सञ्चार राज्यमन्त्री श्रीषशमशेर जबराले आफ्नो कार्यकालमा महत्त्वपूर्ण जिम्मेवारी दिएका व्यक्तिहरूलाई नै अहिले माओवादीले महत्त्वपूर्ण जिम्मेवारी दिएको छ। यस्तो जिम्मेवारी दिनुका पछाडि रकमको बोलकबोल नै कारण रहेको बताइएको छ। समाचारमा राजाको भजन लेख्ने भरत प्रसाईंलाई डीजीएम, श्रीषशमशेरका निकटस्थ सकुन शर्मालाई प्रशासन विभाग निर्देशक, कुमारी शर्मालाई प्रशासन प्रमुख, दरबारीया नरेन्द्र शर्माका भान्जा टीपी शर्मालाई खरिद विभाग प्रमुख, राजा ज्ञानेन्द्रको भक्तिगाथा लेख्ने भीम खरेललाई सामान्य प्रशासन प्रमुख तथा पशुपतिभक्त महर्जनको घरमा काम गर्ने ध्रुव राईलाई भण्डार विभागको प्रमुख नियुक्त गरिएको कुरा उल्लेख छ।

## मेरो विचार

### नेपालको सन्दर्भमा संविधानसभा

अहिले नेपालको प्रमुख एजेन्डा भनेको सशस्त्र विद्रोहसँग जोडिएका प्रश्नहरूलाई वार्ताका माध्यमबाट संबोधन गर्दै विद्रोही पक्षहरू समेतको सहमति र सहभागितामा संविधानसभाको निर्वाचन शान्तिपूर्ण एवं निष्पक्ष रूपमा सम्पन्न गर्नु हो। जातीय स्वशासन, विकेन्द्रीकरण, समानुपातिक प्रतिनिधित्व, क्षेत्रीय स्वशासन तथा संघीय संरचनालाई बहसको केन्द्रविन्दु बनाइएको अवस्थामा निर्धारित समयमा संविधानसभाको निर्वाचन हुन नसके देश विद्रोह एवं विखण्डनतर्फ जान सक्ने भय पनि छ।

नेपालमा अभ्यास गरिएको बढी मत ल्याउनेले जित्ने निर्वाचन प्रणालीले सबै पक्षलाई समावेश गर्न सकेको अनुभव गर्न सकिएको छैन। त्यसैले समानुपातिक प्रतिनिधित्वका लागि जुनसुकै विकल्प रोजिए पनि सबै भाषा-भाषी, क्षेत्र, समुदाय र लिङ्गको समानुपातिक प्रतिनिधत्व सुनिश्चित गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय दस्तावेज (संविधान) तयार गर्दा बहुमतको निर्णयले मात्र गरिनु हुँदैन। कुनै पनि राष्ट्रिय मुद्दालाई आवश्यक परे जनमत संग्रहमा लान पनि तयार हुनुपर्छ।

योभन्दा पनि महत्त्वपूर्ण प्रश्न विद्यमान राष्ट्रिय बहसमा ठोस निर्णय दिएर नयाँ संविधानमा उल्लेख गर्नु हो। गणतन्त्रको एजेन्डाले जनसाधारण विशेष गरी युवाहरूको बीचमा लोकप्रियता प्राप्त गरिरहेको अवस्थामा राज्य गणतन्त्रतर्फ जाने वा नजाने, चाँडै निर्णय गरिनुपर्छ। मुलुक संघीय व्यवस्थामा जाने वा नजाने शीघ्र निर्णय हुनुपर्छ।

**–रोशन अधिकारी, हेटौंडा**
**(पुरस्कृत)**

### सही सूचना हुनुपर्छ

नेपाली जनतालाई संविधानसभाका बारेमा पर्याप्त जानकारी छैन। शान्ति सुरक्षाको स्थिति खस्कँदै गएको छ। विभिन्न जिल्लामा निर्धक्क मतदान गर्न सक्ने अवस्था छैन। प्रतिगामी तथा मण्डले तत्त्वहरूले टाउको उठाउन थालेका छन्। यिनै तत्त्वहरूले निर्वाचनमा अराजकता ल्याउन सक्छन्। यसप्रति सबै पक्ष सचेत हुनु आवश्यक छ। गाउँघरका जनता संविधानसभालाई कुर्सीमा पुग्ने नेताहरूको खेल मान्छन् भने सहरबजारकाहरू यसलाई 'राजनैतिक खेल' मानेर वास्ता गर्दैनन्। त्यसैले संविधानसभाका बारेमा भएका नकारात्मक कुरालाई चिर्दै जनतामा सही सूचना पुऱ्याउनुपर्छ। हाल केही र ाजनैतिक दलले उठाएको 'राजतन्त्रको अन्त्य गरेर गणतन्त्र घोषणा' गरे संविधासभाको चुनाव पछाडि गरे पनि हुन्छ' नाराले यसलाई छायाँमा पारेको छ तर संविधानसभाको निर्वाचनको मुख्य काम गणतन्त्र घोषणा मात्र नभई नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउने संविधान निर्माण गर्नु पनि हो।

ऐतिहासिक जनआन्दोलन-२ को मर्मअनुसार सम्पूर्ण जात-जाति, क्षेत्र तथा समुदायको समानुपातिक प्रतिनिधित्व आवश्यक छ अनि मात्र संविधानसभा उत्कृष्ट हुन्छ र परिणाम पनि राम्रो निस्कन्छ। देशमा दिगो शान्तिको आधार तथा आठ दललाई एकताको सूत्रमा बाँध्ने शान्ति सम्झौताको मूल मर्म पनि यही संविधानसभा हो। छिटोभन्दा छिटो संविधानसभाको निर्वाचन गराई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी देशलाई अग्रगमनतर्फ डोऱ्याउन ढिलाइ गर्नु हुँदैन

**–यादव हुमागाईं**
**डराउनेपोखरी–८ काभ्रे**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रकाशित उत्कृष्ट सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधान सभा जिज्ञासा



**पूर्णमान शाक्य**
**संवैधानिक कानुन विशेषज्ञ**

**प्रश्न : मिश्रित निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली भनेको के हो ? नेपालको परिप्रेक्ष्यमा कुनचाहिँ निर्वाचन प्रणाली उपयुक्त हुन्छ ?**

**–कैलाश पौडेल**
**क्रिमसन कलेज, काठमाडौं**

**उत्तर** : मिश्रित निर्वाचन प्रणाली भन्नाले क्षेत्रगत निर्वाचन र समानुपातिक निर्वाचन दुवै पद्धतिबाट जनप्रतिनिधि चयन गर्ने निर्वाचन प्रणाली हो। क्षेत्रगत निर्वाचनमा हरेक निर्वाचन क्षेत्रबाट मतदाताहरूले उम्मेदवारलाई मतदान गरेर छनौट गर्छन् भने समानुपातिक निर्वाचन प्रणाली जुन दलले जति प्रतिशत मत प्राप्त गर्छ त्यही अनुपातमा आफ्ना प्रतिनिधि पठाउने प्रणाली हो। समानुपातिक निर्वाचन प्रणालीभित्र क्षेत्रगत निर्वाचन पर्दैन तर मिश्रित निर्वाचन प्रणालीभित्र यी दुवै निर्वाचन प्रणाली पर्छन्। नेपालको परिप्रेक्ष्यमा समानुपातिक निर्वाचन प्रणाली नै दिगो शान्तिको आधार हुन सक्छ, किनभने समानुपातिक प्रणालीमा निर्वाचन गर्दा राजनैतिक दलहरूका हकमा मात्र नभै जातिगत प्रतिनिधित्वमा पनि समानुपातिक सिद्धान्त लागू गर्न सकियो भने त्यो स्वागतयोग्य हुनेछ।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दै साप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्ने व्यवस्था मिलाएको छ। पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ।**

अपराध

# बाल्यकालमै करणीको सिकार

पोखरा– 'घरमा दाइसँगै टेलिभिजन हेरेर बसिरहेकी थिएँ । घरनजिकैको सुरज आएर अर्को कोठामा लग्यो । अनि मेरो कट्टु खोलेर नराम्रो काम गर्न थाल्यो । मैले दुख्यो भन्दा उसले एकछिनपछि मज्जा हुन्छ भनेर गरिरहयो ।' पोखराको रामघाट बस्ने पाँच वर्षीया रीता (नाम परिवर्तन) ले सोही ठाउँकै १५ वर्षीय सुरज गुरुङ (विक) बाट भएको जबर्जस्ती करणीको घटना विवरण प्रहरीलाई सुनाइन् । रीताले आफ्ना अभिभावकलाई भनेपछि उक्त घटनाको पोल खुलेको हो ।

गोर्खाकी १० वर्षीया सीता (नाम परिवर्तन) पोखराकै नदीपुरको गंगा आचार्यको घरमा घरेलु कामदारका रूपमा काम गर्थिन् । सर्तअनुसार नजिकैको एक विद्यालयमा उनलाई भर्ना गरियो, तर गंगाका छोरा विष्णु र अर्का एक जना भाइ बेदहरीले उनीसँग विगत एक वर्षदेखि जर्बजस्ती यौनसम्पर्क राख्दै आएका थिए । दिनहुँजसो आफूमाथि यौनशोषण हुन थालेपछि, एक दिन ती बालिका घरै नगई विद्यालयमै सुतिन् । भोलिपल्ट एक शिक्षकले देखेपछि उनका बारेमा विद्यालयको बालक्लबलाई जानकारी गराइयो । त्यसपछि क्लबले टोली नामक गैरसरकारी संस्थालाई खबर गरेपछि, ती बालिकाको उद्धार गरियो । उनलाई हाल पोखराकै एक बालगृहमा राखिएको छ । उक्त घटनाका दोषीहरूले प्रहरीसमक्ष कसुर स्वीकार गरे भने चिकित्सकीय परीक्षणले पनि ती बालिकासँग करणी भएको देखायो ।

ती बालिकालाई करणी गर्ने विष्णु (२०) र बेदहरी (१९) को कसुर ठहरिएपछि जिल्ला अदालत कास्कीले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ । पाँच वर्षीया बालिका करणी गर्ने सुरज हाल जिल्ला प्रहरीको हिरासतमा छन् । बालिकाको चिकित्सकीय परीक्षणपछि, जबर्जस्ती करणी भएको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय कास्कीका अनुसन्धान अधिकृत कृष्ण पंगेनीले बताए । चैत



### रक्षक कि भक्षक

सामान्यतः प्रहरी वा सुरक्षाकर्मीलाई हाम्रो समाजमा रक्षक मानिन्छ । समाजको यो विश्वासलाई कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा कार्यरत तीन प्रहरी जवानले गलत प्रमाणित गरेका छन् । प्राप्त समाचारअनुसार सदरमुकाम महेन्द्रनगरस्थित जिल्ला प्रहरी कार्यालयमा कार्यरत आफ्ना काकालाई भेट्न आएकी१४ वर्षीया बालिकालाई उनकै काकासँग कार्यरत प्रहरी जवानहरू नरेश शाही, जनक महतरा तथा हरेन्द्र चन्दले काकासँग भेट गराइदिने वाचा गरेर महतराको कोठामा लगी सामूहिक बलात्कार गरेका थिए ।

### आँप दिने लोभ देखाएर

यौन पिपासुहरूको राक्षसी प्रवृत्ति कुन बेला कुन रंगमा देखापर्छ यसै भन्न सकिदैन । एउटा यस्तै यौन पिपासुको शिकार भक्तपुर जिल्लाको कमलविनायक बस्ने एक ८ वर्षीया बालिका भएकी छिन् । प्राप्त समाचारअनुसार कमलविनायकमै डेरा गरी बस्ने मोतिहारी भारतका साइकलमा आँप व्यापार गर्ने ३५ वर्षीय लालबाबुप्रसाद साहले ती बालिकालाई धेरै आँप दिने लोभ देखाएर आफ्नो कोठामा लगी बलात्कार गरेको आरोप छ ।

महिनामा मात्रै कास्की प्रहरी कार्यालयमा नाबालिका करणीसँग सम्बन्धित तीनवटा उजुरी परे । यो उजुरी तथ्यांकले पछिल्लो समयमा बलात्कारको सिकार नाबालिकाहरू भैरहेका छन् भन्ने पुष्टि गरेको छ र यसले प्रभावकारी कानुनको अभावमा बलात्कारीहरू अझ प्रोत्साहित भएको पुष्टि गरेको छ ।

बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था चिल्ड्रेन नेपालका कार्यक्रम संयोजक शिव शर्मा चापागाईंका अनुसार पीडकलाई प्रभावकारी कारबाहीको अभावमा नाबालकमाथि हुने बलात्कारका घटनामा वृद्धि भएको हो । बाल अधिकारकै क्षेत्रमा काम गर्ने संस्था सिबिन पोखराका सोनाम साङपो पनि चापागाईंको भनाइसँग सहमत छन् । साङपो भन्छन्– 'अघिल्लो वर्ष लेकसाइडमै नाबालिकालाई करणी गरिरहेको अवस्थामा विदेशीलाई समातेर प्रहरीलाई बुझायौं, तर १५ दिनपछि उसलाई प्रहरीले छाडिदिएको थाहा पाइयो ।"

मुलुकी ऐन जबर्जस्ती करणी महलको व्यवस्थाअनुसार १० वर्षभन्दा मुनिका नाबालिकालाई करणी गर्नेलाई १० देखि १५ वर्ष कैद तथा पीडकको आधा अंश दिलाउने कानुनी व्यवस्था छ ।

नाबालिकाहरूलाई ललाई-फकाई गर्न पनि सजिलो हुने र घटना लुकाउन पनि सकिने भएकाले यस्ता घटनामा वृद्धि भएको अनुमान गर्न सकिन्छ । यसमा अभिभावकको लापरवाही पनि जिम्मेवार छ । छोरी सानै छ भनेर घरमा एक्लै छोडेर बाहिर निस्कँदा पनि यस्ता घटना हुने गरेको पाइन्छ । मनोविज्ञानका वरिष्ठ चिकित्सक लुमेश्वर आचार्य भन्छन्– 'करणी गर्नेको मानसिक समस्या नै घटना बढ्नुका कारण हुन् । यसका बारेमा परामर्श बढाउनु नै त्यस्तो जघन्य अपराधका घटना घट्ने कारण बन्न सक्छन् ।'

त्यसो त नाबालिकलाई करणी गर्ने सबैको उमेर २० वर्षको हाराहारीमा छ । उनीहरू सबैले प्रहरीलाई दिएको बयानमा यौन उत्तेजनाले गर्दा करणी गरेको बताएका छन् । अश्लील चलचित्र तथा पत्रपत्रिका एवं पुस्तक हेर्ने र त्यसपछि यौनतृष्णा मेटाउन नाबालिकासँग करणी गर्ने प्रयास हुने प्रहरीले बताएको छ । बालबालिकालाई सामान्य कुरामा फकाउन सकिने भएकाले पनि त्यस्ता अपराधीहरूले प्रश्रय पाएको पनि स्वयं उनीहरूकै भनाइबाट पुष्टि हुन्छ ।

पछिल्लो क्रममा कास्कीको लेखनाथ नगरपालिकाको पुरानो कुनामा १७ वर्षीय कृष्णबहादुरबाट सात वर्षीय बालिका बलात्कृत भइन् । कृष्णले मिस्री दिएर फकाई ती बालिकालाई करणी गरेको बयान दिएका थिए ।

रीतालाई करणी गर्ने सुरजले एक रुपैयाँको चारवटा आउने मिठाई दिएर फकाई करणी गरेको प्रहरीलाई बताएका छन् । उनीहरूले नाबालिकको योनि वरिपरि घर्षण गर्ने गरेको र बीर्य स्खलन भएपछि छाड्ने गरेको बयान पनि प्रहरीसमक्ष दिएका छन् ।

घटना लुकाउँदा पनि घटना बढ्न सक्छन्, कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक पंकज श्रेष्ठ भन्छन्– 'दण्डहीनताभन्दा पनि घटना आएपछि, भेटिएका दोषीहरू छुटेका छैनन् ।' पछिल्लो क्रममा पक्राउ परेका चारै जनाको अनुसन्धानमा प्रहरीले कुनै लापरबाही नगरेको दाबी गर्दै एसपी श्रेष्ठले थपे– 'अपराधीलाई हदैसम्मको कारबाही गर्न प्रहरी सक्रिय छ ।'

–त्रिभुवन पौडेल

कान्तिपुर समाचार डायरी

## स्वतः बढुवा गरी तलब वृद्धि गर्न सिफारिस

उच्चस्तरीय तलब आयोगले विक्रम संवत् २०६१ को आधारमा दस वर्ष सेवा अवधि पुगेका निजामती कर्मचारीलाई स्वतः एक तह बढुवा गरी तलब वृद्धि गर्न सरकारलाई सिफारिस गरेको छ । उक्त आयोगको सिफारिस लागू भए १ हजार ४ सय ९९ जना बहिदार मुखिया पदमा, ५ हजार १ सय ७३ मुखिया खरिदार पदमा, १५ हजार १ सय ३९ जना खरिदार नायब सुब्बा पदमा, १० हजार २ सय १० नायब सुब्बा शाखा अधिकृत पदमा, ३ हजार ४ सय ९९ शाखा अधिकृत उपसचिवमा, ७ सय १५ उपसचिव सहसचिवमा तथा ६९ सहसचिव सचिव पदमा बढुवा हुनेछन् । तलब आयोगको सिफारिस कार्यान्वयन भए सबैभन्दा तल्लो पद पियनको तलब स्केल ५ हजार ५ सय ५० रुपैयाँ हुनेछ भने सबैभन्दा उच्च पद सचिवको तलब स्केल २७ हजार ७ सय ५० रुपैयाँ हुनेछ ।

## एक दशकभित्र सबैलाई स्वच्छ पानी

नेपाल सरकारले आगामी दस वर्षभित्र सबै नेपालीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने योजना तर्जुमा गरेको छ । 'स्वच्छ खानेपानी सबैको अधिकार- सर्वत्र सरसफाइ स्वस्थ्य जीवनको आधार' नारा सहित तर्जुमा गरिएको उक्त योजना सन् २०१७ सम्ममा पूरा हुनेछ । स्वच्छ पानी र पानीका स्रोत उपयोगबाट हुने प्रदूषणका कारण फैलने रोगबाट नेपाली जनतालाई मुक्त गर्न उक्त योजना तर्जुमा गरिएको हो ।

## लागूऔषधका एक लाख दुर्व्यसनी

नेपालमा १ लाखभन्दा बढी व्यक्तिहरू लागूऔषध दुर्व्यसनी छन् । लागूऔषध नियन्त्रण शाखाका अनुसार नेपालमा सुईद्वारा लागूऔषध प्रयोग गर्नेहरूको संख्या २८ देखि ३० हजार छ । राष्ट्रिय एचआइभी एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको तथ्यांकअनुसार नेपालमा असुरक्षित यौन सम्पर्कको तुलनामा सुईद्वारा लागूऔषध प्रयोग गर्नेमा एचआइभी संक्रमण बढी हुने देखिएको छ । यसरी लागूऔषध प्रयोग गर्नेहरूमध्ये अधिकांशको उमेर १५ देखि ३५ वर्ष छ ।

## नेपालमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था

अहिले नेपालमा १ सय ८५ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था कार्यरत छन् । ती संस्थाहरूमार्फत् विभिन्न कार्यक्रम सञ्चालनका लागि नेपालमा वर्षेनी १२ अर्ब रुपैयाँ भित्रिने गरेको छ । त्यस्ता संस्थाले न्यूनतम ५० हजार डलर बराबरको कार्यक्रम सञ्चालन गर्नुपर्छ । नेपालमा अमेरिका, इटाली र फ्रान्समा प्रधान कार्यालय रहेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संख्या बढी छ । अहिले नेपालमा २६ हजार ६ सय ७० गैरसरकारी संस्था छन् । तीमध्ये ८० प्रतिशत संस्था विकास निर्माण र जनचेतना अभिवृद्धि केन्द्रित कार्यक्रममा सक्रिय छन् ।

## सत्तरी हजारको रोजगारी गुम्ने

सडक खन्ने काममा रोगजारी पाएका ७० हजार मजदुरहरूको रोजगारी छ महिनापछि खोसिने भएको छ । सडक निर्माणमा नेपाललाई सहयोग गर्दै आएका दातृ संस्थाहरूले २५ जिल्लामा सञ्चालित ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता नदिने बताएपछि यस्तो स्थिति उत्पन्न भएको हो । यस्तो कार्यक्रमका लागि नेपाल सरकारलाई विश्व खाद्य कार्यक्रम, जर्मन प्राविधिक सहयोग र डिएफआइडीले सहयोग उपलब्ध गराउँदै आएका थिए । सन् २००७ डिसेम्बर ७ सम्म सम्झौता अवधि रहेको उक्त कार्यक्रमले विस्तार पाउने विषयमा अहिलेसम्म कुनै कदम चालिएको छैन ।

हाम्रो नेपालमा

## अन्यायमा परेपछि



आफ्नो प्रेमीले अन्याय गरेपछि एक प्रेमिका न्यायका लागि प्रहरी समक्ष पुगेकी छिन् । प्राप्त समाचारअनुसार उदयपुर जिल्लाको बेल्टार गाविसका २८ वर्षीय प्रेम विक र १९ वर्षीया सरिता परियारबीच लामो समयदेखि प्रेम सम्बन्ध चल्दै आएको थियो । उनीहरूबीचको यौन सम्पर्कबाट परियारले गर्भधारण गरेपछि विककै अनुरोधमा परियारले गर्भपतन समेत गराएकी थिइन् । गर्भपतन गराएपछि परियारले विकलाई विवाहका लागि दबाव दिँदै आएकी थिइन्, तर सोही गाउँकी अर्की युवतीसँग विवाह गरेर विक गाउँबाट फरार भएपछि परियारले न्यायका लागि प्रहरी समक्ष उजुरी दिएकी हुन् ।

## सुब्बाको चमत्कार

जिल्ला भू-संरक्षण कार्यालय दाङका नायबसुब्बा नारायणप्रसादले आफ्नै घरमा कमलरी बसेकी १५ वर्षीया थारु बालिकालाई गर्भवती बनाएपछि चर्चामा आएका हुन् । प्राप्त समाचारअनुसार ती सुब्बाले अघिल्लो वर्षको माघ महिनादेखि ती बालिकासँग विभिन्न प्रलोभन देखाई श्रीमती घरमा नभएको अवसर पारी अवैध यौनसम्पर्क राख्दै आएका थिए । अहिले स्थानीय मानव-अधिकारकर्मीहरू पीडित बालिकाले न्याय पाउनुपर्छ भनेर आवाज उठाइरहेका भए पनि बाठा सुब्बाले ती बालिकाको बिहे गरेर पठाइदिएका कारण बालिकाले न्याय पाउने कुरा कमजोर हुँदै गएको बताइन्छ ।

## श्रीमतीका लागि

मानिसहरू आफ्ना माग पूरा गराउन धर्ना बस्ने चलन पुरानै हो । घरमा केटाकेटीले समेत भनेजस्तो खाजा र खानाका लागि आमाबाबुलाई धम्क्याउँछन् । अझ आफ्ना माग पूरा गराउन प्रतिपक्षमा रहेका राजनैतिक दलहरूले सत्तापक्षको विरोधमा धर्ना बस्ने चलन त संसारभरि नै छ । तर के कसैले श्रीमती त्यो पनि कान्छी पाउनका लागि कतै धर्ना बसेको सुन्नुभएको छ ? समाचारअनुसार बागमती अञ्चल प्रहरी कार्यालयमा कार्यरत प्रहरी सहायक निरीक्षक (सई) कल्याण कार्कीले आफ्नी कान्छी श्रीमती भगाएर लगेको अभियोग लगाउँदै स्थानीय रामशरण गिरी अहिले महानगरीय प्रहरी परिसर ललितपुरमा धर्ना बसेका छन् । समाचारनुसार एक दिन गिरीले आफ्नी श्रीमती मथुरा गिरीलाई बन्द कोठामा सई कार्कीसँग आपत्तिजनक मुद्रामा समातेपछि आवश्यक कारबाहीका लागि स्थानीय प्रहरीमा निवेदन दिएका थिए, तर प्रहरीले कुनै कारबाही अगाडि बढाएन । अहिले तिनै श्रीमती तिनै सईसँग घरमा भएभरको श्रीसम्पत्ति लिएर फरार भएपछि गिरी प्रहरी कार्यालयमै धर्ना बसेका हुन् ।

**अन्तमा...**

राजनैतिक आन्दोलनमा लाग्नेहरू यौनका मामिलामा कमजोर हुन्छन् भन्ने कुरा प्रमाणित गर्दै नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को एसीएम पदमा रहेका दार्चुला जिल्ला लटिनाथ गाविसका मणिराम टमटा आफ्ना पाँच बालबालिका र श्रीमतीलाई घरमा छाडेर छिमेकीकी श्रीमती लिएर मुग्लान पस्ने क्रममा महेन्द्रनगरमा पक्राउ परेका छन् ।

# सहरले नचिनेको हिरो



काठमाडौं– नेपाली सेनामा भर्ती खुलेको थाहा पाएपछि गाउँले युवाहरूको साथ लागेर उनी राजधानी हान्निएका थिए । पहिलो पटक काठमाडौं प्रवेश गर्दा उनको मथिङ्गलले यसअघि कहिल्यै नदेखेका थुप्रै नयाँ कुरा अनुभूति गर्ने मौका पायो । 'बाक्ला घर, सडकमा गाडीका ताँती, आफूलाई व्यस्त देखाउँदै दौडिरहेका मानिसहरू,' उनले ती दिन सम्झँदै भने– 'सबै दृष्टिकोणले राजधानी नौलो लागेको थियो ।'

राजु परियार, अहिलेका सर्वाधिक सक्रिय एवं चर्चित लोकदोहोरी गायक । २०५६ साल जेठमा काठमाडौं आएका परियारको सेनामा भर्ती हुने चाहना पूरा भएन । परीक्षामा असफल भएपछि उनले फेरि अर्को वर्ष पनि एकपटक भिड्ने चाहना राखेर गाउँ फर्कने निर्णय गरेका थिए । लमजुङको गाउँसहर गाविसमा वि.सं. २०३७ सालमा जन्मिएका परियारको ठूलो इच्छा भनेकै सेनामा भर्ती हुनु थियो । त्यसमा पहिलो पटक असफल भएपछि उनी केही निराश पनि भए । 'असफल भएपछि के गर्ने भनेर सोचिरहेको थिएँ, त्यसैबेला सुन्धारामा पुकार दोहोरी साँझ सञ्चालन गर्दै आएका गाउँले दाइ मुक्ति गुरुङ भेटिए ।' परियारले भने- 'दाइले त्यही दिन आफ्नो दोहोरी रेस्टुराँमा आउने निम्तो दिए ।' अतिथिका रूपमा दोहोरीमा पुगेका परियारले त्यहाँको रमझमलाई गाउँघरको रोदीघरसँग तुलना गरे, फरक यति थियो– एकातर्फ सजिसजाउ घरभित्र माइक समाएर गायक-गायिकाहरू गीत गाइरहेका थिए भने अर्कातर्फ सफा लुगा लगाएर आएका श्रोता टेबलमा केही खाँदै त्यो रमझमको मज्जा लुटिरहेका थिए । रोदीघरका यी हिरोले आफ्नो गाउँले सीप देखाउने चाहना राखेर गाउँले दाइसँग गीत गाउने प्रस्ताव गरे । राजुको त्यो एउटा प्रस्तुति यति धेरै प्रभावशाली भयो कि त्यसले उनको काठमाडौंलाई बुझ्ने चाहना पूरा गरिदियो । लोकलयका जुनसुकै भाकालाई पनि टपक्क टिप्न सक्ने क्षमताका धनी परियारलाई भोलिपल्टै तिनै दाइले आफ्नो दोहोरी रेस्टुराँमा गीत गाउने जागिरका लागि आग्रह गरे । मासिक २ हजार ५ सय रुपैयाँ तलब पाउने भएपछि उनी घर फर्किएनन् । राजु भन्छन्- 'जागिर खान काठमाडौं आएको थिएँ, त्यसैले रित्तो हात फर्कनुभन्दा कमसेकम सानोतिनो भए पनि काम पाएपछि यतै बस्ने निर्णय गरे । पछि क्रमशः तलब वढाइयो ।' राजुले त्यहाँ ३ वर्ष काम गरें ।' त्यसपछि उनी २०५९ सालदेखि दोभान दोहोरी साँझ, ठमेलमा गीत गाउन थाले । त्यहाँ सुरुमा महिनाको ५ हजार रुपैयाँ दिइएको थियो भने पछि ७ हजार रुपैयाँसम्म पुग्यो ।

काठमाडौंमा प्रारम्भ भएको राजुको क्यारियरको त्यो पहिलो खुड्किलोले नै उनलाई सफलताको बाटोतर्फ अग्रसर गराइसकेको थियो । उनले पहिलो पटक २०५७ सालमा रीमा रेकर्डिङमा किसिमकोटमा चरी नाचेको.... एकल लोकगीत रेकर्डिङ गराएका थिए । जोबन बढेछ... शान्ता न्यौपानेको सहयोगमा पहिलो लोकदोहोरी गीतिसंग्रहमा समावेश उक्त गीतले राजुको गायनयात्रालाई औपचारिक रूपमा श्रोतामाझ पुऱ्यायो । उक्त गीतले मलाई अझ माथि उठायो, राजुले भने-'त्यसपछि आफ्नै गीतिसंग्रह निकाल्ने तयारीमा जुटें ।' राजुले सानुमैयाँ ताम्राकारको सहयोगमा श्रद्धा रेकर्डिङबाट 'फूलफूलमा डुल्यो भमरा...' पहिलो दोहोरी गीतिसंग्रह बजारमा ल्याए । उक्त संग्रह २० हजार प्रति बिक्री भएको थियो । वि.सं. २०५९ मा उनको दोस्रो गीतिसंग्रह 'दमौलीमा फूल' बजारमा आयो । यो संग्रह ३५ हजार प्रति बिक्री भएको थियो । २०६० सालमा तेस्रो संग्रह 'पञ्चैबाजाले' तथा ०६१ को अन्त्यमा चौथो संग्रह 'लमजुङ जाने दाइ' गीतिसंग्रह बजारमा आयो । यी संग्रहले उनको गायन क्यारियरलाई बलियो बनाउँदै लगे । तेस्रो र चौथो संग्रह ५० हजार प्रति बिक्री भएको राजुको दाबी छ । त्यसपछि २०६३ मा पाँचौं संग्रह 'सुनपानीमा' ६० हजार प्रति बिक्री भयो भने सोही वर्ष आएको कृष्णभीरमा पहिरो संग्रहले औसत व्यापार गऱ्यो । यसबीच उनी आफ्ना गीतिसंग्रह निकाल्ने भन्दा बढी अरूका गीतिसंग्रहमा स्वर दिनमा व्यस्त हुन थाले ।

गाउँले राजु परियारको कथा भन्दै उनी 'फ्ल्यास ब्याक' मा जान्छन् । राजु भन्छन- 'म सामान्य किसान परिवारमा जन्मिएको हुँ । काम गरेर खान लाउन पुग्ने परिवार भए पनि जीवनशैली एकदमै सामान्य थियो । सामान्य जागिर खाएर जीविकोपार्जन गर्ने योजना बनाएको थिएँ । जीवनमा ठूला सपना राख्नु अनिवार्य भए पनि मैले कहिल्यै महत्त्वाकांक्षी सपना देखिनँ ।' राजुको घरमा आमा-बुबा र एक जना भाइ छन् । २०५८ सालसम्म बेसीसहरदेखि उनको घर पुग्न दुई घण्टा लाग्थ्यो । समय-समयमा मेला हेर्न तथा बजार जान बेशी सहर झरेका राजुलाई काठमाडौं धेरै टाढाको कुरा थियो । 'अहिले बाटो बनेर गाडीबाट ओर्लिएपछि घर पुग्न आधा घण्टा मात्र लाग्छ ।' उनले बताए ।

सांगीतिक यात्रामा पाइला राखेदेखि सफलता मात्रै हात पारेका राजु २०६० देखि अत्यधिक व्यस्त हुन थालेका हुन् । 'सबैभन्दा बढी व्यस्त ६२ सालमा भए ।' राजुले भने- त्यो वर्ष करिब १ हजार ७ सयवटा गीत रेकर्ड गराएको थिए ।' राजु अहिलेका व्यस्त गायक मात्र होइन, लोकदोहोरी क्षेत्रमा सबैभन्दा धेरै कमाउने गायक पनि हुन् । राजु प्रतिदोहोरी गीत न्यूनतम् ५ हजार रुपैयाँ लिन्छन् भने गीतिएल्बमको दुवै भागका गीत गाउनुपर्ने भए १० हजार रुपैयाँ ।

**विवाह**

राजुले सफलताको शिखर चढ्ने क्रममै विवाह गरेका थिए । काठमाडौं आएपछि विवाह गरेका राजुकी श्रीमती पनि भन्ज्याङ दोहोरी साँझमा दोहोरी गायिका थिइन् । 'म मुख्य नभै सहायक दोहोरी गायिका थिएँ,' अस्पष्ट हाँसोमिश्रित भावमा राजुकी श्रीमती भन्दै थिइन्- उहाँले मन पराउनुभएको रहेछ । मैले पनि मन पराए । मन मिलेपछि विवाह गऱ्यौं ।' २०५८ सालमा अमृता परियारसँग विवाह-बन्धनमा बाँधिएका राजुका एक छोरा र एक छोरी छन् । 'सुरुमा साथी थियौं, पछि मैले प्रेमप्रस्ताव राखे,' राजु भन्छन्- 'उनले एक महिनाको समय मागिन् र पछि स्वीकृति प्रदान गरिन् ।' विवाह गर्नुअघि ५ महिना उनीहरूबीच अफेयर चलेको थियो । राजुका सफलताका कथाहरू सुन्ने-सुनाउने क्रममा श्रीमती परियार भने राजुको अत्यधिक व्यस्तताका विषयमा गुनासो गर्दै थिइन् । 'मलाई त गाउँ फर्कने इच्छा छ,' श्रीमती परियारले भनिन्- 'उहाँ खेतमा गएर काम गर्ने अनि म मकै र पानी खाजा लिएर खेत जाने सपना देख्छु । त्यस्तो भए कमसेकम आफ्नो श्रीमान्सँगै बस्न पाउने थिएँ । छोराछोरीले पनि बाबुको पर्याप्त माया पाउँथें । यहाँ त छोरा वा छोरी बिरामी हुँदा अस्पताल जानुपर्नेमा उहाँ अन्तै काम छ भनेर हिंड्नुहुन्छ ।' गीत रेकर्डबाहेक स्वदेश तथा विदेशमा आयोजना हुने सांगीतिक कार्यक्रममा व्यस्त हुने यी गायकको परिवारले उनीबाट पर्याप्त समय पाउन सकेको छैन । श्रीमती परियारका अनुसार राजुलाई गीत गाउन लगाउनेहरूले आर्थिक शोषण पनि गरेका छन् । उनले भनिन्- 'त्यतिमात्र होइन, जति पैसा कमाएको देखिन्छ, त्यसअनुसार बचत भएको छैन ।'

**अन्य सफलता**

राजु लमजुङ जिल्लास्तरीय दोहोरी-२०५५ मा प्रथम भएका थिए भने सोही वर्ष जिल्लास्तरीय लोकगीत २०५५ मा पनि उनी प्रथम भए । त्यसैगरी रेडियो नेपालको वार्षिकोत्सवमा पोखरामा सान्त्वना पुरस्कार जितेका राजुले राष्ट्रिय दोहोरी प्रतिष्ठानको आयोजनामा राष्ट्रव्यापी दोहोरी गीत प्रतियोगितमा द्वितीय पुरस्कार हासिल गरेका थिए ।

**अरूको रजाइँ**

बजारमा धेरै लोकगायक भए पनि यतिखेर राजु परियार सबैभन्दा व्यस्त देखिन्छन् । त्यतिमात्र होइन, नेपाली बजारमा आउने अधिकांश दोहोरी गीतिसंग्रहमा राजु परियारको स्वर हुन्छ । एक म्युजिक कम्पनीका प्रबन्ध-निर्देशकका अनुसार राजुले गाएको गीतलाई आफ्नो भनेर बजारमा आउने गायकहरूको संख्या उल्लेख्य छ । नाम उल्लेख नगर्ने सर्तमा ती प्रबन्ध निर्देशकले भने- 'बजारमा राम्रा लोकगायक भनेर चिनिएका लोक-दोहोरी संकलकहरू राजुको स्वरमा गीत रेकर्ड गराएर बाँचिरहेका छन् ।' राजु परियारले गाएका कतिपय गीतमा उनको भने नाम हुँदैन । 'मैले गाएको गीतमा अरूले आफ्नो नाम जोडेको मैले पनि देखेको छु,' राजु भन्छन्- 'पछि रेडियो, टेलिभिजनमा गीत आएपछि थाहा पाइन्छ ।'

**गीत गाउन रियाज चाहिंदैन**

गायक-गायिकाहरू गीत गाउने भनेपछि हप्तौं अघिदेखि खानपानमा विशेष ध्यान दिन्छन् । अमिलो, पिरो, चिसो र धेरै गुलियो खाना खाँदैनन् तर केही यो मामिलामा अपवाद हुन सक्छन् गायक राजु परियार । गीत गाउनुभन्दा अघि फ्रिजमा राखेको चिसो बरफ पानी पिएर शरीरलाई शीतल बनाएपछि गीत गाउने उनी बताउँछन् । खाने कुरामा पनि उनी त्यति ध्यान दिँदैनन् । 'अहिलेसम्म मैले खानपानमा ध्यान दिनुपर्छ भनेर तयारी गरेको थाहा छैन,' परियार भन्छन्- 'बरफ खाएर गीत गाउँदाको आनन्दै अर्कै हुन्छ ।' खाने मामिलामा राजुको कमजोर पक्ष पनि छ । त्यो हो– रक्सी, राजुलाई नजिकबाट चिन्नेहरू भन्छन्- 'उनी रक्सी नखाई जमेर गीत गाउन सक्दैनन् ।' त्यो कुरा आशिंक सत्य भएको स्वीकार गर्दै राजु भन्छन्- 'रक्सी खाएर गाउँदा ध्यान केन्द्रित हुन्छ ।'

**रेकर्ड**

लोकदोहोरी गीत अन्य गीतभन्दा लामा हुन्छन्, कम्तीमा पनि आधा घण्टाका । राजु परियारले अहिले दैनिक औसत ४ वटा गीत रेकर्ड गर्छन् । म्युजिक डटकमका प्रबन्ध निर्देशक राजेश वंशल भन्छन्- राजुले जति गीत सायदै कसैले रेकर्ड गर्ला । राजुले एक दिन लगातार १२ वटासम्म गीत रेकर्ड गराएका छन् । लोकदोहोरी गीतमा यो सम्भवत अहिलेसम्मकै रेकर्ड हुनुपर्छ । गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम दर्ता गर्ने सोच छैन ? प्रश्नसँगै घोरिएर उनी जवाफ दिन्छन्- 'गिनिज बुक अफ वर्ल्ड रेकर्डका लागि होइन, तर अझै धेरै गीत एकै दिन रेकर्ड गर्ने योजना बनाएको छु । बिहान ९ बजेदेखि बेलुकी ९ बजेसम्म २० वटा गीत रेकर्ड गर्ने त्यो योजना चाँडै साकार हुने उनले बताए । राजुले नेपाली लोकदोहोरीमा अर्को रेकर्ड पनि कायम गरेका छन्– अहिलेसम्मकै सबैभन्दा धेरै गीत रेकर्ड गरेर । गायक परियारका अनुसार उनले अहिलेसम्म ७ हजारभन्दा बढी गीत रेकर्ड गरेका छन् । रेकर्ड भएका गीतको संख्या धेरै भएकाले उनले आफ्नै संगीत संग्रहालय स्थापना गर्ने सोच बनाएका छन् । राजुका रेकर्डकै बारेमा अर्को लोकगायकको प्रतिक्रिया भने यस्तो थियो- 'राजु जस्तै प्रतिभाशाली अन्य गायक पनि छन् तर उनीहरू राजु जस्तो हल्का भएर गीत गाउन जाँदैनन् । गीतको शब्द लय बुझेर राम्रा गीतबाटै उनीहरू सन्तुष्ट छन् ।'

**भैंसी पालेर**

'गर्नु गऱ्यौ बलराम भैंसी पालेर...' यतिबेला यो गीत अत्यधिक चर्चामा छ । अर्जुन गैरेको 'भैंसी पालेर' गीतिएल्बमका लागि राजुले स्वरबद्ध गरेको यो गीतका कारण संग्रहको बिक्री अकासिएको म्युजिक डटकमका प्रबन्ध निर्देशक राजेश वंशल बताउँछन् । यो गीत सबैका मुखमा झुन्डिएका कारण बैतडीमा बलराम नामक एक दूध विक्रेताको व्यवसाय नै बन्द भएको एक दैनिक पत्रिकाले उल्लेख गरेको थियो ।

**अबको लक्ष्य ?**

राजु परियारको अबको लक्ष्य के हो ? राजु भन्छन्- 'पुस्तौं पुस्ताले सम्झिरहने कालजयी गीतहरू गाउने इच्छा छ ।' राजुका अनुसार अहिलेको यो फेजलाई उनी व्यापारीकरणकै रूपमा परिभाषित गर्न चाहन्छन् । राजु अझ मेहनत गरेर आगामी पुस्ताका निम्ति त्यस प्रकारका गीत गाउने चाहना राख्छन् । काठमाडौं आउँदा हराएर दुई दिन सुन्धारामा अलमलिएका राजुको जीवनशैलीमा उल्लेख्य परिवर्तन आइसकेको छ । मैले चाहेको कुरा पूरा गर्न सक्ने अवस्थामा पुगेको छु, राजु भन्छन्- 'अब काठमाडौंमै घर किनेर सामान्य हैसियतको जीवनशैली अपनाउन पाए मेरो सपना पूरा हुन्छ ।'

### रोदीमा रमझम

**गण्डक क्षेत्रको सांस्कृतिक परम्परा रोदीले राजु परियारको गलालाई निखार्दै लगेको थियो । आज फलानोको घरमा रोदी जमेको छ भनेपछि राजु अनेक दाउ निकालेर त्यहाँ पुगिछाड्थे । 'कलाकारिता, अझ भनौं लोकदोहोरीको क्षेत्रमा ९ वर्षको उमेरदेखि नै सक्रिय भैसकेको थिएँ ।' सुस्त स्वभावका राजुले भने– 'त्यसपछि विद्यालय अनि जिल्लास्तरीय दोहोरीमा भाग लिँदै गएँ । क्रमशः सफलता हात पर्दै गयो ।' त्यस बेलासम्म राजु गाउँले रोदीघरमा मात्र होइन, जील्लास्तरमै लोकप्रियता हासिल गर्दै थिए । काम गरेर थाकेर आएका गाउँले साँझको खानापछि मादलका साथमा रोदीघरमा जम्ने चलन गण्डक प्रदेशमा अद्यावधि कायम छ । गुरुङ समुदायको सांस्कृतिक परम्परा रोदीसँग लमजुङको लामो इतिहास छ । रोदीको लोकप्रियता बढ्दै जाँदा अन्य जिल्लाले पनि यसलाई अनुसरण गरेका छन् । असार–साउन र मंसिर–पुसमा विशेष गरेर रोदी जम्ने गरेको छ । राजुका अनुसार रोदीको समयमा विशेष गरेर मकै नङ्ग्याउने तथा झुत्ता पार्ने काम हुन्छ ।**




*जन्मदिन पनि आजै*

*असार १५ को दहिचिउरा खाने आजकै दिन गायक राजु परियारको जन्मदिन हो ।*

# भूकम्प कुनै पनि बेला आउन सक्छ, तर यसको भविष्यवाणी हुँदैन









त्रिशूलबाबाले गरेको असार ८ देखि २६ गतेसम्म पृथ्वीमा भूकम्प आई महाप्रलय हुने भविष्यवाणीले बितेका दिनमा निकै चर्चा पायो । सरकारले यस्ता भविष्यवाणीप्रति नलाग्न-नडराउन सूचनासमेत प्रकाशित गऱ्यो । कसैले भविष्यवाणी गर्दैमा भूकम्प जान्छ भन्ने छैन, यद्यपि हामी बस्ने क्षेत्र कुनै पनि बेला ठूलो रेक्टर स्केलको भूकम्प आउने क्षेत्र हो ।

वैज्ञानिकहरूले ठोकुवा गर्न नसकेको कुरा अरू कसैले भन्दैमा भैहाल्छ भन्न मिल्दैन, तर विश्वभर भूकम्पको संख्यामा वृद्धि भैरहेको कारण अन्तर महाद्विपीय चट्टानमा भैरहेको परिवर्तन मात्र नभै संचार उपग्रहबाट निस्कने इलेक्ट्रोम्याग्नेटिक विकिरण पनि हो । यो कुरा भारतीय वैज्ञानिक डा. एन.के. अग्रवालको पत्ता लगाएका हुन् । अमेरिकाको कोलोरेडो विश्वविद्यालयका प्रख्यात भूगर्भवेत्ता रोजन बिन्हाम र पी. मोलनार तथा इन्डियन इन्स्टिच्यूट अफ एस्ट्रोफिजिक्सका प्राध्यापक डा. पी.के. गोरका अनुसार भविष्यमा कुनै पनि बेला नेपाल, भारत, पाकिस्तानका हिमालय क्षेत्रमा ठूलो विनाशकारी भूकम्प जानसक्छ ।

डा. अग्रवालले भनेका छन्– यो उपमहाद्विप र यसको आसपासमा आउने भूकम्पको कारण हिन्दकुश क्षेत्रको चट्टानी प्लेटमा आउने परिर्वतन हो । चट्टानी प्लेट हल्लिने वा सर्ने कारणले भूकम्प आउँछ, तर चट्टानी प्लेट कसरी हल्लिन्छ वा कसरी सर्छ, कसैले ध्यान दिएका छैनन् । तीन दशकदेखि भूकम्पमा अनुसन्धान गरिरहेका डा. अग्रवालका अनुसार भूकम्पको ठूलो कारण उपग्रहबाट धर्तीमा आउने इलेक्ट्रोम्याग्नेटिक विकिरणहरू हुन् ।

डा. अग्रवालका अनुसार पूरा विश्वमा विगत तीन दशकमा सञ्चार सुविधाहरू बढिरहेको छ । सञ्चार उपग्रहको प्रसारणको काममा ध्वनि तरंग प्रयोग गरिन्छ र यसले अधिकमात्रामा कम्पन गर्छ, जसमा हल्लिने प्रवृत्ति अघि र पछि हुन्छ, तर यसको गति अन्तरमहाद्विपीय टेक्टोनिक प्लेट ठोक्किँदै उत्पन्न हुने गतिजस्तो हुँदैन ।

अमेरिकाको कोलोराडो विश्वविद्यालयका रोजर बिन्हाम र पी. मोल्नार एवं इन्डियन इस्टिच्युट अफ एस्ट्रोफिजिक्सका डा. पी.के. गोरले आफ्नो शोधपत्रमा भनेका छन्– नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, भुटान, म्यानमारसहित हिमाली क्षेत्र भएका अन्य देशमा आठदेखि त्यसभन्दा माथिको रेक्टर स्केलको भूकम्प आउने सम्भावना छ । यदि त्यस्तो भूकम्प आएको खण्डमा ५ करोडभन्दा बढी मानिसको जीवन संकटमा पर्न सक्छ ।

**भूकम्पको पूर्वसंकेत**

भूकम्पका कारण नेपाल मात्र नभै सारा विश्व सन्त्रासमा छ । सदियौंदेखि यो प्राकृतिक विपत्ति मानव समुदायले भोलिरहेको छ । विज्ञानले धेरै प्रगति गरे पनि बाढी, पहिरो, भूकम्प तथा अन्य दैवी प्रकोपसम्बन्धी ठोस विभिष्यवाणी गर्न सकेको छैन । पछिल्ला केही वर्षयता एसियाई देशहरूमा भूकम्प आउने क्रम तीव्र भएको छ । अब भूकम्प आए पनि जनधनको कुनै नोक्सान नहुने गरी घर बनाउनुपर्ने सुझाव वैज्ञानिकहरूको छ ।

भूगर्भमा हुने उथलपुथल वा चट्टानहरू एक अर्काबाट खस्किएर छुट्टिनु भूकम्पको एउटा प्रमुख कारण हो । पहाडी इलाकामा भूकम्प आउने सम्भावना धेरै हुन्छ । यद्यपि अहिलेसम्मको सर्वाधिक विनाशकारी भूकम्प मैदानी इलाकामा देखिएको छ । सन् १९३४ मा नेपाल र विहारमा आएको भूकम्पको प्रभावको सम्झना सायदै कसैलाई होला, तर सन् १९५० मा असम र तिब्बतमा आएको भूकम्पको विनाशलीला अहिले पनि अनुभव गर्न सकिन्छ ।

**दन्त्यकथाहरू**

नेपालसमेत विश्वभरका ग्रामीण इलाकामा रहेका मानिसहरू प्राकृतिक प्रकोपका सम्बन्धमा विभिन्न संकेतलाई अपशकुन मान्छन् र त्यसमा विश्वास पनि गर्छन् । भारत गोरखपुरका एक वृद्धका अनुसार यदि दिउँसो गिद्ध वा राति काग कराए कुनै प्राकृतिक अनिष्ट हुने आशंका हुन्छ । जापानमा धेरै भूकम्प आउँछ, जापानलाई भूकम्पको देश नै भनिन्छ, त्यसैले यस्ता धेरै दन्त्यकथा जापानमै पाइन्छ । प्राचीन ग्रीसका दार्शनिक पाइथोगोरसका अनुसार जब मृतआत्मा एक-आपसमा लड्छन् तब भूकम्प आउँछ । अरस्तू पृथ्वीको भित्री भागबाट ग्याँस निस्कनुलाई भूकम्पको कारण मान्थे । युरोपका पुराना पादरीहरूका अनुसार पृथ्वीमा जब पापीहरू बढ्छन् तब ईश्वरले भूकम्प ल्याई तिनको विनाश गर्छन् । यस्तै जनसंख्याका ज्ञाता माल्थसका अनुसार धर्तीमा प्राणीहरूको भार वहन गर्ने शक्ति (क्षमता) सीमित छ, जनसंख्या बढ्दैछ, तर धरतीको आकार बढ्न सक्दैन । उनले चेतावनी पनि दिएका छन्– पृथ्वीमा सबैभन्दा बौद्धिक जीव मानिस हो, त्यसैले मानिसले नै जनसंख्या कम गर्ने प्रयत्न गर्नुपर्छ । यदि गरेन भने भूकम्प, बाढी एवं सुख्खाजस्ता प्राकृतिक प्रकोपले जनसंख्या कम गरी सन्तुलन कायम राख्छ । जापानमा प्रचलित कथाअनुसार– पृथ्वीको गर्भमा एक विशाल माकुरा छ र कहिलेकाहीं उसले जाल फैलाउन आफ्ना खुट्टा यताउता गर्छ, त्यसै कारण भूकम्प आउँछ । हिन्दू समाज अर्थात् नेपाल र भारतमा प्रचलित मान्यताअनुसार पृथ्वीको गर्भमा शेषनाग छन्, यदि शेषनाग यता-उता हल्लिए भने भूकम्प आउँछ, तसर्थ घर जग हाल्ने बेलामा अनि नयाँ घरको प्रवेश गर्दा भूमिपूजन गर्ने चलन छ जुन वास्तवमा शेषनागको पूजा हो ।

जापानी लेखिका कियो कुरुले प्रसिद्ध जापानी कवि केजी मियावाजाको कवितामा जापानमा ८१८ इ.देखि भूकम्पको इतिहास भेटिएको बताएकी छिन् । टोकियोको पत्रिका फार इस्टन इकोनोमिक्स रिभ्युले वैज्ञानिकहरूको भनाइलाई उद्धृत गर्दै



भूकम्प आउनुभन्दा पहिले केही प्राकृतिक एवं जीवजन्तुबाट संकेतहरू पाइन्छ भन्ने कुरा बताएको छ ।

पत्रिकाका अनुसार भूकम्प आउनुभन्दा अघि केटफिस नामक खास किसिमको माछाको स्वभावमा अनौठो परिवर्तन आउँछ । सन् १८५५, १९२३ र १९२७ मा भूकम्प आउनुपूर्व नै केटफिस आफू-आफूमै लड्दै, उफ्रँदै नदी एवं समुद्री तटमा पुगेका थिए । ती माछा धर्तीमा समेत उफ्रेर आउँथे । यसलाई भूकम्प आउने संकेत मानिन्छ । सन् १९७३ मा चीनमा आएको भूकम्पको अनुभवका आधारमा त्यहाँका वैज्ञानिकहरूले सन् १९७५ मा संयुक्त राष्ट्रसंघका तर्फबाट बोलाइएको बैठकमा प्रस्तुत गरेको प्रतिवेदनमा भूकम्पभन्दा पहिले केही माछाका अतिरिक्त भ्यागुता, साँप, कुखुरा, कुकुर र घोडाले विचित्र किसिमको व्यवहार गर्न थाल्छन् भन्ने कुरा उल्लेख छ ।

चीनमा त्योभन्दा पूर्व सन् १९६६ १९६९ र १९७२ को भूकम्पमा चराहरूको भागदौड मच्चिएको थियो, साँपहरू दुलोबाहिर निस्किएका थिए भने कुखुराहरू खोरमा जान चाहेनन् । घोडा तथा कुकुरहरू यता-उता भागेका र बाँदर एवं मुसाहरूले पनि विचित्र व्यवहार देखाएको उक्त प्रतिवेदनमा उल्लेख छ । सन् १९७२ मा निकारागुआमा भूकम्प आउनुभन्दा पहिले जनावरहरूले विचित्र प्रकारले आफ्ना चर्तीकला देखाएका थिए ।

एक साइबेरियाई लोककथा अनुसार जब कुनै कुकुरले आफ्नो केश (रौं) टोक्दै यता-उता गर्छ भने भूकम्प आउने प्रबल सम्भावना हुन्छ । पूर्वी साइबेरियामा धर्तीको भगवान् रिसाए भने भूकम्प आउँछ भन्ने विश्वास गरिन्छ । त्यहाँका मानिसहरू ट्यूइल नामका भूकम्पका देवतालाई मान्छन् ।

एउटा अर्को मान्यताअनुसार– चन्द्रमामा बेस्सरी आँधी-तुफान आउँदा धर्तीमा भूकम्प आउँछ । चन्द्रमा ज्वारभाटाको स्थितिमा छ । उत्तर-पूर्वी अमेरिकाको केही भागमा चन्द्रमालाई एक बूढी महिलाका रूपमा चित्रित गरिएको छ, जसलाई आँधी-तुफान र भूकम्पको अधिष्ठात्री मानिन्छ । ती बूढी महिलाले इसारा गरेपछि भूकम्प आउँछ । यस्ता कथाहरू आजको युग सुहाउँदा छैनन्, यद्यपि आदिकालका अनेकौं यस्ता मिथक-कथाहरू आज पनि उत्तिकै चर्चामा छन् । भूकम्प कुनै मानवनिर्मित त्रासदी होइन । यो मानिसको नियन्त्रणभन्दा बाहिर छ यसलाई प्राकृतिक वा दैवीय प्रकोप मानेर मनोवैज्ञानिक स्तरमा त्यसको प्रतिकारात्मक रणनीतिप्रति दृढप्रतिज्ञ हुनु आवश्यक छ ।

**प्रकृतिलाई बुझ्दै ज्ञानको उपयोग**

पृथ्वी हाम्रो लागि नै बनेको हो, अर्थात् प्रकृतिको योजना हामीलाई बचाउने नै हो । यद्यपि प्रकृतिमा उदारता मात्र नभै क्रूरता पनि छ । त्यसैले यसभित्र रहेको रहस्यलाई जान्न मानिसले सधैं प्रयास गर्दै आएको छ । आजभोलि मानिसले भूकम्पको वैज्ञानिक कारण मात्र नभै त्यसलाई सहन गर्न सक्ने घर भवनहरू पनि बनाउन जानिसक्केको छ । भविष्यमा सायद भूकम्पको सत्य भविष्यवाणी पनि गर्न सकिनेछ ।

*(यो लेख भूकम्पसम्बन्धी समाचार, विभिन्न लेख तथा इन्टरनेटमा उपलब्ध विभिन्न लेखहरूमा आधारित छ ।)*

**–राजीवनन्दन कर्माचार्य**

## भूकम्पसँग सम्बन्धित वैज्ञानिक शब्दाबली

**सिस्मोग्राफ**

ग्रीक भाषामा सिस्मोस को अर्थ भूकम्प हो । सिस्मोग्राफ त्यो उपकरण हो जसले भूकम्पीय तरंग रेकर्ड गर्छ । यो उपकरण जमिनको भित्री सतहमा गाडिन्छ । गाडीहरू गुडिरहेको बेलामा यसले असर गर्दैन । यो उपकरणले तरंगहरूलाई पहिचान गरी विद्युतीय संकेतमा बदलिदिन्छ जुन रेकर्डिङ स्टाइलस (पेन) मा रेकर्ड हुन्छ । सिलिन्डरमा झुन्डिएको पेपरमा यो पेन तरंग त्यसै गरी कोरिन्छ जस्तो ई.सी.जी.मा हृदयको गति कोरिन्छ ।

**भूकम्पको केन्द्रविन्दु (एपीसेन्टेर)**

भूकम्पको उत्पत्ति हुने स्थानको ठीक माथिको जमिनको सतहलाई भूकम्पको केन्द्र अर्थात् एपीसेन्टर भनिन्छ ।

**पी तरंग**

भूकम्पद्वारा उत्पन्न हुने प्राथमिक तरंगलाई पी तरंग भनिन्छ । यसको गति ८ किलोमिटर प्रतिसेकेन्ड हुन्छ । यसको दिशा भूकम्पीय तरंगजस्तै हुन्छ ।

**एस तरंग**

यो मूल तरंगबाट उत्पन्न हुन्छ र प्राथमिक तरंग तथा मूल तरंग समानान्तर तवरले हुन्छ, तर यो तरंग लामो रूपमा अघि बढ्दै जान्छ ।

**भूकम्पको केन्द्रविन्दु**

सिस्मोग्राफमा एस र पी तरंगको रेकर्ड हुँदा जति समयको अन्तर रहन्छ त्यसलाई टाइम लग भनिन्छ । टाइम लगलाई ८ किलोमिटर प्रतिसेकेन्डले गुणा गर्दा भूकम्पको केन्द्रीय दूरी पत्ता लगाइन्छ, ती अलग-अलग केन्द्रको तथ्यांक प्राप्त भएपछि प्रत्येक केन्द्रको चाप हेरिन्छ र जुन स्थानमा तीन चापले एक अर्कालाई काट्छन्, त्यही भूकम्पको केन्द्र बिन्दु मानिन्छ ।

**प्लेट टेक्ट्रोनिक**

यो टुजो विल्सन तथा अन्य वैज्ञानिकद्वारा प्रतिपादित सिद्धान्त हो, जसलाई १९६० मा स्वीकार गरिएको थियो । यो सिद्धान्तअनुसार पृथ्वीको बाहिरी पत्र प्लेटहरू मिलेर बनेको हुन्छ यसको मोटाइ ५० किलोमिटर हुन्छ । यो प्लेट आपसमा ठोक्किएमा वा एक-अर्काको अगाडि-पछाडि सर्दा पर्वत बन्छ, ज्वालामुखी निस्कन्छ र भूकम्प आउँछ ।

**महाद्विपीय ड्रिफ्ट**

यो सिद्धान्तअनुसार करोडौं वर्षपूर्व धेरै महाद्विपीय प्लेटहरू आपसमा मिलेर दक्षिणी गोलार्द्धमा गोन्डवानाल्यान्ड (मध्यभारतमा अवस्थित) नामको सुपर महाद्विपको निर्माण भयो । यही गोन्डवानाल्यान्डबाट कालान्तरमा विभिन्न महाद्विप निर्माण भए ।

## कति रेक्टरको भूकम्प आउँदा के हुन्छ ?

**सूक्ष्म (रेक्टर स्केल : २)**

**प्रभाव** : यसको प्रभाव खासै पर्दैन, रेकर्ड पनि हुँदैन ।
**सम्भावना** : एक दिनमा औसत ८ हजार पटक जान सक्छ ।

**धेरै साधारण (रेक्टर स्केल : २ देखि २ दशमलव ९ सम्म)**

**प्रभाव** : यसको प्रभाव खासै पर्दैन, कमै मानिसले मात्र चाल पाउँछन् ।
**सम्भावना** : एक दिनमा औसत १ हजार पटकसम्म जान सक्छ ।

**साधारण (रेक्टर स्केल : ३ देखि ३ दशमलव ९ सम्म)**

**प्रभाव** : यसको प्रभाव पर्छ तर खासै हानि हुँदैन । कोठामा रहेका सामानहरू हल्का रूपमा हल्लिन्छन्, बोतल वा भाँडावर्तनमा रहेको पानी हल्लिन्छ । धेरै मानिसले चाल पनि पाउँदैनन् ।
**सम्भावना** : एक वर्षमा औसत ४९ हजार पटक जान सक्छ ।

**हल्का (रेक्टर स्केल : ४ देखि ४ दशमलव ९ सम्म)**

**प्रभाव** : यस प्रकारको भूकम्प आए घरका सामानहरू हल्लिनुका साथै झ्याल-ढोकाहरूलाई पनि असर पर्छ भने कच्चा पर्खालहरू चर्किन सक्छन् । यो रेक्टर स्केलको भूकम्पमा सावधानी अपनाउनैपर्छ ।
**सम्भावना** : एक वर्षमा औसत ६ हजार २ सय पटक आउने सम्भावना हुन्छ, तर आई नै हाल्छ भन्ने कुनै ग्यारेन्टी हुँदैन ।

**मध्यम (रेक्टर स्केल : ५ देखि ५ दशमलव ९ सम्म)**

**प्रभाव** : यसको केन्द्रबिन्दु नजिक वा वरिपरिका स्थानमा ठूला-ठूला संरचनाहरू ढोका-झ्यालहरू भत्किन सक्छन्, घरको गारो एवं प्लास्टर चर्कन्छ, रूखहरू हल्लिने, बाढी-पैन्हो आउन सक्ने र हल्लिने हुन्छ, घडी पनि बन्द हुन्छ ।
**सम्भावना** : यो एक वर्षमा औसत ८ सय पटक आउने सम्भावना हुन्छ तर आइहाल्छ भन्ने कुनै ग्यारेन्टी हुँदैन ।

**शक्तिशाली (रेक्टर स्केल : ६ देखि ६ दशमलव ९ सम्म)**

**प्रभाव** : १ सय माइलसम्मको क्षेत्रफलमा रहेका ठूला-ठूला भौतिक संरचनालाई विध्वंस गर्छ । सवारी साधन चलाउँदा पनि जोखिम हुन्छ । बाटो फाटिन्छ, विद्युत्, टेलिफोनलाइनहरू अवरुद्ध हुन्छन्, मानवजीवन नै तहन-नहस हुन्छ ।
**सम्भावना** : एक वर्षमा औसत १ सय २० पटकसम्म आउने सम्भावना हुन्छ ।

**मध्यमशक्तिशाली (रेक्टर स्केल : ७ देखि ७ दशमलव ९ सम्म)**

**प्रभाव** : यो रेक्टर स्केलको भूकम्पले निकै ठूलो क्षेत्र ओगट्छ भने यसले ठूला-ठूला भौतिक संरचनाहरू ध्वस्त पार्छ । जमिन चिरा परेर पानी आउन थाल्छ, बाढी-पैन्हो आउँछ ।
**सम्भावना** : एक वर्षमा औसत १८ पटकसम्म आउने सम्भावना हुन्छ ।

**अतिशक्तिशाली (रेक्टर स्केल : ८ देखि ८ दशमलव ९)**

**प्रभाव** : ठूला-ठूला भौतिक संरचनाहरूको अस्तित्व नै ध्वस्त भएर जान्छ । जमिनभित्रका पाइपलाइनहरू टुटफुट हुन्छन् । रूख ढल्ने, बाढी-पैन्हो आदि जाने हुन्छ । जमिन चिरा पर्छ । समुन्द्र छेउछाउमा सामुन्द्रिक छालहरू आउँछन् ।
**सम्भावना** : एक वर्षमा एक पटकसम्म आउने सम्भावना हुन्छ ।

**महाशक्तिशाली (रेक्टर स्केल : ९ देखि माथि)**

**प्रभाव** : यो रेक्टरको भूकम्प जाँदा जमिन तल-माथि खस्कने, जमिन नै चिरा परेर पानी, बालुवा आउन सक्ने, तालहरू फुटेर विष्फोटन हुन सक्ने हुन्छ । महाप्रलयको स्थिति उत्पन्न हुन्छ । यसको प्रभावले धनजनको ठूलो क्षति हुन्छ जसको लेखाजोखा गर्न सम्भव पनि हुँदैन ।
**सम्भावना** : २० वर्षमा एकपटक आउने सम्भावना हुन्छ, तर आइ नै हाल्छ, भन्ने कुनै ग्यारेन्टी हुँदैन ।

## सुरक्षाका उयायहरू

यदि भूकम्प आयो भने आफू घर-कोठा बाहिर जहाँ भए पनि सुरक्षित स्थान रोज्नुपर्छ । यदि घर-कोठाबाट तुरुन्तै बाहिर निस्कने स्थिति छ भने ठीकै छ तर त्यस्तो अवस्था छैन भने हडबडाएर झ्याल वा कौसीबाट हाम फाल्नु हुँदैन । कोठामा ठूला दराजहरू छन् भने सामुन्ने बस्नु हुँदैन । कुनै पनि इलेक्ट्रोनिक वस्तुलाई छुनु हुँदैन, किनभने यस्तोमा करेन्ट प्रवाह भैरहेको हुनसक्छ । भूकम्पको झट्का महसुस भैरहे नहडबडाई झ्याल, ढोकाको चौकोस वा टेबलमा आड लगाएर बस्नु उपयुक्त हुन्छ । भूकम्पको झड्का गएको महसुस भए घरबाहिर निस्केर सुरक्षित स्थानमा जानुपर्छ । सुत्ने खाटको (टाउको राख्ने) ठाउँमा ठूलो ऐना, पोस्टरहरू आदि टाङ्नु हुँदैन । साथै छेउछाउमा ठूला दराजहरू पनि राख्नु हुँदैन । घरबाहिर हुँदा भूकम्प आएको छ भने ठूला-ठूला घरहरू, रुख, टेलिफोनको तार, करेन्टको तार आदि भएको ठाँउमा बस्नु हुँदैन । यदि सवारी साधन चलाइरहनुभएको छ भने पनि रोकेर सुरक्षित स्थानतर्फ जानुपर्छ । त्यस्तै खोला, नदीहरूको छेउछाउमा बस्नु हुँदैन । जब भूकम्प आउँदैन भन्ने पक्का हुन्छ, तब मात्र घरभित्र पस्नु उचित हुन्छ ।



## सुशीललाई फाइदा

अभिनेता निखिल उप्रेती अनि निर्माता तथा निर्देशक सुनील मानन्धर र कृष्ण चापागाईंबीचको झगडाले अर्का अभिनेता सुशील क्षेत्रीलाई फाइदा पुगेको छ । चलचित्र दिदीभाइका निम्ति भएको उक्त झगडापछि निखिलको स्थानमा सुशीललाई राखेर सुटिङ सुरु गरिएको छ । चलचित्र 'आगो' बाट रजतपटमा देखिएका अभिनेता सुशील क्षेत्री केही समयअघिसम्म निदाएर बसेझैं थिए, तर प्रतिबन्धित चलचित्र 'आगो'को प्रदर्शनले सुशीललाई ब्यूँझाएको थियो । त्यसपछि उनी 'मेरो नेपाल' लगायत थप केही चलचित्रमा सक्रिय भए । हाल पहिलेझैं व्यस्त सुशील यतिबेला 'दिदीभाइ' को सुटिङमा छन् । समयमै सुटिङमा आउने सोझा अभिनेता सुशील लगनशील पनि उत्तिकै छन् । सुशीलका यिनै आनीबानी मन पराउने निर्माता तथा निर्देशकहरू उनलाई आफ्नो चलचित्रमा अनुबन्धित गर्न लागिपरेका छन् । जे होस्, यतिबेला सुशील फाइदामा छन् । अहिले उनको हातमा झन्डै आधा दर्जन चलचित्र छन् ।

## रुञ्चे गायक बने निर्देशक



रुञ्चे गायकका रूपमा आफ्नो परिचय बनाएका धराने युवक प्रकाश पौडेल गायकपछि नायक हुँदै अब निर्देशक बनेका छन् । 'नाइँ मलाई त्यही केटी चाहिन्छ,' चार वर्षअघि रुँदै गाएको गीत बजारमा ल्याएर चर्चामा आएका प्रकाशको निर्देशनमा अहिले टेलिश्रृंखला 'डाक्टरसाप' निर्माण भैरहेको छ ।

हिजोआज नेपाली टेलिभिजन च्यानलहरूमा हास्यप्रधान टेलि-श्रृंखलाकै प्रभुत्व छ । त्यसैले दर्शकको मन सजिलै जित्न सकिन्छ कि भनेर नै हास्यप्रधान टेलिश्रृंखला डाक्टरसाप सुरु गरेको प्रकाश बताउँछन् । भिडियो चलचित्र 'नाइँ मलाई केही चाहिँदैन'मा प्रमुख भूमिकामा अभिनय गर्दै दुई वर्षअघि गायकबाट नायक बनेका प्रकाश अहिले धरानमा उक्त टेलिश्रृंखलाको छायाङ्कानमा व्यस्त छन् ।

प्रकाशकै कथा तथा संवादमा निर्माण हुने यो टेलिश्रृंखलाले अस्पतालमा हुने विकृति र विसंगतिलाई आमजनमानससमक्ष ल्याउनेछ । केही वर्षअघिसम्म अस्पतालकै कर्मचारी रहेकाले प्रकाशलाई अस्पतालको विकृत क्रियाकलापहरूको राम्रो जानकारी हुनसक्छ । स्थानीय कलाकारहरूको बाहुल्यता रहेको डाक्टरसा'प आगामी साउन महिनादेखि प्रसारण हुने प्रकाशले बताए ।

## गफै त हो

### डेरीकै दूधमा मग्न क्रान्ति

युवा गायकहरूमध्ये हेन्डसम र हँसमुख व्यक्तित्वको छवि बनाएका गायक क्रान्ति आले प्रेममा परेका बेला सबैभन्दा खुसीको अनुभव हुँदो रै'छ, संसार नै पाए जस्तो लाग्दो रै'छ, संसारको सबै चीज मसँग छ जस्तो हुँदोरै'छ भन्छन् । यद्यपि आलेको प्रेम स्थायी हुन सकेन । खासगरी समझदारी हुनुपर्छ, कतिपय अवस्थामा सम्झौता गर्नुपर्ने हुन्छ, गर्नु पनि पर्छ, क्रान्ति भन्छन्- एक-अर्कालाई मन पराएपछि त्यो सम्बन्ध विवाहमा टुङ्गिएको राम्रो हो तर मेरो प्रेमचाहिँ असफल नै भएको हो । क्रान्तिले त्यसपछि विवाह नै गरिहाल्ने हिसाबले कसैलाई नहेरेको बताएका छन् । फुर्सद डटकमलाई क्रान्तिले भनेका छन्- कहिलेकाहीं विवाहको सोंच पनि आउँछ । कार्यक्रमका लागि जहाँ गए पनि विवाह गरिसकेको हल्ला चल्छ । मेरा ब्यान्ड मेम्बरहरूले विवाह गरिसके, मलाई पनि विवाह गर्न मन लागिरहेको छ तर अझै २-४ वर्ष नगर्ने कि भन्ने सोच पनि छ । फेरि विवाहपछि हुने बाउन्डिज, कसैको अण्डरमा बस्नुपर्ने... यस्ता कुरा मलाई मन पर्दैनन्, त्यसैले विवाहचाहिँ ढिलै होला कि ! ठीकै त हो क्रान्ति भाइ- डेरीको दूध खान पाउन्जेल घरमा भैंसी ल्याएर त्यसको दाम्लोमा झुन्डिएर आत्महत्या गर्ने प्रयास किन गर्ने ?





## आलु खाएर पेडाको धाक

दुई साताअघि नायक दिलीप रायमाझी अमेरिका जाने हल्ला चल्यो । धेरैले अब दिलीप पनि पलायन हुने भए भन्ने सोंचे । त्यही खुल्दुली मेट्न दिलीपलाई फोन गरियो । उनले घुमाई फिराई भने म पलायन हुने होइन, दुई सातालाई मात्रै हो हराउन खोजेको । कतिपय ठाउँमा दिलीप अलि बढी नै बोलिदिन्छन् भन्ने कुरा चलचित्र क्षेत्रमा धेरैले बुझेका छन् । त्यसैले उनले काठमाडौं छोडेको केही दिनपछि विश्वसनीयता जाँच्न उनीसँग फोन सम्पर्क गरियो । फोनको घन्टी बज्नेबित्तिकै दिलीपले केही बेर हलो-हलो गरेर भने- तपाईंको बोली बुझिएन, भरे फोन गर्नुभयो भने फोन टिप्ने ठाउँमा पुग्छु । बल्ल कुरो खुल्यो, दिलीप त झापामा पो रहेछन् ।

साप्ताहिकको फोनपछि केही समयमा उनी भारतको सिक्किम जानुपर्ने रहेछ एक चलचित्रको सुटिङका लागि । दिलीपले किन सिक्किमतिर लागेर अमेरिका गएको हल्ला पिटाए, त्यो त उनैले बताउन सक्छन् तर सबैको एकमुस्ट सल्लाह के छ भने- दिलीपजी, आलु खाएर पेडाको धाक नलगाएकै राम्रो ।

## अर्की निर्मात्रीको जन्म



नेपाली चलचित्रमा अर्की एक निर्मात्रीको जन्म भएको छ । हालै गीत रेकर्डिङ सम्पन्न भएको चलचित्र 'इन्साफ' मार्फत यी निर्मात्रीको जन्म भएको हो । नयाँ युवा निर्मात्री हुन्– कृषा चौलागाईं ।

कृषाले 'इन्साफ' तयार गर्न शोभित बस्नेतलाई निर्देशक छानेकी छिन् भने महेश खड्कालाई संगीतकार । उनको छनौटका कलाकार हुन्– राजेश हमाल, धीरेन शाक्य, निखिल उप्रेती, विक्रान्त बस्नेत, रेजिना उप्रेती, झरना थापा आदि । कृषा भन्छिन्– 'इन्साफमार्फत् फेरि एकपटक राजेश हमाल र धीरेन शाक्य आमने–सामने हुने छन् । म पैसा कमाउन आएकी हुँ पैसा लगानी गरेर नायिका हुन आएकी होइन ।' गीत रेकर्डिङ कार्यक्रमको सुरुवातमा उनले भनेकी थिइन् ।

## सट सकिएको घोषणा नहुँदा

सिनेमाको शुभमुहूर्तमा कलाकारको अभिनय महत्त्वपूर्ण मानिन्छ । मुहूर्तकै लागि भनेर कतिपय कलाकारले पूर्वतयारीसमेत गर्ने गरेका छन्, तर पछिल्ला दिनमा पूर्वतयारीविना नै कार्यक्रममा सहभागी हुने चलन पनि बढेको छ । चलचित्र 'सपूत' को मुहूर्त कार्यक्रममा मुहूर्त सटमा सहभागी कलाकारले आलाकाँचो प्रवृत्ति देखाउँदा उपस्थित दर्शकहरू अचम्म मान्दै थिए । भद्रकाली मन्दिरमा आयोजित उक्त कार्यक्रममा भद्रभलाद्मीको उपस्थिति राम्रै थियो । मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न मुहूर्त सटमा सम्पन्न कार्यक्रममा अभिनेत्रीद्वय अरुणिमा लम्साल र सञ्चिता लुइँटेलले मुहूर्त सर्ट दिएका थिए ।

मुहूर्त सट सुरु भएको घोषणा गरे पनि सर्ट सकिएको घोषणा कसैले गरेन । संवाद सक्नेबित्तिकै सञ्चिता एकछिन चुप लागिन् तर कसैले प्रतिक्रिया जनाएन अनि आफैंले ताली बजाइन् । सञ्चिता एक्लैले ताली बजाएको देखेपछि मात्रै अन्य व्यक्तिले मुहूर्त सट सकिएको थाहा पाए र हाँसोको पर्रा छुट्यो । अभिनेत्री प्रज्ञा जोशीको लगानीमा निर्माण हुने चलचित्र 'सपूत' मा अरुणिमा लम्साल, सञ्चिता लुइँटेल, दिलीप रायमाझी आदि कलाकारले अभिनय गर्ने भएका छन् भने निर्देशन योगेश घिमिरेले दिनेछन् ।

# प्राविधिकहरूको फिल्म पुरस्कार










**साप्ताहिक समाचार**

काठमाडौं- चलचित्रको छायाङ्कनमा नभै नहुने क्ल्यापको सबैभन्दा ठूलो स्वरूप गएको बुधबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा देखियो। समान्यतः कापीजत्रो हुने क्ल्यापको स्वरूप अफिस टेबुलजत्रो ठूलो बनाइएको थियो। त्यो क्ल्याप बोकेर नेपाल चलचित्र प्राविधिक संघका अध्यक्ष सन्तु तामाङ मञ्चमा आए। चलचित्र निर्माता, निर्देशक तथा अभिनेता नीर शाहलाई मञ्चमा बोलाइयो र कुनै चलचित्रको मुहूर्तझैं त्यही क्ल्याप पड्काएर 'फेयर एन्ड ह्यान्डसम फिल्म एवार्ड २०६४'को उद्घाटन गर्न लगाइयो। चलचित्रकर्मीहरू पुरस्कृत र सम्मानित हुने प्रचलन घट्दै गएकोमा बुधबार चलचित्रकर्ममा सबैभन्दा उपेक्षित मानिएका मेकअप म्यान, लाइटम्यान, स्पटब्वाइ, साउन्ड म्यान, निर्माण नियन्त्रक आदिको साझा संगठन नेपाल चलचित्र प्राविधिक संघले ३० जनालाई एक वृहद् कार्यक्रमबीच पुरस्कृत एवं सम्मानित गर्‍यो।

उक्त अवसरमा कला एवं द्वन्द्व निर्देशक गोपाल भुटानी तथा छायाँकार एवं निर्देशक चन्द्रप्रकाश घिमिरेलाई लाइफ टाइम एचिभमेन्टबाट सम्मानित गरियो। कार्यक्रमलाई रोचक बनाउन नायिका सिर्जना बस्नेत एवं चलचित्र निर्माता तथा निर्देशक सुरेन्द्र शाहले एउटा रमाइलो नृत्य प्रस्तुत गरे। निर्देशक सोभित बस्नेत पनि केकम ? उनले पनि आफैंद्वारा निर्देशित चलचित्रका गीतमा नृत्य प्रस्तुत गरे। कार्यक्रममा जितु नेपालको एकल प्रहसनका साथै दमन रूपाखेती र गोपाल फिस्टेको हास्यनृत्य पनि रोचक रह्यो। उक्त अवसरमा पप गायक निमा रुम्बाले एउटा राष्ट्रिय गीत प्रस्तुत गरेका थिए।

### यस्तो पनि देखियो

■ 'रेड कार्पेट' भनिए पनि अव्यवस्थित भएकाले 'रेड कार्पेट'मा को हिंड्ने, को नहिंड्ने भन्ने कुरामा कलाकार तथा दर्शक रनभुल्लमा परेका थिए।

■ कार्यक्रम सञ्चालकका रूपमा देखिएका अभिनेता विजय लामा तथा सृजनासिंह योञ्जनले बेलाबखत अंग्रेजीमा कार्यक्रम सञ्चालन गर्दा केही चलचित्रकर्मीले एक-अर्काको मुख ताकेको देखियो। विशेष गरी लामाले देशको वर्तमान राजनीतिको गफ छाँटेको धेरैलाई मन परेन।

■ आफू नाचिसकेपछि सोभित बस्नेतले विजय लामालाई नायक तथा सृजनासिंहलाई नायिका बनाउने प्रस्ताव राखे। उनको कुराको बेवास्ता गर्दै योञ्जनले कार्यक्रम जारी राखिन्।

■ दुईवटा चलचित्रबाट नामाङ्कनमा परेका द्वन्द्व निर्देशक राजेन्द्र खड्गीको नाम घोषणा गर्न मञ्चमा पुगेका अभिनेता कृष्ण मल्लले उनको नाम मात्र घोषणा गरे, तर चलचित्रको नाम नभनेपछि दर्शकहरूले सोध्नुपर्‍यो 'कुन चलचित्रबाट ?' जवाफ दिए सञ्चालक लामाले– 'दादागिरीबाट'। यसबाहेक मल्लले पुरस्कार पाएकोमा खड्गीलाई बधाई भन्नुपर्नेमा स्वागत भनेपछि केही दर्शक हाँसेका थिए।

■ अभिनेत्री भुवन चन्दले पनि नृत्य निर्देशक वसन्त श्रेष्ठलाई 'विनर' भन्नुको साटो 'नोमिनेसन' भनेर पुरस्कार दिइन्।

■ पुरस्कार प्राप्त गर्ने १२ जनालाई मञ्चमा बोल्ने अनुमति नदिए पनि १३ नम्बरमा नवनायक राजेश ढुंगानाले बोल्न अनुमति मागेर आफूलाई सहयोग गर्ने सबैलाई धन्यवाद दिए। त्यसपछि सबैले पुरस्कार थाप्दै मञ्चमा बोल्न थाले।

■ नवनायिका रञ्जु लामिछानेले बोल्ने क्रममा उनले पुरस्कार थापेको हेर्न उनको मूल घर सिक्किमबाट उनकी आमा र भाइ काठमाडौं आएको बताएपछि दर्शक तथा अन्य चलचित्रकर्मीले 'उनलाई आफूले नै पुरस्कार पाउँछु भन्ने कुरा कसरी पहिल्यै थाहा भयो ?' भनेर आयोजकमाथि शंका व्यक्त गरे।

■ बालकलाकारको पुरस्कार थापेपछि सोफिया श्रेष्ठले सबैलाई अंग्रेजीमा धन्यवाद दिइन्। त्यो देखेर उद्घोषक लामाले नेपाली चलचित्रको भावी पुस्ता राम्रो छ भन्ने प्रतिक्रिया दिइहाले।

■ नायिका सिर्जना बस्नेतले स्लिभलेस र माइक्रो मिनिस्कर्ट लगाएकोलाई केही चलचित्रकर्मी तथा दर्शकले 'मोटो शरीरमा नसुहाएको' भनेर कुरा काट्ने विषय बनाए।

■ पुरस्कार पाएपछि मञ्चमा बोल्न गएका निर्देशक दिनेश डिसीले बल्लतल्ल माइक पाएजसो गरी धेरै बोले। बोल्ने क्रममा उनले पुरस्कार पाएको चलचित्र 'सावधान'का कसैलाई पनि धन्यवाद दिएनन्। बरु निर्माणका क्रममा रहेका दुई चलचित्र 'दाइको ससुराली' र 'मायाज बार'को प्रचार गरे। 'मायाज बार'को त उनले एउटा गीत नै गाएर सुनाए।

■ नायिका बिपना थापा नायिकाकै रूपमा कुनै चलचित्रबाट नामाङ्कनमा परेकी थिइनन्, तर उनले ड्रेस डिजाइनरका रूपमा चलचित्र 'मानिस'बाट पुरस्कार पाएपछि सबैले बुटिक चलाएर बसेकी थापालाई अब अभिनय छोडेर त्यतै लाग्ने हो कि भनेर जिस्क्याउँदै थिए।

## पुरस्कार विजेता

**लाइफ टाइम एचिभमेन्ट- गोपाल भुटानी (द्वन्द्व/कला निर्देशक)**
**चन्द्रप्रकाश घिमिरे (छायाँकार/निर्देशक)**



१. श्रृंगार- साम्भा डी पाटिल (क्रोध)
२. पहिरन- बिपना थापा (मानिस)
३. सम्पादन- तारा थापा (सावधान)
४. कला निर्देशन- पासाङ टी शेर्पा (बसाइँ)
५. पृष्ठसंगीत- सम्राट थापा (क्रोध)
६. स्वराङ्कन- राजकृष्ण श्रेष्ठ (क्रोध)
७. कथा- विनोद शेरचन (दुनियाँ)
८. पटकथा- सुरज सुब्बा 'नाल्बो' (भरोसा)
९. संवाद- विकास आचार्य (जीवनदाता)
१०. छायाङ्कन- राजु थापा (बसाइँ)
११. द्वन्द्व निर्देशन- राजेन्द्र खड्गी (दादागिरी)
१२. नृत्य निर्देशन- वसन्त श्रेष्ठ (भरोसा)
१३. नवनायक- राजेश ढुंगाना (जीवनदाता)
१४. नवनायिका- रञ्जु लामिछाने (बसाइँ)
१५. नवनिर्देशक- दिनेश डिसी (सावधान)
१६. बालकलाकार- सोफिया श्रेष्ठ (को आफ्नो को विरानो)
१७. हास्य कलाकार- जयकिशन बस्नेत (निखिल दाई)
१८. खलअभिनेता- मुकुन्द थापा (मैदान)
१९. सहअभिनेता- निखिल उप्रेती (मानिस)
२०. सहअभिनेत्री- तृप्ति नाडकर (आमाको काख)
२१. गीत रचना- दयाराम पाण्डे (निखिलदाइ)
२२. संगीत- सुरेश अधिकारी (मुग्लान)
२३. गायक- दीपक लिम्बु (हिम्मत)
२४. गायिका- देविका बन्दना (को आफ्नो को विरानो)
२५. अभिनेता- राजेश हमाल (दादागिरी)
२६. अभिनेत्री- सिर्जना बस्नेत (करण-अर्जुन)
२७. निर्देशन- शिव रेग्मी (मानिस)
२८. चलचित्र- क्रोध
२९. जुरी एवार्ड- दुनियाँ
३०. क्रिटिक्स अवार्ड- आमाको काख



## आदिवासीका चलचित्र

**साप्ताहिक समाचार**

काठमाडौं- इन्डिजिनियस फिल्म अर्काइभको आयोजनामा नेपाल इन्टरनेसनल इन्डिजिनियस फिल्म फेस्टिभल गत शुक्रबारदेखि आइतबारसम्म रूसी सांस्कृतिक केन्द्र तथा नेपाल पर्यटन बोर्डमा सम्पन्न भयो। महोत्सवमा नेपालभित्र निर्माण भएका १२ जनजाति समूहका १७ वटा चलचित्रका साथै क्यानाडा, अमेरिका, फिनल्यान्ड, मेक्सिको, चीन र नर्वेका गरी कुल ३० वटा चलचित्र प्रदर्शन गरिएका थिए। गुरुङ भाषाको चलचित्र 'कृपा'को प्रदर्शनबाट आरम्भ भएको उक्त महोत्सवको उद्देश्य नेपाली आदिवासी जनजाति चलचित्र-कर्मीहरूको शिल्प र ज्ञानको दायरालाई फराकिलो पार्ने तथा आदिवासी जनजातिको भाषा, संस्कृति र मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नु रहेको आयोजक संस्थाका अध्यक्ष नवीन सुब्बाले बताए। महोत्सवमा दराई, मगर, नेवारी, थारु, चेपाङ, धिमाल, गुरुङ, राई बान्तवा, लिम्बू, थामी, राउटे, तामाङ आदि जनजातिका चलचित्र प्रदर्शन गरिएका थिए। महोत्सवमा चलचित्र, म्युजिक भिडियो, लघु चलचित्र, वृत्तचित्र आदि विधाका चलचित्र प्रदर्शन भएका थिए।

## सुपर टिन सर्टलिस्टेड भए

काठमाडौं- इमामी फेयर एन्ड टिनले साप्ताहिकको सहयोगमा गर्ने 'इमामी फेयर एन्ड टिन-सुपर टिन २००७'को ब्लोअप प्रतिस्पर्धाका लागि परेका ५ सयभन्दा बढी आवेदनमध्ये १६ जना सुन्दरी 'सर्ट लिस्टेड' भएका छन्। आगामी साता साप्ताहिकमार्फत ब्लोअपका लागि फोटोसेसन गरिने अन्तिम १३ जनाको नामावली प्रकाशित गरिनेछ। 'सर्ट लिस्टेड' भएका १६ जनालाई टेलिफोन वा इमेलबाट जानकारी गराउने कार्य प्रारम्भ भैसकेको छ। 'इमामी फेयर एन्ड टिन-सुपर टिन २००७'का लागि काठमाडौं उपत्यकालगायत पोखरा, विराटनगर, धरान, बुटवल, चितवन आदि क्षेत्रबाट पनि आवेदन परेका थिए। आवेदन दिनेहरूका तस्बिर तथा व्यक्तिगत विवरणका आधारमा इमामी लिमिटेडका कन्ट्री सेल्स म्यानेजर शहिवाल गुहाथाकुर्था, पशुपति मार्केटिङका प्रबन्ध निर्देशक जगदीश रेनासर्ला, कान्तिपुर पब्लिकेशन्सका सहायक म्यानेजर अनिल बास्कोटा, आउटरिच नेपालका प्रबन्ध निर्देशक उजय शाक्य, क्रियटिभ निर्देशक दीपेन्द्र प्रजापति, आर्ट भिजुलाइजर अफजल खान र साप्ताहिकका उपसम्पादक सुव्रत आचार्यको छनौट समूहले उक्त 'सर्ट लिस्ट' तयार गरेको हो। 'सर्ट लिस्ट' पछि अन्तिम छनौटमा पर्ने १३ जनालाई ग्रुमिङ र मेकअप गरेर ब्लोअपका लागि फोटोसेसन गरिनेछ। आउँदो साउन ४ गतेको साप्ताहिकबाट क्रमैसँग १३ वटा अंकमा ती १३ जना युवतीको ब्लोअप प्रकाशित गरिनेछ भने तीमध्येबाट एक जनाले 'इमामी फेयर एन्ड टिन-सुपर टिन २००७'को उपाधि पाउनेछिन्।

## कलेजमा रक र मेटल संगीतको धमाका

पोखरा- पोखरा इन्जिनियरिङ कलेजको प्राङ्गणमा गएको साता दुई दिन चलेको पोखरा इन्जिनियरिङ कलेज मेलाको अवसरमा स्थानीयदेखि राजधानीदेखि आएका रक तथा मेटल ब्यान्डहरूले स्थानिय तन्नेरी दर्शकलाई उधुमैसँग झुमाए। अंग्रेजी गीत बढी घन्किएको कन्सर्टमा युवायुवतीहरूले राम्रैसँग मनोरञ्जन लिए। मेटल संगीतको स्वाद पहिलो पटक चाख्न पाएकोमा स्थानीय युवायुवतीहरू दंग देखिन्थे। कार्यक्रममा भूमि, सेमिस्टार वान, इपिटाप ब्यान्ड आदिले प्रस्तुत गरेको गीतमा सबै एकसाथ झुमेका थिए।

राजधानीका ब्यान्डको प्रस्तुतिमा नतमस्तक बनेका पोखरेलीहरूलाई स्थानीय ब्यान्डले पनि पर्याप्त मनोरञ्जन दिए। लेकसाइडमा अंग्रेजी गीत गाएर हिट नम्बरमा गनिएको थर्ड आई ब्यान्डले आफ्नो तातो प्रस्तुति दियो। त्यसै गरी क्राइसिस, आदिम , साइकोटीभनभ आदि स्थानिय रक ब्यान्डले पनि आफ्ना हिट नम्बरहरू प्रस्तुत गरे। कार्यक्रममा सहभागी हुन दमौलीबाट पनि एउटा ब्यान्ड आएको थियो। प्रकाश बरालले कन्दरा ब्यान्डको तगारोमा रुमाल राखी गीत दुरुस्तै गाएर सबैको मन राखेका थिए। कार्यक्रममा अन्य कलाकारहरूले पनि गीत नृत्य प्रस्तुत गरे। पाका दर्शकलाई ध्यानमा राखेर लोक तथा दोहोरी गीत पनि प्रस्तुत भए। सडक बालबालिका संरक्षण तथा पुनर्स्थापना केन्द्रको सहयोगार्थ आयोजित मेलामा शैक्षिक प्रोजेक्ट, रोवटहरूको प्रदर्शन तथा मनोरञ्जनात्मक गरी कुल २२ वटा स्टल समावेश थिए।





## जनचेतनामूलक रक कन्सर्ट

पोखरा- कन्सर्ट भनेपछि उफ्रिने बहाना बनिहाल्छ। तन्नेरी-तरुनीहरूको यही मनसाय बुझेर नै गेट वे फाउन्डेसनले लागुपदार्थविरुद्ध जनचेतना जोगाउने उद्देश्यले सांगीतिक जनचेतना कार्यक्रम सम्पन्न गर्‍यो। गर्मीले उकुसमुकुस बनाएको वातावरणको बेवास्ता गर्दै तन्नेरी जमात कन्सर्टको आगो ताप्न सभागृहमा हेलिए।

बेलुका चार बजे स्थानीय क्यानभास ब्यान्डले लागूपदार्थ दुर्व्यसनीसम्बन्धी गीत गाएपछि कार्यक्रममा गर्मागर्मी बढ्यो। पोखरेलीहरूको सांगीतिक तिर्सना मेट्न राजनधानीदेखि निम्त्याइएका थिए द एक्स र माउन्ट एटीएटफोर एइट। सुरुमा प्रस्तुत भयो माउन्ट ८८४८।

उक्त ब्यान्डले चर्चित गीत रात गुजार्न बाँकी छ के गाएको थियो कन्सर्टको वातावरण एकैचोटि तात्तिएर आयो। दर्शकहरू ठेलमठेल गर्दै गीतको तालमा उफ्रिन थाले। चर्को संगीतको तालले युवायुवती उत्तेजित भए। गर्मीले अत्तालिएपछि केही युवा लगाएको सर्ट फुकालेर समेत नाच्न तम्सिए। करिब १ घण्टा ८ मिनेट एकोहोरो लाइभ संगीत प्रस्तुत गरेर माउन्ट ८८४८ मञ्चबाट बिदा भयो।

उक्त ब्यान्डले आफ्नो प्रस्तुति सकेलगत्तै गेटवे फाउन्डेसनले लागूपदार्थ प्रयोगका कारण र त्यसको उपचारसम्बन्धी १८ मिनेटको वृत्तचित्र प्रदर्शन गरेर सांगीतिक वातावरणलाई केही पृथक्ता प्रदान गरेको थियो।

कार्यकमको अन्त्यमा चर्चित रक ब्यान्ड द एक्स मञ्चमा उत्रनेबित्तिकै दर्शकले जोडदार हुटिङ गरे। एक्सले एउटा चिठीको, लुक्न देउ,, देखें तिमीलाई, च्याङ्बा दाइ आदि आफ्ना हिट नम्बरहरू प्रस्तुत गर्दा उत्तेजित दर्शकको भीड धान्नै मुस्किल भएको थियो। द एक्सले स्थानीय दर्शकको वान्समोर पनि पाएको थियो। राति अबेरसम्म चलेको कार्यक्रममा एक्सले १ घण्टा १५ मिनेटसम्म लगातार लाइभ परफर्मेन्स दियो।

-शिव शर्मा

## लभगुरु रेखा

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



**म काठमाडौंको एउटा कलेजमा १२ कक्षामा अध्ययरत छु। प्रवेशिका परीक्षा तयारीताका मभन्दा दुई वर्ष सिनियर युवतीले मलाई प्रेमपत्र पठाइन्। त्यो मेरो जीवनको आश्चर्यजनक घटना थियो। पहिलो प्रेम, त्यो पनि आफूभन्दा राम्री तथा सिनियर युवतीले प्रस्ताव गर्दा नाइँ भन्न सकिएन। यो प्रेम चल्दै गयो। हाम्रो प्रेमका बारेमा दुवैको परिवारलाई थाहा भयो। साथीभाइले बधाई दिए। म कलेज पढ्न थालेपछि केही गम्भीर बन्दै गएँ। भविष्यका योजना बनाउन थालें। उमेरभन्दा चाँडै मलाई परिपक्वताले छोयो। म यो प्रेमलाई आफ्नो लक्ष्यसम्म पुर्‍याउने मार्गमा थिएँ। एकदिन अचानक मलाई एक गम्भीर रोगले च्याप्यो। मैले यो पीडा सहन सकिनँ। आफ्नी प्रेमीका भएकाले सबैभन्दा पहिले उनैलाई सुनाएँ। त्यसबेला उनले सान्त्वना त दिइन्, तर त्यसपछि मप्रति अरुचि प्रकट गर्न थालिन्। आजभोलि कस्तोसम्म अवस्था आएको छ भने उनी मेरो फोनसमेत रिसिभ गर्दिनन्। यसले मलाई थप पीडा दिएको छ। के प्रेम भनेको खुसीमा मात्र नभई दुःखमा पनि साथ दिने पवित्र बन्धनको नाम होइन र ? यस्ती स्वार्थी प्रेमिका सजायको लायक छैनन् ?**

**देवदास**

प्रेमपीडाको चोट खेपिरहनु भएकोमा तपाईंलाई केही सहानुभूतिका शब्द पठाउँदै छु। शब्दरूपी यी मल्हमले तपाईंको प्रेमपीडा मात्र होइन, प्रेमआक्रोस पनि कम हुँदै जानेछ भन्ने आशा गरेकी छु। तपाईंलाई हतारमा प्रेमपत्र पठाउने युवती वास्तवमा तपाईंलाई होइन, तपाईंको स्वस्थ्य शरीर एवं तपाईंको सुन्दर भविष्य देखेर प्रेम गर्थिन्। बेलैमा तपाईंले उनलाई चिन्नुभयो। समयभन्दा अघि नै जीवनमा यति ठूलो सत्य थाहा पाउने तपाईं भाग्यमानी हुनुहुँदो रहेछ। यदि विवाहपछि यही घटना तपाईंको जीवनमा घटेको भए तपाईंको अवस्था कस्तो हुने थियो ?

स्वार्थीहरूलाई समयले सजाय दिन्छ। कसैको पछि लाग्नुभन्दा आफ्नो लक्ष्यतर्फ अघि बढ्नुहोस् र सबैभन्दा पहिले आफ्नो स्वास्थ्य उपचारमा पर्याप्त ध्यान दिनुहोस्। तपाईंकी प्रेमीका आफ्नो गल्ती सम्भेर एक दिन अवश्य पछुताउनेछिन्।

## फिल्मी खबर

**वयोवृद्ध** कलाकार गोपाल भुटानी भन्छन्- अब मेरो एउटै इच्छा छ, मलाई सरकारले नागरिकता दिए हुन्थ्यो। सयभन्दा बढी चलचित्रमा अभिनय र चालीसभन्दा बढी चलचित्रमा द्वन्द्व निर्देशन गरेका भुटानी असी वर्ष कटिसकेका छन्। भुटानी अहिले अस्वस्थ छन्। थापाथलीस्थित एक घरमा एक्लै बहालमा बसिरहेका भुटानीका अनुसार चिकित्सकहरूले उनलाई पेटको क्यान्सर भएको बताएका छन्। त्यसैले उनी भक्तपुर क्यान्सर अस्पताल धाएर केमोथेरापी गराइरहेका छन्। यस्तो बेलामा किन नागरिकता चाहिएको ? भुटानी भन्छन्- म नेपाली हुँ, अहिले नागरिकता पाएर जग्गा-जमिन, गाडी खरिद गर्ने होइन, खाली नेपाली भएकोमा गौरव गर्न पाउने थिएँ। यतिबेला इलाम जिल्लाको फिक्कलमा जन्मिएको बताउने भुटानीको कोही सहारा छैनन्। बिरामीले यतिबिघ्न सताउँदा पनि उनी आफै खाना पकाएर खान बाध्य छन्। वर्षौं अघि श्रीमतीले छोडेर गएपछि उनी बेसहारा बनेका हुन्।

**अभिनेता** जयनेन्द्र चन्द यतिबेला जोखिममा जीवन बिताइरहेका छन्। २०३७ सालदेखि रजतपटमा देखिएका चन्दलाई हिजोआज दुई छाक टार्न पनि धौ-धौ छ। त्यसैले उनको उपचार प्रक्रिया अवरुद्ध भएको छ। उनी पक्षघातबाट ग्रसित छन्। जयनेन्द्रले हालसम्म सयभन्दा बढी चलचित्रमा अभिनय गरिसकेका छन्। हाल जयनेन्द्र ८२ वर्षका भए। ललितपुरको भनिमण्डलस्थित एक घरमा बहालमा बसेका जयनेन्द्र भौतिक सम्पत्तिको हिसाबमा सुकुम्बासी बराबर छन्। आफूभन्दा एक वर्ष जेठी श्रीमती बाहेक अर्को सहारा कोही छैनन्। चन्दका अनुसार सहयोगमा गुजारा चलिरहेको छ। विभिन्न किसिमका व्यायामले जयनेन्द्रको पक्षघात ठीक हुँदै गएको छ। चन्द भन्छन्- बिरामी भनेर चलचित्रवालाले बिर्सन थाले तर म काम गर्न चाहन्छु र सक्छु पनि।

**नायिका** मेलिना मानन्धर तथा निर्देशक महेन्द्र बुढाथोकीको लगानीमा ओमप्रकाश निरौलाले निर्देशन गरेको चलचित्र 'ज्वालामुखी' प्रदर्शनका लागि तयार हुँदैछ। नायिका मानन्धरद्वारा रुचाइएका नायक



सुशील क्षेत्रीको मुख्य भुमिका रहेको उक्त चलचित्रमा धीरेन शाक्य, मेलिना मानन्धर, दिनेश शर्मा, उषा पौडेल आदि कलाकारको प्रमुख भूमिका छ। चलचित्रमा मौनता श्रेष्ठको लेखन, चेतन सापकोटाको संगीत तथा सुमन तण्डुकारको छायाङ्कन हेर्न-सुन्न पाइन्छ।

# लागूऔषधविरुद्ध राजेश र बिपना

**साप्ताहिक समाचार**

काठमाडौं- नेपाली चलचित्रलाई हाँकिरहेका नायक राजेश हमाल तथा पछिल्लो समय अभिनयबाट भन्दा लोकतन्त्रवादी भएर अनि बुटिक सञ्चालन गरेर चर्चामा रहेकी नायिका विपना थापालाई सरकारले लागूऔषध विरुद्धको अभियानको दूत बनाएको छ। दूत भएपछि गत आइतबार 'लागूपदार्थ दिवस'का अवसरमा चलचित्र पत्रकार संघअन्तर्गतको स्पिकर्स कर्नरमा नायक हमालले औपचारिक तवरमा बिपना तथा आफू दूत भए पनि उनीहरूले समस्त चलचित्रकर्मीको प्रतिनिधित्व गरेकाले सबै चलचित्रकर्मी दूत भएको बताए। नायिका थापाले सबै मिलेर लागूपदार्थको दुष्प्रभावका सम्बन्धमा जनचेतना फैलाउनुपर्ने बताइन्। कार्यक्रममा चलचित्र निर्माता/निर्देशक युवराज लामाका कान्छा छोरा सिद्धार्थ लामाले आफू दुर्व्यसनको कुलतमा परेदेखि पुनःस्थापना केन्द्रमा उपचारका लागि पुगेसम्मको अनुभव सुनाएका थिए। उनका बारेमा अनुसन्धानकर्ता एवं पत्रकार दिवस गुरागाईंले 'द फायर' नामक वृत्तचित्र निर्माण गरेको कुरा पनि कार्यक्रममा बताइयो।

## छानिए मास्टर र मिस

**साप्ताहिक समाचार**

काठमाडौं- शनिबार हात्तीगौंडास्थित टुनग्राम इन्टरनेसनल एकेडेमीको हलमा २८ जना बालबालिकाबीच प्रतिभा प्रदर्शनको एक कार्यक्रम सम्पन्न भयो। आर्डेन्ट इभेन्ट म्यानेज्मेन्टले आयोजना गरेको उक्त प्रतिस्पर्धाको शीर्षक थियो- 'किडस् मास्टर एन्ड मिस २००७'। कार्यक्रममा सबैलाई उछिन्दै जयदित्य वर्मा किड्स मास्टर तथा आकृति अधिकारी किड्स मिस बन्न सफल भए। पाँच घन्टा चलेको उक्त कार्यक्रममा सहभागी बालबालिकाहरूले आफूले जानेको कला प्रस्तुत गरेका थिए। ब्युटिकन्टेस्टको शैलीमा सञ्चालित उक्त कार्यक्रममा विकास थापा र चाँदनी प्रधान दोस्रो तथा आशिष शाही र अस्मिता बाँस्तोला तेस्रो भए। यसका साथै कार्यक्रममा एक दर्जन विधागत पुरस्कार पनि प्रदान गरिएको थियो।



जम्का भेट

जेठ २७ गते आइतबार राजेश हमालले आफ्नो जन्मोत्सव मनाए। सम्भवतः यो उनको ४४ औं जन्मोत्सव हो। यद्यपि यो उमेरमा पनि उनी आफ्नो विवाहका सम्बन्धमा केही बोलिहाल्न सक्ने स्थितिमा छैनन्। चलचित्र दिदी-भाइको सुटिङमा व्यस्त हमालसँगको जम्काभेट-

**यो तपाईंको कतिऔं जन्मोसव हो ?**

-(लामो हाँसो) खै, कति हो, मलाई नै थाहा छैन। मैले आफ्नो जन्मदिन गन्नै छाडिदिएँ।

**जन्मदिन आउँदा कस्तो लाग्छ ?**

थप बूढो भइयो भन्ने कुरामा दुःख लाग्छ भने समयसँगै चल्न सकेसम्म खुसी नै हुनेछु। कुनै बेला मलाई आजको उमेरमा पुगेको कुरा सम्झन पनि मन लाग्दैनथ्यो।

**तपाईंको विवाह गर्ने बेला कहिले होला ?**

हरेक मानिस एउटा लक्ष्यमा पुगेपछि विवाहका बारेमा सोच्छन्, तर मैले त्यसरी सोचिनँ।

**तपाईंले कुनै नजिककी फ्यानसँग विवाह गर्ने कुरा पनि आएको छ नि ?**

कलाकारका प्रशंसकहरू हुन सक्छन्। उनीहरू उसको कलाकारिताको पछि लाग्छन् तर त्यस्ता कुरालाई विवाहसँग जोड्न मिल्दैन।

**भनेपछि तपाई आफ्नो विवाहका सम्बन्धमा अझै क्लियर हुनुहुन्न ?**

हो, म विवाह गर्ने निर्णय गर्न पनि सक्छु र नगर्ने निर्णय पनि गर्न सक्छु। अहिले नै कुनै डिसिजन भैसकेको छैन।

**उमेर गएजस्तो लाग्दैन ?**

लाग्दैन, किनभने मेरा सबै इन्द्रियहरू खुला र सक्रिय छन्।



# मैले उमेर गन्नै छाडिदिएँ

- राजेश हमाल

## केवल एक प्रश्न



बुझिन्छ, नबुझेका कतिपय कुराचाहिं सम्बन्धित कलाकारसँगै सोध्नुपर्छ। कहिलेकाहीं प्रदर्शनी भएका ठाउँमा पनि गइन्छ। यो पनि साहित्य कै एउटा रूप हो।

**केपी पाठक, निर्माता/निर्देशक**

बुझ्न गाह्रो पर्छ तर बुझेपछि मजा आउँछ। रङ्ग र पर्सनल सोचाइमा तयार भएका कारण त्यस्तो भाषा बुझ्नेले सजिलै बुझ्छ।

**झरना थापा, अभिनेत्री**

छर्लङ्गचाहिं होइन तर बुझ्छु। दुई पटक प्रदर्शनीमा पनि गएको छु। छर्-छर्र रङ छरेको हुन्छ, के हो के हो जस्तो लाग्छ तर बुझेपछि राम्रो लाग्छ।

**किरण केसी, हास्यअभिनेता**

म कहिलेकाहीं हेर्न जान्छु। गहिरो ढंगले नबुझे पनि अनुमान गर्न सकिन्छ। जमाना डिजिटलमा पुगे पनि हात र मस्तिष्कले गरेको यो मेहनतको म सम्मान गर्छु।

**नारद खतिवडा, हास्यअभिनेता**

यो पनि कलाकारकै सिर्जना भएका कारण कलाकारले केही न केही अर्थात् अरूभन्दा बढी नै बुझ्छौं जस्तो लाग्छ। पूरापूर त चित्रकारहरूले पनि बुझेका हुँदैनन् होला।

**लक्ष्मी गिरी, अभिनेत्री**

### तपाईं चित्रकारहरूको अमूर्तकला कतिको बुझ्नुहुन्छ ?

# दार्जीलिङवासी जुटे प्रशान्तलाई जिताउन



कुमार पराजित

दार्जीलिङ- जब प्रशान्त माइक्रोफोन हातमा लिएर गीत गाउन थाल्छन् तब उनको सफलताका लागि दार्जीलिङभरि दीप प्रज्वलन गरी पटाकाहरू पड्काइन्छ, अनि नारा जुलुस हुन्छ प्रशान्तको जित नेपालीको जित, प्रशान्त हाम्रो शान भन्दै। दार्जीलिङवासी यतिबेला नेपाली वेशभूषामा प्रशान्त तामाङको समर्थनका लागि व्यानर तथा फ्ल्याक्स पोस्टर लिएर ठाउँ-ठाउँमा ¥याली निकाल्दै नारा-जुलुस गर्दैछन्। यतिबेला दार्जीलिङको वातावरण दसैं-तिहारको जस्तै भएको छ ।

सोनी च्यानलबाट प्रत्येक शुक्रबार प्रसारण हुँदै आएको राष्ट्रिय स्तरको गायन प्रतियोगिताको तेस्रो इन्डियन आइडलमा दार्जीलिङका प्रशान्त तामाङ उत्कृष्ट दस स्थानमा पुग्न सफल भएपछि उनलाई इन्डियन आइडियलको विजेता बनाउन नेपाली बहुल क्षेत्रका जनताले उनको समर्थनमा शुभकामना कार्यक्रमहरू आयोजित गर्दै आएका छन्। दार्जीलिङ काउन्सिल तथा टेलिकम्युनिकेसन सेन्टरहरूले प्रशान्तलाई इन्डियन आइडल बनाउन चाहने सम्पूर्ण समर्थकलाई एसएमएस भोट गर्न निःशुल्क रिचार्जकार्ड वितरण गरेका छन्। प्रत्येक शुक्रबार प्रतियोगिताको दिन भारतीय पुलिसले ब्यान्ड बजाएर उनलाई सफलताको शुभकामना दिने गरेको छ।

दार्जीलिङका ठूल्ठूला भवनहरूदेखि लिएर बस्तीका झुपडीहरूको भित्तामा 'हाम्रा अनमोल रत्न प्रशान्त' लेखिएका रङ्गीचङ्गी व्यानर तथा पोष्टरहरू टाँगिएको छ। विभिन्न ठाउँमा रहेका गुम्बा अनि चौरस्तास्थित माकलथान मन्दिरमा उनको सफलताका लागि दैनिक पूजापाठ गरिँदैछ। गत साता हिमालय दर्पण दैनिकले प्रशान्तको ब्यानरमा समर्थकहरूको हस्ताक्षर गराई त्यसलाई मुम्बईस्थित आयोजना स्थलमा पु¥याउँदा यो हस्ताक्षर अभियानलाई आयोजकहरूले पहिलो रेर्कड मानेका थिए। आजसम्म कुनै नेता तथा धार्मिक गुरुहरूको पनि यसरी प्रचारप्रसार भएको थाहा थिएन, रवि तामाङले बताए।

'प्रशान्त हामी भारतीय नेपालीहरूको एकताको प्रतीक भएका छन्, उनको सफलताले हामी सम्पूर्ण नेपालीको छाती ठूलो पारिदिएको छ,'



अघिल्लो पुस्ताका दार्जीलिङे गायक कुमार सुब्बाले भने । दार्जीलिङे नेपालीहरूमा पनि भारत हल्लाउने क्षमतावान् गौरवहरू छन् भन्ने उदाहरण प्रशान्तले देखाएका छन्, सुब्बाले बताए।

दार्जीलिङमा मात्र होइन, सिक्किम गान्तोक, जोरथाङ, कालिम्पोङ, खर्साङ, पोखेबुङ, सिलीगुढी आदि क्षेत्रमा प्रशान्तलाई जिताउन एसएमएस भोट माग्ने र विभिन्न कार्यक्रम गर्ने अभियान नै चलेको छ। 'पछिल्लो एपिसोडमा मैले मात्र १ सय ६५ एसएमएस भोट दिएँ, हाम्रो परिवारभित्रबाट मात्र जम्मा ७ सय भोट गएछ,' धुमपहाड दार्जीलिङका रूपक चाम्लिङले भने। रूपकले दुवईमा रहेका आफ्ना दाइलाई पनि यहाँबाट फोन गरेर प्रशान्तका लागि एसएमएस गर्न लगाएको बताए। प्रशान्तलाई जिताउन आवश्यक प्रचार-प्रसारका लागि गायक आदित्य रायद्वारा स्वरबद्ध गीतिएल्बम गोर्खा कला मञ्चले बजारमा ल्याएको छ। त्यसैगरी स्थानीय पत्रपत्रिकामा उनलाई शुभकामना व्यक्त गरिएका कविताहरू पनि प्रकाशित गरिएका छन्।

## जी बंगाला सारेगमप, कम छैनन कर्मा पनि

शिव मुखिया

इलाम– इन्डियन आइडलको टप टेन राउन्डमा प्रतिस्पर्धा गरिरहेका नेपाली मूलका युवक प्रशान्त तामाङको चर्चाले व्यापकता पाइरहेकै बेला त्यस्तै प्रतियोगिताका अर्का नेपाली प्रतियोगी भने ओझेलमा परेका छन्। दार्जीलिङ, सुनादाका प्रतिभाशाली कर्मा शेर्पा अहिले चर्चा बाहिर छन्। उनी जी बंगला सारेगमप संगीत प्रतियोगितामा निरन्तर सफलताको सिंढी उक्लिरहेका नेपाली मूलका प्रतिस्पर्धी हुन्। जी टिभीबाट प्रसारण भैरहेको उक्त प्रतियोगीतामा बंगाला भाषाका गीत गाएर गैर बंगाली कर्माले निर्णयकहरूको मन जितेका छन्।

प्रतियोगीतामा ३३ हजार प्रतियोगीलाई उछिन्दै कर्मा सुपर सेभेनसम्म पुगेका छन्। अब हुने सुपर थ्रीको छनौटका लागि कर्मालाई जिताउन सम्पूर्ण दार्जिलिङवासी उर्लिएका छन्। कर्माको पक्षमा भोट खसाल्न अनुरोध गर्दै दार्जिलिङका चोक, गल्ली सबैतिर व्यानर एवं पम्प्लेटहरू टासिएका छन्। त्यसो त गाडीबाट माइकिङ गर्दै 'कर्मालाई भोट देऊ' भन्दै हिँड्ने युवाहरूको संख्या पनि कम छैन। युवायुवतीहरू आफ्नो मोबाइलबाट एसजीपी कर्मा ७५७५ मा एसएमएस गर्न पनि तल्लीन देखिन्छन्।

# पोखरामा लिटिल किड्स मेघा ट्यालेन्ट कन्टेस्ट



पोखरा- दीपेन्द्रसभागृहको कक्षभित्र दर्शक टनाटन देखिन्थे। दिउँसोको ठीक दुई बजे सन्तोष भट्टराईले उद्घोषण गरेपछि मञ्चमा ओमसागर श्रेष्ठले गायक नवीन भट्टराईको गीत गाएपछि फुच्चाफुच्चीको ट्यालेन्ट कन्टेस्ट प्रारम्भ भयो। केही समयअघि मात्र सम्पन्न लिटिल फेरी तथा लिटिल प्रिन्सको गर्मी सेलाउन नपाउँदै शनिबार बालबालिकाहरूलाई केन्द्रित गरेर फिनेसे इभेन्ट म्यानेजमेन्ट ग्रुप इन एसोसिएसन विथ पाइथागोरस एजुकेसनले ५ देखि १५ वर्ष उमेर समूहका बालबालिकाहरूमाझ लिटिल किड्स मेघा टयालेन्ट कन्टेस्ट-२०६४ सम्पन्न ग¥यो।

वैशाख महिनादेखि अडिसन राउन्ड, सेमिफाइनल राउन्ड हुँदै ग्रान्ड फाइनल राउन्डमा पुगेर प्रतियोगिता सकिएको हो। स्थानीय निजी तथा सरकारी विद्यालयका कुल ४५ जना बालबालिकाले प्रतियोगितामा प्रतिस्पर्धा गरेका थिए। बालबालिकाले आफूमा भएको गायन नृत्य कला देखाए। प्रतिस्पर्धामा १५ जनाले नृत्य र बाँकीले गायनमा प्रतिस्पर्धा गरेका थिए।

५ देखि १० वर्ष उमेर समूह र १० देखि १५ वर्ष उमेर समूह गरी दुई समूहमा बालबालिकामाझ प्रतिस्पर्धा गराइएको थियो। प्रतियोगिताको पहिलो समूहमा गायनतर्फ ९ वर्षका पुजन गुरुङ उत्कृष्ट ठहरिए। उनले उदीप नारायण झाको उपहार एल्बमको गीत गाएका थिए। त्यसै गरी अर्को समूहको गायनमा १३ वर्षकी जेनिसा पौडेल प्रथम भइन्। विवेक तामाङ फस्ट रनर-अप तथा मक्रुस दास सेकन्ड रनर-अप भए।

त्यस्तै नृत्यतर्फको पहिलो समूहमा बालोदय स्कुलकी सोफिया बराल प्रथम भइन्। उनको नृत्यको सबैले प्रशंसा गरेका थिए। त्यस्तै अर्को समूहको नृत्यमा १२ वर्षीया सोनी गौचन प्रथम भइन्। दर्शकले मोबाइल एसएमएसमार्फत सुविना श्रेष्ठलाई नृत्यतर्फ पब्लिक डिमान्डको टाइटल दिलाए। प्रतियोगितामा सञ्जय थापा र दिवस लामाको नृत्य उत्कृष्ट ठहरियो। नृत्य निर्देशक दिनेश अधिकारी, गायक बाबु बोगटी, कोरियोग्राफर आश्मा शर्मा, सिने पत्रकार प्रकाश सुवेदी तथा फुर्सद डटकमका नीरज कोइरालाले बालबालिकाहरूको प्रतिभा मूल्याङ्कन गरेका थिए। करिब सात घण्टा चलेको कार्यक्रममा जापानी कलाकारले आकर्षक नेपाली नृत्य प्रस्तुत गरेर सबैको मन जितिन्।

–शिव शर्मा

## चलचित्र



### अहंकार


मधेसी र पहाडिया समुदायबीचको द्वन्द्वमा आधारित चलचित्र 'अहंकार'लाई नेपाल सरकारको केन्द्रीय चलचित्र जाँच समितिले प्रदर्शनमा प्रतिबन्ध लगाए पनि चलचित्रकर्मी तथा सञ्चार माध्यमहरूको दबाबका कारण अन्ततः प्रतिबन्ध फुकुवा भयो। यो चलचित्र आज शुक्रबारदेखि दाङ, पोखरा, नारायणघाट र दमकका चलचित्र भवनहरूबाट सार्वजनिक गरिदैंछ। चलचित्रमा वर्षौंदेखि मधेसको एउटा गाउँमा बसोबास गर्दै आएको पहाडी समुदाय र मधेस नै जन्मभूमि एवं कर्मभूमि भएका मधेसी समुदायबीचको सुमधुर सम्बन्धमा पहाडी समुदायका एक जना नेता तथा मधेसी समुदायका अर्का नेताले आँखा गाड्छन्। एक-आपसको राजनैतिक लडाइँ एवं शत्रुताको निर्क्यौल उक्त सुमधुर सम्बन्धबाट सम्भव नहुने निष्कर्षमा पुगेपछि उनीहरू दुई समुदायबीच वैमन्यस्यता सिर्जना गर्न थाल्छन्। उनीहरू त्यसमा सफल पनि हुन्छन्, तर पहाडिया समुदायका एक युवक र मधेसी समुदायका अर्का युवकको मित्रताका कारण उनीहरूको दुष्कर्मको अन्त्य हुन्छ। यद्यपि जातीय आन्दोलनका कारण सयौंको ज्यान जान्छ, रगतको खोला बग्छ। त्यही खोलाको बीचमा बसेर 'नेपाल आमा'की प्रतिमूर्ति एक वृद्धाले एक-आपसमा नलड्नु भन्ने सन्देश दिन्छिन्। सुशील क्षेत्री, ध्रुव कोइराला, ऋचा घिमिरे, प्रेरणा शर्मा, सुवास गजुरेल आदि कलाकारको मुख्य भुमिका रहेको यो चलचित्रका निर्देशक दिनेश कार्की तथा निर्माता सञ्जीव प्रधान हुन्। चलचित्रमा कन्हैया सिंहको संगीत सुन्न सकिन्छ।

### आपका सुरुर



चलचित्र 'तेरे नाम' सुपरहिट हुनुमा हिमेश रेशमियाको संगीतको त्यत्तिकै महत्त्वपूर्ण भूमिका थियो। त्यसपछि हिमेशले आफ्नै स्वरमा चर्चित गीतहरू गाए। हिमेश पृथक् स्वरका कारण भारतीय उपमहाद्वीप मात्र होइन, अमेरिका-युरोपमा पनि प्रख्यात छन्। हिमेशले आज सार्वजनिक हुने चलचित्र 'आपका सुरुर' मार्फत अभिनययात्रा थाल्दैछन्। प्रशान्त चड्डाले निर्देशन गरेको यो चलचित्रमा निर्माता विजय तनेजाले हिमेश नवकलाकार हुँदाहुँदै पनि लगानीमा कन्जुस्याइँ गरेका छैनन्। ठूलो बजेटमा तयार भएको यो चलचित्र प्रचार-प्रसारमा पनि अगाडि छ। प्रचारप्रसारकै कारण आज सार्वजनिक हुने तीन चलचित्रमध्ये यो चलचित्रले सबैभन्दा बढी व्यापार गर्ने विश्लेषकहरूको जिकिर छ। रमाइलो पक्ष हिमेशले किन क्याप लगाउँछन् भन्ने रहस्य पनि यो चलचित्र हेरेपछि थाहा पाइनेछ। यो चलचित्रमा कामुक अभिनेत्री मल्लिका शेरावतले हिमेशलाई साथ दिएकी छिन्। चलचित्रको प्रमुख आकर्षण यसको जबरजस्त संगीत हो। हिमेशका फ्यानहरूले मात्र हेरिदिए पनि यो चलचित्र सफल हुने बताइन्छ। चलचित्रमा हंसिका मोतवानी हिमेशकै नायिकाका रूपमा प्रस्तुत हुनेछिन्। हिमेशको संगीतमा निर्माण भएको यो चलचित्रका गीत समीरले लेखेका हुन्।

### इभनिङ




हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'इभिनिङ' सार्वजनिक हुँदैछ। रोमाञ्चक प्रेमकथामा आधारित यो चलचित्रमा हरेक व्यक्तिको जीवनशैली पछिल्लो पुस्ताका निम्ति कत्तिको प्रेरणादायी हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ। चलचित्रमा आन लर्डले आफ्नो जवानीका सम्पूर्ण कुरा छोरीहरूलाई बताउँछिन्। मर्न लागेको अवस्थामा आनले छोरीहरूलाई आफ्नो महत्त्वपूर्ण ५० वर्षको अनुभव सुनाउँछिन्। त्यसको महत्त्वपूर्ण पक्ष उनले यौवनावस्थामा गरेको प्रेम हो। जहाँ उनले कतिपय सही-गलत माध्यमको सहारा लिएकी हुन्छिन्। लाजोस कोल्टाइले निर्देशन गरेको यो चलचित्रमा भानेज्जा रेडग्रेभ, मर्ल स्ट्रिप, टोनी कलेट, क्लेर डानिज, नताशा रिचार्ड्सन आदिले मुख्य भूमिकामा अभिनय गरेका छन्। होड आइल्यान्ड अमेरिकामा छायाङ्कन भएको यो चलचित्रले दर्शकको मन जित्नसक्छ।

### हु एम आई ?



भौतिक विज्ञानमा मात्र विश्वास गर्ने नास्तिक स्वभावको एक युवाले धार्मिक आस्था तथा महत्त्वलाई कसरी स्वीकार गर्छ भन्ने विषयमा आधारित 'हु एम आई ? ब्रिङ्गिङ इटरनल इन टु म्याटरियल' छोटो चलचित्र (सर्ट फिल्म) को अवधारणामा तयार भएको छ। मुम्बई रहँदा सर्ट फिल्म हेरेका निर्देशक विपिन रानाले तयार गरेको यो डकुमेन्ट्री १३ मिनेटको छ। डकुमेन्ट्रीमा प्रेमिकाको करकापमा गुम्बा पुगेको युवक प्रवचन दिइरहेका गुरुलाई देखेर भाग्ने प्रयासमा हुन्छ। उसलाई धार्मिक कुरा पटक्कै चित्त बुझ्दैन। सरसर्ती हेर्दा ऊ विद्वान् अरविन्द घोषको विचारलाई समर्थन गर्ने स्वभावको हुन्छ, तर एकपटक उसलाई विरोधीहरूले गोली हान्छन्, त्यसबेला ऊ गुरुकहाँ पुगेर आफूलाई बचाइदिन आग्रह गर्छ। त्यसबेलामा गुरुले ऐना देखाउँदा उसले त्यसमा आफ्नो तस्बिर देख्न सक्दैन। अचम्म मानेर उसले सोध्छ, हु एम आई ? गुरुले जसको उत्तरसँगै धर्म र दर्शनको महत्त्व प्रस्टचाउँछन्। त्यसपछि मूल पात्रले धार्मिक दर्शनको महत्त्व बुझ्छ। चलचित्रमा युवकलाई प्रस्ट्याउने क्रममा गुरुले विभिन्न उदाहरण प्रस्तुत गरेका छन्। जसलाई हेरेपछि नास्तिक विचारका मानिसहरूले पनि धार्मिक महत्त्व एवं प्रभावलाई महसुस गर्न सक्छन्। यो चलचित्र तिब्बेतियन बुद्धिज्ममा आधारित छ।



## पहिलो विश्व व्यापार साइबर सेक्सको

तपाईं कत्तिको वेबसर्फिङ गर्नुहुन्छ ? यदि गर्नुहुन्छ भने पक्कै पनि कुनै पोर्नोग्राफी साइट खोल्ने प्रयास अवश्य गर्नुभएको होला। किनकि अमेरिकाको एक संस्थाले गरेको सर्वेक्षणअनुसार प्रत्येक सेकेन्ड २८ हजार २ सय ५८ जनाले इन्टरनेटमा अश्लील साइट हेरिरहेका हुन्छन् भने ३ सय ७२ जना यस्ता साइट खोज्न कुनै सर्च इन्जिन साईटमा विभिन्न शब्द टाइप गरिरहेका हुन्छन्। यो सबैको कारण यौनप्रतिको आकर्षण भएको उक्त कम्पनीको ठहर छ। सोही संस्थाले गरेको अर्को सर्वेक्षणअनुसार अमेरिकामा मात्र प्रत्येक ३९ मिनेटमा एउटा अश्लील चलचित्र निर्माण हुने गरेको छ। यौनजन्य चलचित्र तथा तस्बिरहरूको व्यापार यसरी बढेको छ कि सन् २००६ मा यसले ६३ अर्ब ५ करोड रुपैयाँ आम्दानी गरेको थियो, जुन प्रविधिसँग सम्बन्धित काम गर्ने माइक्रोसफ्ट, गुगल, याहु तथा एप्पल कम्पनीलाई एकै ठाउँमा राख्दा पनि अपुग हुने थियो।

विश्वमा यौनजन्य सामग्रीहरूको व्यापार तीव्र रूपमा बढ्दै गएको कुरालाई यतिले मात्र संकेत गर्दैन। विश्वमा कुनै पनि सामग्रीको उत्पादनमा अग्रस्थानमा रहेको चीनले सन् २००६ मा १ खर्ब ७८ अर्ब १० करोड रुपैयाँ बराबरको यौन आनन्द दिने खेलौना उत्पादन गरेको थियो। चीनको यो कारोबारलाई दक्षिण कोरिया र जापानले पच्छ्याउँदै आएका छन्, तर वेबसाइटको व्यापारमा भने अमेरिका अगाडि छ। अहिले अमेरिकाबाट मात्र २४ करोड ४० लाख वयस्क वेबसाइट सञ्चालनमा छन्। यो होडमा जर्मनी दोस्रो स्थानमा छ।

## कुमारीत्व औंठी

अधिकांश धर्मग्रन्थले कुमारी युवतीका बारेमा विभिन्न किसिमको व्याख्या गरेका छन्। कतिपय यो व्याख्यालाई नमान्ने छन्, कतिपय मान्नुपर्छ भन्ने छन् भने कोही यसलाई आ-आफ्नो व्यक्तिगत स्वतन्तत्रा हो पनि भन्छन्।

हालै लन्डनको एक स्कुलमा यस्तै किसिमको विवाद सिर्जना भयो। क्रिस्टियन धर्ममा विवाहभन्दा अघि कसैसँग यौनसम्पर्क नराख्ने युवतीले आफ्नो देब्रे हातको साहिँली औंलामा औंठी लगाउने धार्मिक चलन छ, तर विद्यालयले यस्ता कुनै किसिमको धार्मिक प्रभाव पर्ने खालको कार्य गर्न नहुने भन्दै युवतीहरूलाई औंठी लगाउन प्रतिबन्ध लगायो। विद्यालयको उक्त निर्णयको विरोध गर्दै १६ वर्षीया लिडिया प्लेफुटले अदालतमा मुद्दा हालिन्। 'बाइबलमा मेरो आस्था र विश्वास छ, यसलाई मान्नु मेरो व्यक्तिगत स्वतन्त्रता हो।' प्लेफुटले मुस्लिम धर्मका महिलाहरूले मुहार ढाक्छन्, हिन्दू महिलाहरूले चुरा लगाउँछन् भने मैले किन औंठी लगाउन नहुने ? भन्ने प्रश्न पनि गरेकी छिन्। उनले पेस गरेको उक्त मुद्दाले नयाँ विवाद सिर्जना गरेको छ। केही समयअघि युरोपका केही राष्ट्रले मुस्लिम युवतीहरूलाई बुर्का लगाएर विद्यालय आउन प्रतिबन्ध लगाएका थिए।



### अन्त्यमा....



तपाईंले कहिल्यै नाङ्गै नुहाउनुभएको छ ? सानो छँदा खोला, पोखरी, झरना, तालमा अवश्य नुहाउनुभएको होला, ठूलो भएपछि सायद बाथरुममै होला। पर्यटकीय दृष्टिकोणले मात्र नभएर ऐतिहासिक महत्त्व भएको र त्यसमा पनि रोममा १७ औं शताब्दीताका निर्माण गरिएको बार्कासिया फोहोरामा नाङ्गै नुहाएर एक युवकले त्यहाँ नाङ्गै नुहाउने आफ्नो तृष्णा पूरा गरेका छन्। २२ वर्षीय यी अमेरिकी युवक सार्वजनिक स्थानमा नाङ्गै नुहाएका कारण तुरुन्तै प्रहरीको फन्दामा पनि परिहाले।

# बोर्डको राष्ट्रिय सम्मान

**को के भन्छन् ?**

स्रष्टालाई सम्मान गर्ने हेतुले एवार्ड स्थापना गर्नु एकदमै राम्रो हो। यसलाई निरन्तरता दिनुपर्छ। एवार्डका विषयमा कसैले पनि नकारात्मक धारणा राख्नु हुँदैन

**बसुन्धरा भुषाल, चरित्र अभिनेत्री**

राष्ट्रप्रमुखको हातबाट कलाकर्मीले एवार्ड पाउनु भनेको आम चलचित्रकर्मीका लागी खुसीको कुरा हो। राष्ट्रले दिने एवार्ड भएकाले यसको गरिमा उँचो बनाउन सबैपक्ष लाग्नुपर्छ।

**नारायण पुरी, निर्माता–निर्देशक**

बोर्डले ढिलै भए पनि नेसनल एवार्ड दिने घोषणा गरेर राम्रो थालनी गरेको छ। यसको महत्त्व बढाउन निर्णयकर्ताहरू उत्तिकै संवेदनशील हुनु जरुरी छ।

**निखिल उप्रेती, अभिनेता**

यो एकदमै राम्रो कुरा हो। यस्ता एवार्ड पहिल्यै स्थापित भैसक्नुपथ्यो, यद्यपि ढिलै भए पनि सुरु हुनुलाई राम्रो रूपमा लिनुपर्छ। विधाचाहिँ सार्है कम भयो कि जस्तो लाग्छ।

**बिपना थापा, अभिनेत्री**

चलचित्र बिकास बोर्डले छ विधामा राष्ट्रिय सम्मान गर्ने योजना बनाएको छ। चलचित्रका विषयमा दिइने अवार्डलाई सम्मानित एवं मर्यादित बनाउन थोरै विधामा पुरस्कार दिने निर्णय गरिएको बोर्डका अध्यक्ष शैलेश आचार्यले बताए। त्यसो त उक्त सम्मान राष्ट्रप्रमखकै हातबाट प्रदान गर्ने योजना छ।

आफ्नो स्थापना भएको तिथिलाई आधार मानेर बोर्डले वार्षिक उत्सव मनाउँदै आएको छ। यसपालि पनि १५, १६ र १७ असारलाई बोर्डले आफ्नो स्थापना दिवसका रूपमा मनाउँदै छ। यस वर्ष हुने एवार्डमा ०६३ वैशाख १ देखि चैत मसान्तसम्म जाँचपास भएका चलचित्रले प्रवेश पाउनेछन्। अभिनेता (पुरुष, महिला) निर्देशक, निर्माता, छायाङ्कन र पटकथामा पुरस्कार दिइनेछ। पुरस्कारका विषयमा अनावश्यक विवाद नआओस् भनेर सुरुमा थोरै विधामा पुरस्कार दिने योजना बनाइएको अध्यक्ष आचार्यको कथन छ। 'यति नै हुनपर्छ भन्ने छैन, पछि अरू विधा थपिन सक्छ। अहिलेको प्रसिद्ध ओस्कार एकेडमी एवार्ड पनि चार विधाबाटै सुरु भएको थियो।' उनले बताए।

चलचित्र निर्माणका लागि नभैनहुने विधामा मात्रै एवार्ड दिने योजना बनाएका अध्यक्ष आचार्यले नेपाली चलचित्रको हितका लागि अन्य कार्यसमेत सार्वजनिक गर्ने योजना रहेको बताएका छन्। यस पटकको एवार्डमा ९० मिनेटभन्दा लामा जुनसुकै फर्म्याटमा बनेका चलचित्रले सहभागी हुन पाउनेछन्।

नेपाली चलचित्रलाई व्यवस्थित र विश्व बजारमा बेच्न लायक बनाउन न्यूनतम पूर्वाधारसमेत नभएको अवस्थामा बोर्डले छिट्टै मुलुकभर नेपाली चलचित्र प्रदर्शन गराउने व्यवस्था गर्ने भएको छ। 'जहाँसम्म मोटर बाटो पुगेको छ त्यहाँ हामी जसरी पनि चलचित्र देखाउने व्यवस्था गर्छौं,' उनले भने। त्यस्तै पर्यटन बोर्डसँगको सहकार्यमा सिनेमा टुरिज्म कार्यक्रमसमेत गरिने भएको छ। आमनिर्देशकलाई ज्ञान दिने हेतुले अत्याधुनिक लाइब्रेरी स्थापनाका लागि बोर्ड लागिपरेको अध्यक्ष आचार्यले जानकारी दिए।

**– दिवस गुरागाई**

### बोर्डबाट उम्के आचार्य

चलचित्र विकास बोर्डका अध्यक्ष शैलेश आचार्यसहित तीन पदाधिकारीले गत आइतबार प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समक्ष संयुक्त राजीनामा दिए। बोर्ड सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत पर्ने र उक्त मन्त्रालयमा मन्त्री माओवादीका भएकाले काम गर्न सहज नहुने जस्तो देखेर नेपाली कांग्रेस समर्थक आचार्यसहित सदस्यद्वय नयनराज पाण्डे तथा राजेन्द्र केसीले राजीनामा दिएको बुझिएको छ। उनीहरूले माओवादी सञ्चारमन्त्रीलाई राजीनामा नदिएर प्रधानमन्त्रीलाई राजीनामा बुझाएका हुन्। राजीनामा दिएपछि नयनराज पाण्डेले भने- 'प्रधानमन्त्री हाम्रो पार्टीको नेता भएकाले हामीले उहाँसमक्ष नै राजीनामा पेस गरेका हौं।' पाण्डेका अनुसार उनीहरूले कुनै दबाबका कारणबाट नभै नैतिक हिसाबले राजीनामा दिएका हुन्। नेकपा (एमाले) निकटका बोर्ड सदस्य देशभक्त खनालले भने राजीनामा दिएका छैनन्।

## सानो पर्दा

**हास्यकलाकार** दमन रूपाखेती आफूले अभिनय तथा निर्देशन गरिरहेको नेपाल टेलिभिजनको चर्चित हास्यश्रृंखला 'मेरी बास्सै' बाट आफै बाहिरिएका छन्। अघिल्लो शुक्रबार साँझ साढे सात बजे प्रसारण भएको उक्त श्रृंखलाको नयाँ भागमा 'घरज्वाइँ' को अभिनय गरिरहेका दमन देखिएनन्। प्राप्त जानकारीअनुसार विगत केही समययता श्रृंखलाका दुई पात्र धुर्मुस र माग्ने बूढा अर्थात् सीताराम कट्टेल र केदार घिमिरेसँग दमनको मनमुटाव बढेको थियो। त्यही कारणले गर्दा उनले उक्त श्रृंखला छाडेका हुन्। अबदेखि उक्त श्रृंखलाको निर्देशन कट्टेल र घिमिरेले गर्नेछन्। हास्यकलाकार रूपाखेती भने अर्को हास्यश्रृंखला निर्माण गर्ने दाउमा छन्।

**नेपाल** वानबाट प्रसारण भैरहेको दैनिक टेलिश्रृंखला 'कसलाई आफ्नो भनूँ' नेपाली च्यानलबाट प्रसारण हुने पहिलो दैनिक टेलिश्रृंखलाका अतिरिक्त सबैभन्दा बढी भाग प्रसारण भएको श्रृंखला भएको छ। रमेश बूढाथोकीद्वारा निर्देशित उक्त श्रृंखला आइतबारदेखि बिहिबार हप्ताको पाँच दिन हरेक राति साढे आठ बजे प्रसारण हुने गरेको छ। नयनराज पाण्डेद्वारा लिखित उक्त श्रृंखलाको सुरुका भागमा कृति भट्टराईले अभिनय गरेकोमा हाल उक्त भूमिका रञ्जु लामिछानेले निर्वाह गरिरहेकी छिन्, जसमा श्रीराम पुडासैनी, सौजन्य सुब्बा आदि कलाकारको पनि केन्द्रीय भूमिका छ।



**कान्तिपुर** टेलिभिजनमा 'विन कान्तिपुर' शीर्षकमा दर्शकहरूसँग प्रत्यक्ष प्रश्नोत्तर गरेर प्रायोजित पुरस्कार प्रदान गर्दै जाने कार्यक्रमले लोकप्रियता पाउँदै गएको छ। उक्त कार्यक्रम हाल नवराज आचार्य र माल्भिका सुब्बाले सञ्चालन गर्छन्। प्रदीप कसपाल निर्माता रहेको उक्त कार्यक्रममा उत्तर मिलाउँदै जाने दर्शकले अहिले काठमाडौं मलबाट दस हजारको फ्रि शपिङ, रिकोनाका घरयासी समानहरू आदि जित्न सक्छन्। कार्यक्रम हरेक बुधबार राति नौ बजेदेखि दस बजेसम्म प्रत्यक्ष प्रसारण गरिन्छ। यसबीच इमेज च्यानलका पनि त्यही प्रकृतिको कार्यक्रम प्रसारण हुन थालेको छ। वैशाख महिनाको अन्तिम साता आरम्भ गरिएको उक्त कार्यक्रम हाल हरेक शनिबार राति आठ बजे प्रत्यक्ष प्रसारण गर्न थालिएको छ, जसलाई प्रियंका कार्कीले सञ्चालन गर्छिन्। एक घण्टाको उक्त कार्यक्रममा सहभागी भै उत्तर मिलाउँदै जाने दर्शकले कम्प्युटर, टेलिभिजन सेट, मोटरसाइकलजस्ता पुरस्कार जित्न सक्छन्। कार्यक्रमका निर्माता एलन श्रेष्ठ हुन्।

## साताको स्वर



### सविन राई

**सम्भनाहरूलाई....... कस्तो किसिमको गीत हो ?**
एकदमै स्लो खालको। स्लो भएकैले श्रोताहरूले ध्यान दिनुहुन्न जस्तो लागेरै यो गीत मेरो अघिल्लो एल्बममा परेन। यसमा प्रेम वियोगको पीडा समेटिएको छ।
**यो गीत कहिले रचिएको हो ?**
एक दशकअघि। ट्चाजेडी परेकाले दक्षिण कोरियाबाट फर्केलगत्तै लेखेको थिएँ।
**गीतले के भन्न खोजेको छ ?**
चार वर्ष चलेपछि ब्रेक भएको प्रेम-विछोडको आफ्नै अनुभव व्यक्त गरेको छ। विछोडिएकी प्रेमिकालाई मैले भन्न खोजेको कुरा पनि गीतमा सुन्न सकिन्छ।
**गीत रेकर्ड गर्दाको स्मरणीय क्षण ?**
रेकर्डिङ गरेर एरेन्ज गर्दा सतह-२ एल्बमका निम्ति एरेन्ज गर्न अन्तिममा दिइएको गीत हो यो, तर एरेन्जर मनोज केसीले सुन्नासाथ गीत मन पराए।
**गीत सुन्नेभन्दा पनि हेर्न चलन बढेको छ। यो गीतको म्युजिक भीडियो कहिले आउँछ ?**
चाँडै बन्दैछ। प्रतीक्षा गरौं, छिट्टै टेलिभिजनहरूमा हेर्न पाइनेछ।
-राजु घिसिङ

**गायक** यम बराल तीन महिना लामो जापान यात्रा टुंग्याएर गत साता नेपाल फर्किएका छन्। नेपाल-जापान दौत्यसम्बन्धको स्वर्ण जयन्तीको अवसर पारेर त्यहाँ पुगेका बरालले जापानीहरूलाई नेपाली संगीत सुनाएका थिए। 'रेशम फिरिरि ... धेरै पटक गाइयो', साप्ताहिकसँगको कुराकानीका क्रममा बरालले भने- 'गोपाल योञ्जनको देशले रगत माग्यो....बाट मेरो सांगीतिक प्रस्तुति प्रारम्भ हुन्थ्यो। त्यसपछि मेरा चर्चित गीतलगायत अन्य लोक-आधुनिक गीत पनि प्रस्तुत गर्थें,' अधिकांश समय मात्सुमोतो नगरमा बिताएका बरालले त्यहाँ रहँदा जापानी विद्यार्थीहरूसमक्ष नेपाली संगीतको विषयमा कार्यशाला पनि सञ्चालन गरेका थिए। जापानमा रहेका नेपालीहरूका विभिन्न संघसंस्था, एनआरएन जापान शाखाको आयोजनामा बरालले नागवे, निगाता सिटी, टोकियो आदि स्थानमा कन्सर्ट प्रस्तुत गरेका थिए। बराल भन्छन्-मैले नेपाली संस्कृतिको महत्त्वका सबै सम्बन्धमा जापानिजहरूलाई जानकारी गराए, कार्यशालामा उपस्थित बालबालिकादेखि वयष्कसम्म सबैले रुचिका साथ मेरा कुरा सुने। जापानमै रहँदा बरालले 'माया' गीतिसंग्रहको 'घामको भुल्को पऱ्यो, तिमी उठ्यौ कि ?' गीतको छायाङ्कनकार्य पनि गरे। त्यस्तै जापानमा बस्दै आएका युवा उद्योगपति भुवन भट्टको शब्दमा संगीत तथा स्वर भरेर 'हीरा' शीर्षकको गीतिसंग्रह तयार गर्ने योजना बनेको कुरा पनि गायक बरालले बताए।

**तबलावादनबाट** फ्युजन धुन प्रस्तुत गर्न सफल तबलावादक प्रीतम राई गायक बन्ने तरखरमा छन्। प्रीतमले गाएका गीतहरूको संग्रह केही महिनाभित्रै बजारमा आउँदैछ। त्यसैगरी सारङ्गीवादनमा अन्तर्राष्ट्रिय ख्याति कमाएका श्यामशरण नेपाली पनि आफ्नो स्वरमा गीत रेकर्ड गरेर एल्बम निकाल्दै छन्। संगीत क्षेत्रमा लागेको धेरै वर्ष भएकाले उनीहरू त्यही अनुभवका आधारमा गीत गाउन लागेको बताउँछन्। एल्बममा पनि उनीहरूले फ्युजन गीत नै गाउनेछन्।

**म्युजिक** भिडियो निर्देशक समन अधिकारीले हालै विश्वको सर्वोच्च शिखर सगरमाथामा एउटा म्युजिक भिडियोको छायाङ्कन सकेका छन्। अधिकारीका अनुसार यो विश्वको सबैभन्दा अग्लो स्थानमा खिचिएको पहिलो म्युजिक भिडियो हो। दुर्गालाल श्रेष्ठको रचना, न्हूच्छे बज्राचार्यको संगीत रहेको उक्त गीतका गायक तीन पटक सगरमाथा आरोहण गरिसकेका आरोही आङनिमा शेर्पा हुन्। विश्व कीर्तिमान कायम राख्ने सोंचका साथ निर्माण गरिएको उक्त म्युजिक भिडियोमा हिउँ चितुवा नामबाट पनि ख्याति कमाएका आरोही आङरिता शेर्पालाई पनि अभिनय गराइएको छ। 'नाम लिंदा पनि गर्व हुने नेपाली म..' बोलको उक्त राष्ट्रिय गीतको म्युजिक भिडियोमा तेङ्बोचे गुम्बादेखि नाम्चेबजार, खुम्जुङ, गोरक्षेप, आधार शिविर, पहिलो र दोस्रो क्याम्पदेखि सगरमाथाको चुचुरोसम्म दृश्याङ्कन गरिएको छ। सगरमाथा आरोहणको विषय समेटिएको म्युजिक भिडियोमा हिमश्रृंखला र शेर्पा संस्कृति पनि समेटिएको छ भने पूर्णकालीन शान्तिको आह्वान गर्दै लोकतान्त्रिक सहिदहरूको तस्विर र आठ पार्टीको भण्डा पनि देखाइएको छ। यो म्युजिक भिडियोका ४३ सय मिटरभन्दा केही माथिसम्म छायाङ्कन निर्देशक अधिकारीले गरेका छन् भने त्यसपछिको छायाङ्कन टेन्डी शेर्पाले गरेका छन्। हाल सम्पादनको अन्तिम चरणमा रहेको म्युजिक भिडियो आगामी साता सार्वजनिक हुँदैछ।

## अफबिट



गायक यम बरालले यसै साता आफ्नो पहिलो सन्तानको पास्नी सम्पन्न गरे।

**आवाज** कलाकार नेपालले आफ्नो प्रथम वार्षिकोत्सवका अवसरमा गत शुक्रबार राजधानीको राष्ट्रिय सभागृहमा एक सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ। चलचित्र निर्देशक तुलसी घिमिरे, संगीतकार राजु सिंहका बाबु तथा पुराना संगीतकार भगत सिंह, संगीतकार शुभबहादुर सुनाम, गणेश परियार, जंगबहादुर गन्धर्व आदिलाई अभिनन्दन गरिएको उक्त कार्यक्रममा गायकहरू नरेन्द्र प्यासी, नारायण रायमाझी, राजु परियार, कुलेन्द्र विश्वकर्मा, शिव परियार, यशकुमार, रामजी नेपाली, कन्हैया सिंह, दिनेश रञ्जन, जय विश्वकर्मा, गायिकाहरू कृष्णा परियार, अञ्जना गुरुङ, निशा सुनुवार, केशीमाया रामदाम, महिमा विक, वाद्यवादकहरू अमुलकार्की ढली, बिबि अनुरागी, सुशील विश्वकर्मा, कुमार महाजन, गोपाल रसाइली, गोपाल देव, कमल सौराग, डिवि कलिज, धर्म गन्धर्व, आशिष परियार, भुवन गन्धर्व, राकेश सोनी आदिले गीत-संगीत प्रस्तुत गरेका थिए भने शिव विक, शंकर बिसी तथा अर्जुन बिसीले नृत्य एवं केशव सापकोटा तथा रेशम फिरिरीले हास्य प्रहसन देखाएका थिए।

**गायक** रामकृष्ण ढकालले समय अनुसार आफ्नो गायन शैलीमा परिवर्तन ल्याउँदैछन्। यसअघि आठवटा एकल एल्बम बजारमा ल्याइसकेका ढकाल हाल नवौं एल्बमको तयारीमा लागेका छन्। भावुक गीत गाएर चर्चामा आएका ढकालको यो नवौं एल्बमका सबै गीत रोमान्टिक हुनेछन्। गीतकारहरू दुर्गालाल श्रेष्ठ, आनन्द अधिकारी, नेत्र कोइराला, कोमलप्रसाद मल्ल श्रेष्ठ, सुशील पराजुली र भूषण दाहालले रचेका गीतहरूमा न्हूच्छे बज्राचार्यको संगीत र गोपाल रसाइलीको संगीत संयोजनमा हाल रेकर्डिङको अन्तिम चरणमा पुगेको पनि उनले बताए। गायक ढकालले यसरी कुनै एउटै संगीतकार र एउटै संगीत संयोजकलाई लिएर पहिलो पटक यो एल्बम तयार पार्न लागेका हुन्। 'आ' अक्षरबाट एल्बमको शीर्षक जुराउने रामकृष्णले यो एल्बमको शीर्षक 'आ' बाट नभएर अरू कुनै पनि अक्षरबाट सुरु हुनसक्ने पनि बताए। एल्बममा समावेश सबै गीत युवा पुस्ताले रुचाउने 'मेलोडियस पप' शैलीका छन्। शीर्षक जुराउन साप्ताहिकमार्फत् उनले आफ्ना श्रोता एवं पाठकहरूलाई अनुरोध पनि गरेका छन्। एल्बमका लागि उपयुक्त शीर्षक उनको पोबन. ५६०६ अथवा इमेल rkdhakal@mc.com.np मा पठाउन सकिन्छ।


**नर्वेमा** आयोजना हुने 'फोर्डे लोक उत्सव' मा नेपालका तर्फबाट सहभागी हुन सारंगी वादक श्यामशरण नेपालीको नेतृत्वमा एक सांगीतिक टोली हिंजो बिहीबार त्यसतर्फ प्रस्थान गरेको छ। सांगीतिक टोलीको छनौट नेपाल म्युजिक सेन्टरले गरेको हो। सेन्टरका संयोजक तथा गायक लोचन रिजालका अनुसार मादल, तबला, बाँसुरी र गायनका लागि तीनजना प्रतिभाको खोजी गर्दा १६ देखि २२ वर्ष उमेर समूहका चालीसजनाको आवेदन परेको थियो। छानिएका २२ जनाबीच अन्तिम प्रतिस्पर्धा गराइयो। उनीहरूबीच दुई महिनाअघि प्रतिस्पर्धा भयो र त्यसबाट रुबिनकुमार श्रेष्ठ, व्रत गन्धर्व र संस्कृति श्रेष्ठ छनौट भएका थिए।

## लाइभ सो

-डाक्टर भोला रिजालको सक्रियतामा ओम अस्पतालले १ सय ३ जना टेस्टट्युब बेबी उत्पादन गरिसकेको छ। टेस्टट्युब बेबीको संख्या एक सय पुगेको अवसर पारेर अस्पतालले आगामी असार २६ गते 'टेस्टट्युब बेबी साँझ' आयोजना गर्ने भएको छ। उक्त कार्यक्रममा राष्ट्रिय स्तरका कलाकारहरूले विभिन्न मनोरञ्जनात्मक कार्यक्रम प्रस्तुत गर्ने डा. रिजालले साप्ताहिकलाई बताए। असहाय तथा निम्न वर्गीयहरूको सहयोगका निम्ति स्थापना गरिएको ओम हेल्थ फाउन्डेसनको आयोजनामा हुने उक्त कार्यक्रमका लागि सुप्रसिद्ध भारतीय गायिका लता मंगेशकरलाई ल्याउने तयारी भैरहेको छ। निःसन्तान दम्पतीहरूका लागि वरदान सावित टेष्टट्युब प्रविधिलाई असहाय तथा निम्न आय भएका परिवारसम्म पुऱ्याउने लक्ष्य राखिएको कुरा डा. रिजालले बताए।

सशस्त्र प्रहरी परिवार महिला संघले आफ्नो छैटौं वार्षिकोत्सव कार्यक्रम यही असार १४ गतेदेखि १८ गते पाँच दिनसम्म मनाउने भएको छ। वार्षिकोत्सवका अवसरमा सो संघले ती दिनहरूमा सशस्त्र प्रहरी बल प्रधान कार्यालय अल्फेस्को गार्डनमा मेलाको समेत आयोजना गर्ने तथा दिउँसो ११ बजेदेखि बेलुका ८ बजेसम्म सञ्चालन हुने उक्त मेलामा निःशुल्क प्रवेशको व्यवस्था छ। यसैगरी असार १६ गते ख्यातिप्राप्त कलाकारहरू सहभागी रहने कन्सर्टमा पनि निःशुल्क प्रवेशको व्यवस्था गरिएको कुरा संघले जनाएको छ। कन्सर्टमा रामकृष्ण ढकाल, निमा रुम्बा, धीरज राई, नलिना चित्रकार, प्रीति कौर, गणेश पराजुली, यशोदा पराजुली, सत्यराज आचार्य, स्वरूपराज आचार्य आदि ख्यातिप्राप्त कलाकार सहभागी हुनेछन्।

## पलैंटीमा रत्नशमशेर



पलैंटी श्रृंखलाअन्तर्गत जून महिनाको श्रृंखला प्रस्तुत हुने तयारीमा छ। अबदेखि पलैंटीमा गीतकार र सङ्गीतकारलाई पनि महत्त्वका साथ प्रस्तुत गरिने भएको छ। यस क्रममा यो महिनाको पलैंटीमा सुप्रसिद्ध गीतकार रत्नशमशेर थापाको सस्मरणात्मक अभिव्यक्तिका साथ उनले सिर्जना गरेका प्रसिद्ध गीतहरू प्रस्तुत हुने भएका छन्।

रत्नशमशेर थापाका गीतबाट नेपाली श्रोताहरू अपरिचित हुनु सम्भव नै छैन। नेपाली आधुनिक गीतको प्रारम्भकालमै सिर्जनामा लागेका रत्नशमशेरका गीतले उनको लेखनको पहिलो चरणमै हलचल मच्चाएका थिए। सुप्रसिद्ध गायक नारायण गोपालले गायनमा प्रवेश गर्दा रत्नशमशेर थापाका ६ वटा गीत छानेका थिए- आँखाको भाका आँखैले, स्वर्गकी रानी, कुञ्जमा गुञ्जियो, भो भो नसोध, मधुमास यो दिलको र ए कान्छा ठट्टैमा यो। यी सबै गीतका शब्दले बोकेका ओजपूर्ण भावले नारायणगोपालको गायकी र संगीतलाई कालजयी बनाउन महत्त्वपूर्ण र अद्वितीय योगदान पुऱ्याएका छन्।

वि. सं. १९९६ साउन २३ गते कमलपोखरीस्थित मध्यमवर्गीय परिवारमा जन्मिएका थापाको लेखनले आधुनिक नेपाली गीतलाई चुल्याउने क्रम अझै निरन्तर छ। २००८ सालदेखि लेखनमा लागेका गीतकार रत्नशमशेर थापाले आफ्नो लेखनको थालनी कविता विधामार्फत् गरेका हुन्। सुरुका दिनमा तबलावादन र गायनमा समेत झुकाव भएका रत्नशमशेरले ती दुवै क्षेत्रलाई अघि बढाएनन्, तर गीत लेखनमार्फत ताल-सुरसितको उनको निकटता भने यद्यपि कायम छ। वाद्यवादन र गायनसितको निकटताले नै हुनुपर्छ, गीतकार रत्नशमशेर धुन सुनेर तिनमा शब्द भर्न सक्ने अद्भुत कुशलता राख्छन्।

जुन महिनाको पलैंटीमा नेपाली गीतलेखनका यिनै जिउँदा इतिहासको प्रभावशाली प्रस्तुति रहनेछ। रत्नशमशेर आफ्नो सिर्जनात्मक विगतलाई कोट्याउँदै जानेछन् र खुलेर प्रस्तुत हुनेछन्। उनका चर्चित र स्तरीय पुराना गीतलाई पलैंटीका कलाकारले प्रस्तुत गर्नेछन् जसलाई सुरज थापा र शिला विष्टका आवाजले जीवन्तता दिनेछन्।

'पलैंटी कार्यक्रमका श्रोता र दर्शकसमक्ष म आफ्ना गीतबारे त्यसबखत आफूले सोचेका भोगेका र अनुभूत गरेका कुरा केही मात्रामा राख्ने प्रयत्न गर्नेछु। आफ्ना पुराना गीत नयाँ पुस्ताको आवाजमा सुनिरहेका ६८ वर्षीय गीतकारको टिप्पणी थियो।

## नजिकबाट इन्दिरा गुरुङ



| | | |
|---|---|---|
| जन्ममिति | : | २०३३ कात्तिक ३ गते |
| नामको अर्थ | : | बाबासँग सोध्नुपर्छ |
| जन्मस्थान | : | लेले, ललितपुर |
| सांगीतिक गुरु | : | चन्दन श्रेष्ठ, गुरुदेव कामत |
| रुचि | : | घुम्ने, नयाँ-नयाँ गीत संकलन गर्ने |
| पहिलो प्रेम पत्र | : | थाहै छैन |
| पहिलो प्रेम | : | सफल भएन |
| मनपर्ने बाजा | : | सारङ्गी |
| व्यस्त हुनुहुन्छ | : | ठीकै |
| चर्चामा नआउनु | : | निरन्तर प्रयासरत रहे पनि सदाबहार गीतितर मात्र लाग्नाले |
| घुम्न मनपर्ने स्थान | : | जापान, स्वीजरल्यान्ड, अमेरिका |
| मनपर्ने परिकार | : | भोक लागेका बेला जे पायो त्यही |
| मनपर्नेआफ्नै गीत | : | तामाङ भाषाको युहाइ जम्बुलिङ रिमी |
| मनपर्ने नायिका | : | मिथिला शर्मा, गौरी मल्ल |
| मनपर्ने गायक | : | नारायण गोपाल |
| मनपर्ने मौसम | : | वसन्त ऋतु |
| नजिकका साथी | : | सीता थापा, मेनुका राई |
| मनपर्ने संगीत | : | गोपाल योञ्जनका सबै |
| बढी माया | : | छोरी तथा आमालाई |
| मनपर्ने उपहार | : | श्रोताहरूको माया |
| गायिका नभए | : | समाजसेवी |
| मनपर्ने पहिरन | : | साधारण कुर्ता-सुरुवाल |
| मनपर्ने बानी | : | एकैछिनमा रिसाउँछु र एकैछिनमा बिर्सन्छु |
| मन नपर्ने बानी | : | अलि बढी रिसाउँछु, कसैसँग नबोली रहन सक्दिनँ |
| रमाइलो क्षण | : | यसले गायिका बनेर खान्छे भनेर मेरी आमाले भनेको तथा सम्मानपत्र पाउँदा |
| नरमाइलो क्षण | : | आमा बित्दा तथा सेनामा रहेका भाइलाई माओवादीले मारिदिंदा |
| प्रेरणा | : | आमा |

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



शिला श्रीमान्‌को सबैभन्दा मिल्ने साथी रमेशसँग रमाइलो गरिरहेकी थिइन् । त्यसैबेला टेलिफोनको घण्टी बज्यो । शिलाले केही बेर कुरा गरेर फोन राखिदिइन् । रमेशले शिलाको गाला निमोठ्दै सोध्यो, 'कसको फोन थियो, खुब मस्किरहेकी थियौ नि ?

'तिम्रो मिल्ने साथी अर्थात् मेरो पतिको ।'

रमेशले उत्सुकतापूर्वक सोध्यो, 'के भन्दै थियो ।'

शिलाले गम्भीर हुँदै भनिन्, 'ऊ तिमीसँग घुम्न पोखरा गएको छ रे ।'

०००

डाक्टर : तिम्रो फि मेरो भन्दा पनि महँगो छ नि किन ?

मेकानिक : तिमीले उपचार गर्ने मोडल वर्षौंदेखि परिवर्तन भएको छैन । मैले उपचार गर्ने कारको मोडल प्रत्येक महिना परिवर्तन हुन्छ, त्यसैले ।

०००

पढेलेखेकी आधुनिक आमासँग छ वर्षको छोराले सोध्यो– 'आमा, सेक्स भनेको के हो ?'

आमाले भनिन्, 'कुनै पनि युवक १८ वर्षको भैसकेपछि उसलाई युवतीसँग रमाइलो गर्न मन लाग्छ । यो रमाइलो विभिन्न किसिमका हुन्छन् । त्यसमध्ये यौनक्रिया पनि एक हो । यही प्रक्रियाका कारण महिलाले गर्भधारण गर्छिन् र तिमीजस्ता शिशु जन्मन्छन् ।'

छोराले केही बुझेजस्तो गर्‍यो र आफ्नो ब्यागबाट एउटा फर्म निकाल्दै भन्यो, 'सेक्स लेखेर सानो ठाउँ छोडिएको छ, यति धेरै कुरा कसरी लेख्ने ?'

०००

अमर : 'एड्सबाट बच्न कन्डम प्रयोग गर्नुहोस् ।' यो प्रचारको यति धेरै प्रभाव हुन थालेको छ कि कुखुराले पनि कन्डम प्रयोग गर्न थालेजस्तो छ ।

अच्युत : तैंले कसरी थाहा पाइस् ?

अमर : आज बिहान मैले अमलेट बनाउन अन्डा फुटाउँदा त्यो खोक्रो थियो ।

०००

नेताको देहान्त भएकाले एक फोटोग्राफर उनको मृत शरीरको तस्बिर खिच्न नजिकै गए । त्यहाँ भेला भएका पार्टी कार्यकर्ताले फोटोग्राफरलाई नराम्रोसँग कुटे । सबैलाई अचम्म लाग्यो । पछि थाहा भयो, नेताको नजिकै तस्बिर खिच्न लाग्दा फोटोग्राफरले भनेको रहेछ, 'स्माइल प्लिज ।'

०००

क्रेडिट कार्ड हराएर बैंक पुगेका एक जना कस्टमरसँग बैंकका कर्मचारीले सोधे, 'कार्ड हराएको कुरा प्रहरीमा रिपोर्ट किन नलेखाउनुभएको ?

कस्टमरले भने, 'घरभित्र हराएको भए पो पीर, बाहिर हराउँदा चोरले श्रीमतीले जति पनि पैसा निकाल्दो रहेनछ, त्यही भएर प्रहरीलाई रिपोर्ट नलेखाएको ।'

## कविता

### तिमी, तिमी जस्तै



मात्र तिमी तिमी जस्तै छौ
चन्द्रमा तिमी जस्तो छैन
कोइलीको गायन शुष्क
खल्लो रूखो कुहु कुहु
तिम्रो स्वरसँग दाँजिन्न
कोइलीले तिम्रो स्वर पाए ?
उफ्रीउफ्री रमाउँथ्यो होला
तिमीझैं हुन पाएको भए
धन्य हुन्थ्यो मधुरिमा
तिम्रो आँखाझैं नीलो रङ्ग भए
धन्य हुन्थ्यो प्रशान्त महासागर
ताराले तिम्रो चमक पाए
आत्मग्लानीले झर्दैनथ्यो उल्कापिण्ड बनी
अँध्यारो रातमा त्यत्रा सङ्गी छोडी ।

–टंकनाथ शर्मा

### त्यो गर्जने मेघ

त्यो बर्सिने पानी त्यो न्यानो अँगालो
तिम्रो छातीको सिरानी
म के याद राखौं ? म के बिर्सौं ?
मेरो हालत अचेल यस्तै छ
होस हराएर हिंडेको एउटा पागलजस्तै छ ।

सानु

### बाध्यता

माफ गरिदेऊ दुःखे तिम्रो चित्त, फेरि फर्केर हेर्न सकिनँ,
मन मेरो टुटिसकेको थियो, फेरि साथ दिन सकिनँ...।
बिर्सने प्रयास गरें धेरै तर यो मन आफैं मान्दैन किन ?
विश्वास गरी साथ दिएँ फेरि यो हात छाड्यौ किन ?
छुटिसकेको त्यो हात सक्दिन म फेरि थाम्न....।
रोज्यौ तिमीले महल, नजाऊ पनि भन्न सकिनँ ।
केही दिनमै धोका पायौ, फेरि यो मन थाम्न सकिनँ,
अँध्यारो लाग्छ संसार मलाई, कसैलाई भन्नै पनि सकिनँ...।
तिमीले बुझिनौ महलै ठूलो होइन
विशाल हुन्छ मन, ठूलो हुँदैन धन
फेरि पनि खुसी रहनु बनाइसकें मैले बेग्लै संसार
बढिसकें धेरै अगाडि, अब सक्दिनँ तिम्रो हात थाम्न..।

– ज्ञान्द्र 'भावुक'

### सिकायो



त्यो तिम्रो प्रेमले सिकायो मलाई
प्रेम पनि छानी छानी गर्नु रहेछ
तिम्रो मायाले सिकायो मलाई
मायालाई त झूटो सावित गर्नु रहेछ
त्यो तिम्रो बोलीले सिकायो मलाई
सधैं झूटो बोल्नु रहेछ
अनि तिम्रो मनले सिकायो मलाई
अरूलाई त आँसु दिनु रहेछ
तिम्रो बानीले सिकायो मलाई
अरूलाई छल्नु रहेछ
तिम्रो विचारले सिकायो मलाई
अरूलाई दुःख दिनु रहेछ
तिम्रो झूटो वाचाले सिकायो मलाई
वाचा राखी आफैले नै तोड्नु रहेछ ।

–दिवस राई



### कर्मले नै घात गर्‍यो

आजसम्म लिंदैछु म निष्ठुरीको नाम बन्धु
सयौं पत्रको जवाफमा यौटै पाइन खाम बन्धु
एउटा असल प्रेमीलाई प्रेमको पूजा हुनुपर्छ
आफ्नो मान्छे बस्ने ठाउँ नै त हुन्छ चारै धाम बन्धु
सोझा सोझो कुरा मात्र गर्छु गरिबको छोरो म त
नभएको धाम लाउँदै गरिन छलछाम बन्धु
असफलता नै सफलताको प्रतीक हो भन्छन्
प्रतीक्षामै छु कहिले आउला मायाको याम बन्धु
भाग्य मेरो खोटी हो कि या कर्मले नै घात गर्‍यो
माया नै लत्याई हिंडी ठूलो मान्दै दाम बन्धु
लेखेको दैवले एक दिन पक्कै भेटिएला नि त
आकाशले राखेको छ छातीमा आशाको घाम बन्धु ।

–अकाशचन्द्र न्यौपाने

## लघुकथा

### बाँदर र मानिस

केही सन्त तीर्थाटनका निम्ति कतै गैरहका थिए । बाटो निकै ठाडो उकालो भएकाले यात्रुहरूलाई कष्ट भैरहेको थियो, अझ त्यो जेठ महिनाको टन्टलापुर घामले सन्तहरूको हुर्मत लिएको थियो । पसिनैपसिना भएर थकाइ र प्यासले लखतरान हुँदै उनीहरूले आफ्नो यात्रा जारी राखेका थिए । त्यो उकालो बाटाको वरपर पानी थिएन र नजिकै मानवबस्ती समेत नभएकाले आफ्नो प्यास केही समयका लागि दबाएर केही समतल र छहारी भएको स्थानमा केही क्षण सुस्ताउन बसे । यो कष्टकर उकालो हिंड्नेहरूलाई राहत मिलोस् भनेर सन्तहरूले आफूले ल्याएको थुप्रै बीउ-बिजनमध्येबाट केही काँक्राको बीउ बाटाका दायाँबायाँ आफूले टेक्ने गरेको लौरोले खनेर रोपिदिए । कुहिएका पातपतिङ्गर र झारपातहरू बीउ रोपेको स्थानमा थुपारिदिएर सन्तहरू आफ्नो गन्तव्यतर्फ प्रस्थान गरे ।

केही दिनपछि नै पानी पर्‍यो । उकालो बाटोको दायाँबायाँ सन्तहरूले रोपिदिएका काँक्राका बोट हलक्क बढ्न थाले । समयमा काँक्रा फुल्दै साना चिचिला लाग्न थाले र चिचिला बढ्दै परिपक्व काँक्रा भए । एक दिन कतैबाट एक हूल प्राणी त्यो बाटो भएर आए । बाटाको दायाँबायाँ फलिरहेका काँक्रा देखेर उनीहरूले मन थाम्न सकेनन् र काँक्रा टिपेर खान थाले । तृप्त भएपछि उनीहरू बाटो लागे । त्यसको केही समयपछि कतैबाट पुनः अर्को हूल प्राणी त्यही बाटो भएर आए । उनीहरूले पनि फलिरहेका काँक्रा देखे अनि हतारहतार गरेर काँक्रा टिप्दै खान थाले । अघाइसकेपछि बोटमा रहेका सबै साना-ठूला काँक्राहरू टिप्दै आ-आफ्नो झोलामा हाल्न थाले र झोला भरे । झोला भरिसकेपछि सबै काँक्राका लहरा फेदैदेखि चुँडाइदिए । प्रस्थान गर्ने बेलामा उनीहरू कुरा गर्दै थिए– गाईवस्तुलाई बडो राम्रो घाँस हुन्छ यो काँक्राको लहरा, भोलिसम्ममा अलि सुकेर हलुङ्गो हुन्छ, फर्कंदा लैजाउँला ।

त्यो उकालो बाटोमा आएका दुई हूल प्राणीमध्ये पहिलो हूल बाँदरको र दोस्रो हूल मानिसको थियो ।

–चित्र कुइँकेल

# कुलतमा विद्यार्थी, कापी-कलमसँगै चुरोट र सिरिन्ज

बुटवल– सुरज कक्षा १२ का विद्यार्थी हुन् । उनी बुटवलको एउटा प्रसिद्ध कलेजमा पढ्थे । पढाइ पनि राम्रै थियो तर बानी अलिकति उत्सुक र चञ्चल । आफूलाई सबैभन्दा जान्ने बनाउन मन लाग्थ्यो । कहिले हिरो बन्ने प्रवृत्तिले सताउँथ्यो । एक दिन उनले सुनें, गाँजाले भित्रैबाट साहस आउँछ । कसैसित बोल्न डर लाग्दैन । 'भर्खरै कक्षा ११ मा भर्ना भएको थिएँ । पुस-माघको जाडो, बिहानको पढाइ । गाँजाको सर्को तानेर हिंड्दा रमाइलै लाग्यो । त्यसपछि त नियमित गाँजा तान्न थालें,' -सुरजले बताए ।

बाबाआमा घरबाहिर, हजुरबाआमाको पुलपुलिएको नाति । सुरज विभिन्न बहानामा पैसा माग्थे । सुरुसुरु दुर्व्यसनीहरूको भेलामा जान्थे । सबै पैसा त्यहीं सिध्याउँथे । पढाइमा ध्यान थिएन, जसले गर्दा कक्षा ११ मा अनुत्तीर्ण भए । त्यसपछि त उनले झन् कलेजभित्र र बाहिरका लागूऔषध व्यसनीहरूसँग मित्रता बढाए । साहस आउने भ्रममा नाइट्रोजेनपाम, टिडीजेसिक र ब्राउन सुगरसमेत लिन थाले ।

अहिले बुटवलका सुरज लागू औषधबिना बस्न सक्दैनन् । 'कलेज जान छोडेका छन् ।' सुरज भन्छन्- 'ट्याब्लेट नखाई साहसै आउँदैन । खाएर गयो, झम्म पारिहाल्छ । नखानेहरूले ट्यापे भनेर बिल्ला लगाउँछन् । अहिले त पढ्नै मन लाग्दैन ।' सुरज कहिले सिद्धबाबा त कहिले हिलपार्कको जंगल पुग्छन् । कहिले रातै त्यतै बिताउँछन् । हजुरबाआमाले पैसा नदिए चोर्छन् । 'चोरे पनि मेरै हो । आफूलाई मन परेको गर्न नपाए सम्पत्तिको के काम ?' -सुरजले बताए ।

तथ्यांकअनुसार नेपालमा दुर्व्यसनमा लाग्नेहरूको संख्या करिब १ लाख ५० हजारभन्दा बढी छ । तीमध्ये ६० प्रतिशत मुखले खाने तथा ४० प्रतिशत सुईद्वारा लागूपदार्थ लिनेहरू छन् । लागूपदार्थ दुर्व्यसनविरुद्ध कार्यरत संस्था नार्कोनका अनुसार नेपालका लागूपदार्थ दुर्व्यसनीमध्ये ७० प्रतिशत विद्यालयका विद्यार्थी छन् । कक्षा ७ र ८ मा पढ्ने विद्यार्थीको संख्या ८२ प्रतिशत छ । दुर्व्यसनमा फसेका ६० प्रतिशत विद्यार्थीका प्रेमी-प्रेमिका छन् । तीमध्ये ३४ प्रतिशतले आफ्ना प्रेमी-प्रेमिकालाई पनि दुर्व्यसन सिकाउँछन् । सामान्यतया एक विद्यार्थीले ३ वर्षमा ९ जनालाई दुर्व्यसन सिकाउँछ, जसले गर्दा केही विद्यार्थी स्कुले जीवनमै एचआईभी, हेपाटाइटिस सी तथा क्षयरोगजस्ता घातक रोगको सिकार भएका छन् ।

गैरसरकारी संस्थाहरूका अनुसार धेरैजसो अभिभावकको प्रत्यक्ष निगरानी नभएका किशोर-किशोरीहरू लागूऔषध दुर्व्यसनीमा फसेका छन् किनभने उनीहरू बढी स्वतन्त्र हुन्छन् । उनीहरूसँग प्रशस्त पैसा र सुविधा हुन्छ । सुरुसुरुमा लागूऔषध किन्ने पैसा जुटाउन समस्या पनि पर्दैन । उनीहरू कोही मायाले बढी पुलपुलिएर त कोही मायालु वातावरणको अभावमा निसास्सिएर लागूऔषधतिर तानिन्छन् । पाँच वर्षदेखि विभिन्न संस्थामा लागूऔषध नियन्त्रणसम्बन्धी



काम गरिरहेकी परामर्शदाता रिमा बी.सी. भन्छिन्- त्यसैले धेरैजसो विद्यालय तथा कलेज पढ्ने किशोर-किशोरीहरूको झोलामा किताब, कापी तथा कलमसँगै सिरिन्ज एवं ट्याब्लेट पनि हुन्छन् ।

कक्षा १० मा अध्ययनरत शर्मिला नियमित टिडिजेसिक सुई लगाउँछिन् । सुई लिन थालेको ३ वर्ष पुगिसकेको छ तर परिवारले चाल पाएका छैनन् । थाहा नपाऊन् भनेरै उनी खुट्टाको बूढी औंलामा मात्र सुई लगाउँछिन् । उनका धेरै साथी त्यसै गर्छन् ।

अंकल-आन्टीले चाहिनेजति पैसा र सुविधा त दिए, सन्तानलाई जस्तै माया दिएनन् । अरूका बाबाआमाले छोराछोरीलाई माया गरेको देख्दा कहालिन्छु । त्यसैले म लागूऔषधको नशासँगै बाबाआमाको झझल्को मेट्छु । सानैदेखि अंकल-आन्टीसँग बसेकी शर्मिलाले बताइन् ।

बी.बी.एस. प्रथम वर्षमा अध्ययनरत ऋषभ थापा भन्छन्- हाम्रो सर्कलका कुनै पनि साथी चुरोट, गाँजा तथा रक्सी नखाने छैनन् । नखानेहरू पनि दुई-चार सातामा खाने भैहाल्छन् । दुर्व्यसनीहरूका अनुसार बुटवलको सिद्धबाबा, हिलपार्क, हात्तीसुँड, फूलबारी, पुरानो बसपार्क तथा त्यस वरिपरिका क्षेत्र दुर्व्यसनीहरू जम्मा हुने मुख्य ठाउँ हुन् । उनीहरू गाँजादेखि ब्राउन सुगरसम्म लिन्छन् र नशामा लट्ठिंदै समय, आयु एवं रुपैयाँ सखाप पार्छन् ।

किशोरवयका विद्यार्थीहरू कुलतमा लाग्ने धेरै कारण छन् । नमुना एकीकृत विकासका लागूऔषध काउन्सिलर प्रदीप पाण्डे भन्छन्- किशोर-किशोरीहरूमा आफू कसरी अरूभन्दा फरक हुने भन्ने प्रतिस्पर्धात्मक भावना हुन्छ । नशा लिएपछि उनीहरू आफूलाई सबल र अरूभन्दा फरक मान्छन् । सिको गरेर अरू धेरै पनि त्यसै गर्छन् । हाम्रो सम्पर्कमा रहेका ६ सय ५० मध्ये धेरैजसो त्यस्तै छन् । यसबाहेक तनावबाट मुक्त हुन, स्वाद चाख्न, आनन्द लिन र साथीहरूको संगतमा परेर पनि कुलतमा लागेका छन् ।

अभिभावकहरूको देखासिकीमा पनि कतिपय किशोरकिशोरी लागूपदार्थ दुर्व्यसनमा लागेका छन् । लागूऔषध प्रयोगकर्ता राज आले भन्छन्– 'बाबा रक्सी-चुरोटको अम्मली । किन्नका लागि पसलसम्म सधैं मलाई पठाउनुहुन्थ्यो । रक्सी खाएपछि बाबाहरू रसिला-रसिला कुरा गर्थे । म छक्क पर्थें । के कमाल रहेछ भनेर आँखा छलीछली चाख्न थालें । यही चखाइले पछि नियमित डेटिजेसिक सुई र ब्राउन सुगरसम्म लिने बनायो । अहिले बाबाआमा गाली गर्नुहुन्छ, तर म छोड्न सक्दिनँ ।

घरपरिवारबाट लुकेर खाने हुनाले धेरैका बाआमाले चार-पाँच वर्षपछि मात्र थाहा पाउँछन्, जतिबेला उनीहरू पूर्ण अम्मली भैसकेका हुन्छन्, लागू औषधविना बस्नै सक्दैनन् । वरिष्ठ प्रहरी उपरीक्षक वसन्त कुँवरका अनुसार व्यक्तिमुखी अभिभावक, बढी स्वतन्त्रता र छोराछोरीलाई विनासित्तिमा पैसा दिंदा छोराछोरीहरू कुलतमा लाग्छन् । अभिभावकले छोराछोरीलाई कुलतमा लाग त भन्दैनन् तर जिम्मेवारी वहन गर्न नसक्नु नै कुलतमा लाग भनेसरह हो ।

रूपन्देहीमा दुर्व्यसन विरुद्ध काम गर्ने युथ भिजन, नमुना एकीकृत विकास, नौलो घुम्तीलगायत एक दर्जन संघ-संस्था छन् । जहाँ उनीहरूले सक्रिय भै क्षति न्यूनीकरण कार्यक्रमअन्तर्गत निःशुल्क भिसिडी टेस्ट र नियमित परामर्श दिइरहेका छन् । सहारा, युथ भिजन र लुम्बिनी उपचार केन्द्र गरी ३ वटा पुनःस्थापना केन्द्र पनि छन् तर लागूऔषध दुर्व्यसनीको संख्या बर्सेनि बढ्दैछ ।

किन त ? मनोविज्ञानका प्राध्यापक नारायण बेल्बासे भन्छन्- किशोर-किशोरीहरू विभिन्न सामाजिक विकृतिका कारण लागूऔषध दुर्व्यसनमा लागेका हुन् । त्यसैले समाधानको उपाय पनि सामाजिक रूपमै खोजिनुपर्छ । किशोर-किशोरीका समस्या र लागूपदार्थ दुर्व्यसनका खराब पक्षहरूका बारेमा पाठ्यपुस्तकमा खासै सामग्री समेटिएको छैन । 'विद्यालय तथा कलेजमा नियमित काउन्सिलिङ पनि हुँदैन, जसले गर्दा दुर्व्यसनीहरू बढेका हुन्,' बेल्बासेले बताए ।

– अमृता अनमोल

## सन्देश

आर.एन., आज तिमीसँग यति मात्र सोध्न चाहन्छु, आज एक्कासि मलाई एक्लो पारी किन टाढा गयौ... ? तिमीले भनेअनुसार घर जानैपर्ने बाध्यता र दबाब त केही थिएन, तैपनि एक्कासि एक मुटुलाई दुई टुक्रा पारी किन त्यस्तो निर्णय लियौ ? कसरी सोच्यो कि म तिम्रो साथ र सहाराविना जीवनको एक्लो यात्रा गर्न सक्छु ? के तिमी सक्छौ मेरो साथ र सहाराविना एक्लो यात्रा गर्न ? सायद मेरै कमजोरीका कारण तिमीले आवेशमा आएर यो निर्णय लिएका हौला, यसमा हृदयदेखि नै माफी चाहन्छु। अँ साँच्ची, तिम्रो एल्बम भाइसँग छैन रे ! तसर्थ एल्बम मेरो हातमा परेको छैन ।

**एक्ली यात्री**


दाइ एस., तपाईंको अनुपस्थितिमा हाम्रो परिवारका महत्त्वपूर्ण दिनहरू त्यसै खेर गैरहेको तपाईंलाई पनि थाहा छ । त्यसैले तुरुन्त घर आउन वा फोन गर्न अनुरोध छ ।

**हर्क**

एम., तिमी यो के गर्दैछचौ, आफ्नो (हाम्रो) सम्बन्धका बारेमा सबैलाई भन्दै हिँडेर तिमीले गर्न खोजेको के हो ? यो तिम्रो व्यवहारले असर कसलाई पर्छ भन्ने कुरा बुझेकी छचौ होला, म सधैं तिम्रो हित चिताउँछु अनि एउटा सल्लाह पनि दिँदैछु कुनै पनि व्यक्तिसँग अब यो धोकाको खेल नखेल । सबै व्यक्ति मजस्तै हुँदैनन् ।

**आरम्भ**

जुनु, हृदयमा स्थान दिएको थिएँ तिमीलाई । मैले सुरुदेखि नै सोझो कुरा भन्दा के बाध्यताले गर्दा तिम्रो पक्षबाट नाटकजस्तो हुन पुग्यो ? यदि केही अस्पटता भए



बसेर समस्याको निकास खोज्न सकिन्थ्यो । अझै पनि केही बिग्रिएको छैन । म संसारको मीठो फूलका रूपमा लिनेछु तिमीलाई । चाँडै इमेल वा अफिसको नम्बरमा सम्पर्क गर । यसमै हाम्रो हित छ ।

**ध्रुव**

ए मेरो हजुर, हिंजोआज त फोन पनि आउँदैन, न त कुनै म्यासेज नै, के भयो मेरो हजुरलाई, म त हजुरकै यादमा हुन्छु, तर हजुर... ?

**दिवानी**

सी., तिमीले मेरो प्रस्तावमा केही जवाफ दिएनौ । म तिम्रै उत्तरको प्रतीक्षामा छु। प्लीज एकपटक हुन्छ भनिदेऊ ।

**दे.**

डिस्कोमा भेट भएकी, राजुकै म्युजिक एरेन्ज राम्रो हगी भन्ने, ड्रिंक गर्न आग्रह गर्दा अस्वीकार गर्दै छट्किएर बिलाएकी सुन्दरी, अर्कालाई दिवाना बनाएर त्यसरी उम्कन त पाइँदैन नि । त्यही डिस्कोमा प्रत्येक शुक्रबार म तिमीलाई कुरिरहेको हुनेछु आगामी चार सातासम्म ।

**दिवाना**

काइँली, पोलेको मकै साह्रै मीठो, मकै पोल्ने अझ बढी, के भनूँ बुझ्नेलाई इशारा काफी छ भन्छन्, मैले त इशारा मात्र होइन सब थोक गरिसकेँ, खै केही अत्तोपत्तो छैन । कुनै न कुनै प्रतिउत्तर त पाइयोस् ।

**काइँला**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ...............................................

उमेर : ........................... उचाइ : ..............................

पेसा : ........................... शिक्षा : ..............................

स्वभाव :........................ वैवाहिक स्थिति : ....................

अभिरुचि : ..............................वर्ण : ..............................

इमेल : ...............................................

ठेगाना :...............................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

...............................................

...............................................

**नोट :** तस्बिर र नगद रु. ५०- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटोमा

### गीतकार बन्ने चाहनामा

कक्षा १२ को अन्तिम परीक्षाको तयारीमा जुटिरहेको थिएँ, मेरो अत्यन्तै निकटको मित्रले मेरो साहित्यप्रतिको रुचि थाहा पाएर 'मलाई एउटा गीत लेखिदिनुहोस् न यार' भन्यो । उसको आग्रहलाई स्वीकार गर्दै एकछिनमै गीतको ढाँचामा सानो रचना तयार पारेँ । साथीबाट पाएको सकारात्मक टिप्पणीका कारण मैले उक्त गीतलाई कागजको सानो टुक्रामा उतारिदिएँ, मेरो नामसहित । कोठामा बसेर पढिरहेको बेला सानो भाइले उक्त पाना हेरेर 'के लेख्नुभएको यो, चिठी हो ?' भनेर प्रश्न गऱ्यो । आफ्नो किताबबाट ध्यान नहटाई 'हो' भनेर जवाफ दिएँ । एकछिनमै भाइ कोठाबाहिर गएर आयो, अनि भन्यो- 'दाइ, मैले तपाईंको चिठी पल्लो घरकी दिदीलाई दिएँ ।' मेरो ध्यान भंग भयो, किताबको पानाबाट नजर हटाएर उसको अनुहार पढ्न खोजेँ । उसको अनुहारमा निर्दोष बालसुलभता सिवाय केही पाउन सकिनँ । 'के रे ?, कसलाई दियौ रे ?, किन दिएको ?' 'अनि तपाईंहरू सधै गफ गरिरहनुहुन्छ नि त ! मैले उनकी मम्मीलाई दाइको चिठी दिदीलाई भनेर दिएँ ।' झन् नरमाइलो महसुस भयो, डर पनि लाग्न थाल्यो । 'ए लाटा, हामी त साथी मात्र पो त ।' हप्काएँ भाइलाई ।

भोलिपल्ट भाइ दौडिंदै आयो अनि भन्यो- 'दाइ तपाईंसँग दिदी धेरै रिसाउनुभएको छ रे' भन्ने खबर सुनायो । नराम्रो अनुभूतिका साथ 'दाइलाई भेट्नु रे भन' भनिदिएँ । उही रफ्तारमा फर्कियो ऊ । एकछिनमै खबर ल्यायो- 'भोलि स्तुपमा भेट्नु रे, अनि उनले तपाईंलाई जान्या छ रे ।' भोलिपल्ट बिहान नयाँ बानेश्वर पुग्ने काम सकेर फर्किएँ अनि कुरेँ । प्रतीक्षाको घडीले बिदा माग्नै आँट्दा भेट भयो साथीसँग । मेरा कुरा मैले स्पष्ट पारेँ, अनि उनले भनिन्- 'म भित्र पढ्दै थिएँ, सानो भाइले मेरी मम्मीलाई 'दिदीलाई दाइले चिठी पठाको भनेर उक्त गीत दिएछ, मम्मीले मलाई पिट्नुभयो । त्यो चिठी मेरा बुबासँग छ । मम्मी-बुबा दुवैजना मसँग बोल्नुहुन्न । मेरो मनमा साह्रै पीडा भएर आयो । जुन असह्य चोट भएर छातीमा रोपियो । विचार गरेँ, म आफ्नो गीतकार बन्ने चाहनालाई विश्राम दिन्छु ।

**– सस्तो आँसु**

### नारी हुनुको पीडा

त्यहाँ सबैले मेरो दोष देखे तर आखिर त्यसमा मेरो के दोष थियो ? के आखिर बोल्नु नै मेरो दोष थियो त ? कुरा बुझ्दा त्यस कागजलाई प्रेमपत्र भन्दा रहेछन् तर मलाई के थाहा ? त्यस दिन सबैले मेरो गल्ती देखे । आखिर म नारी रे । मानिसले बोलाउँदा आफ्नो सुन्दरता वा धन केहीको घमण्ड देखाउनुपर्ने होला तर म ..... हुँ ।

जीवन यात्रा गर्ने क्रममा थाहा पाउने अवस्थादेखि नै सबैसँग बोल्ने र हाँस्ने मेरो बानी । मसँग बोलिरहने साथीमध्ये ऊ पनि हो । अरु पनि त उत्तिकै केटा साथी थिए र अहिले पनि छन् तर ऊजस्तो होइन । ऊ मभन्दा धेरै वर्ष जेठो हो । त्यस बेला ममात्र १० वर्षकी थिएँ, कक्षा ५ मा अध्ययनरत थिएँ ।

एक दिन ऊ आयो सधैंझैं जिस्कँदै बोल्यो, ऊ त्यहाँबाट हिँड्ने बेलामा एउटा कागजको टुक्रा छाडेर गयो मैले त्यो टिपेर हेरेँ तर त्यहाँ लेखिएका शब्दको अर्थ बुझिनँ, मैले त मात्र हाँस्ने, बोल्ने र किताबको पाठ कण्ठस्त पार्न जानेको थिएँ । लाग्यो त्यो कागजमा केही छैन त्यसैले त्यो जहाँ पढेको थिए त्यही छाडेर स्कुल गए त्यसको केही यादै भएन । स्कुल छुट्टी भएर घर आएँ ।

घरमा वरिपरिका ठूला मानिस उसलाई गाली गरिरहेका अनि दिदी र मम्मी रिसले बसिरहेका रहेछन् । म घरभित्र पसेर किताब राखी नसकी मम्मीले मलाई गाली गर्न थाल्नु भने र रिस सहन नसकी उसलाई एक झापट लगाउनुभयो । थप हिर्काउन खोज्दा भाउजूले दिनुभएन किनकि मात्र भाउजू मेरो पक्षमा अर्थात् मेरो दोष नदेख्ने पक्षमा हुनुहुन्थ्यो ।

म नबोलेको केही दिनमा उसले कोही नभएको अवसर पारी मलाई धम्की दियो- तँ किन मसँग बोल्दिनस् । मैले सहजै सवाफ दिएँ- तेरो बोल्ने शब्द र शैली मन परेन मैले तँलाई धेरैपटक सम्झाएँ तर तँ..... त्यसैले म तँसँग बोल्दिन । फेरि उसले भन्यो- यदि तँ मसँग बोल्दिनस् भने सोच अब तेरा बर्बादीका दिन सुरु भए, तेरो कति बेइज्जत हुन्छ म त आखिर छोरो हुँ जहाँ गएर पनि बस्छु तर तँ ? भन्यो मलाई साह्रै डर लाग्यो ।

म त एउटी नारी हुँ समाजले मेरो गल्ती नभए पनि मलाई नै दोषी देख्छ तर पनि म आत्मविश्वास लिएर अघि बढिरहेकी छु लाग्छ, न बिराउनु न डराउनु तर पनि मात्र यो मनलाई थाहा छ कति पीर र वेदना लिएर अघि बढ्दैछु । त्यसैले भन्छु प्लिज कुनै पनि मानिसले दानवको रूप नलिनु । त्यसै त हाम्रो अन्धो समाजले दिएको पीडा हामीले कसरी खप्नुपर्छ ।

स्वार्थी पुरुषहरूलाई बिन्ति छ मेरो– नारीको भावना बुझ्ने प्रयास गर । फेरि माया भनेको जबर्जस्ती बस्ने पनि त होइन माया त केवल दुई आत्माको मिलन हो । मेरो फेरि पनि बिन्ती, नारीमाथि कसैले पनि खेलवाड नगर ।

**– एलि.**

### सूचना

जीवनको गोरेटो स्तम्भअन्तर्गत प्रत्येक महिनाको पहिलो शुक्रबारदेखि क्रमश: १. मेरो पहिलो प्रेम, २. कलेजको मेरो पहिलो दिन, ३. मेरो सुहागरात, ४. मेरो असफल प्रेम, ५. मेरो पहिलो पुरस्कार प्रकाशित हुने हुँदा आफ्ना अनुभवहरू छोटो, मीठो शैलीमा हामीलाई पठाइदिनुहुन अनुरोध छ ।

**– साप्ताहिक**

## साप्ताहिक साथी



● मिलनसार स्वभावका गोपाल श्रेष्ठ ५ फिट ५ इन्च अग्ला छन् । २७ वर्षीय श्रेष्ठ विवाहित हुन् । साथी बनाउने, पत्रपत्रिका पढ्ने तथा गीत-गजल लेख्ने गोपाल जागिरे हुन् । खुला हृदय तथा मित्रतालाई स्थायित्व दिने मृदुभाषी ४० वर्षसम्मका विवाहित महिलासँग मित्रता गाँस्न चाहने गोपाललाई जिल्ला प्रहरी कार्यालय, हटौंडा मकवानपुरमा पत्राचार गर्न सकिन्छ ।

● सुरज पौडेल 'बाजे' अविवाहित विद्यार्थी हुन् । ५ फिट अग्ला सुरज गहुँगोरो वर्णका छन् । सुरज सफा मन भएका, दु:खमा साथ दिने साथीको खोजीमा छन् । १७ वर्षीय सुरजलाई नयाँ बानेश्वर-३४ जनसहयोग मार्गमा पत्राचार गर्न सकिन्छ ।



● नयाँ समाचार सुन्ने तथा कम्प्युटरमा बस्ने रुचि भएका ईश्वरमान सिंह ५ फिट ५ इन्च अग्ला छन् । ५६ वर्षीय ईश्वर बीकम पूरा गरेपछि काठमाडौंको नयाँ सडकको एउटा कम्पनीमा कार्यरत छन् । गहुँगारो वर्णका ईश्वर अवकाशपछिको जीवन बिताउन राम्रा साथीको खोजी गरिरहेका छन् । उनलाई iswar1@hotmail.com मा पत्राचार गर्न सकिन्छ ।

● मिजासिलो एवं शान्त स्वभावका यामेश थापा मगर बीएड अध्ययनरत छन् । १८ वर्षीय यामेश अविवाहित हुन् । गहुँगोरो वर्णका अविवाहित यामेशलाई जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वरमा पत्राचार गर्न सकिन्छ ।

# रोपाइँको महत्व र असार १५

सहरी क्षेत्र एवं ग्रामीण क्षेत्रमा हुने रोपाइँमा निकै भिन्नता पाइन्छ । सहरी भेगमा थोरै खेत हुने हुनाले रोपाइँका लागि त्यति धेरै मानिसको आवश्यकता पर्दैन र रमाइलो गर्ने चलन पनि हराइसकेको छ । ग्रामीण क्षेत्रको तुलनामा सहरी रोपाइँमा त्यति मेहनत पनि परेको देखिँदैन । ग्रामीण क्षेत्रमा रोपाइँको दुई तीन दिनअघि नैं खेत जोतेर पानी जमाएर राखिन्छ । दाँदेले डल्ला फुटाउँदै लाग्ने मानिसहरूले बाउसे गर्छन् । महिलाहरूले रोपाइँ गर्छन् जसलाई रोपाहार भनिन्छ । यस क्रममा असारे गीत गाउँदै हिलो छ्यापाछ्याप गर्दै रमाइलो गर्ने चलन छ ।

गाउँमा खेत जोत्ने काम गोरुले गर्छ, सम्याउने आदि कार्य लाठे र बाउसेले गर्छन् भने सहरमा जोत्ने काम ट्र्याक्टरले गर्छ, जहाँ थोरै मानिस कोदालीले बाउसे गर्दै रोपाइँ गर्छन् । सहरमा नाचगान एवं हिलो छ्यापेर रमाइलो गर्ने चलन उहिलेजस्तो छैन । भक्तपुर बोडेका हरिराम कोजु भन्छन्- 'रोपाइँ गर्ने काममा नयाँ पुस्ताले सहयोग गर्दै गर्दैन ।'

विगतमा गाउँमा गरिने रोपाइँ सम्झँदै सिन्धुपाल्चोककी लक्ष्मी सापकोटा भन्छिन्- गाउँका ठूलाबडाले रोपाइँ गर्दा खेतमा पञ्चैबाजा बजाएर खसी काटेर भोज गर्थे, जसलाई बेठी लगाएको भनिन्थ्यो । उनीहरूको रोपाइँमा सहभागी हुने कामलाई गुहार दिने भनिन्थ्यो, तर सामान्य रूपमा भात, दाल, तरकारी, अचार बनाएर खेतालाहरूलाई खेतमै ख्वाउने चलन अद्यापि छँदैछ ।





गाउँघरमा अझै पनि पर्म वा ज्याला लिएर रोपाइँमा सहभागी हुने चलन छ । शहरतिर रोपाइँमा ठूलो पानी पर्दा प्लाास्टिक ओढ्ने चलन आए पनि ग्रामीण क्षेत्रमा अझै पनि घुम नै ओढिन्छ । घुम बाँसको चित्रामा भोर्ला वा कटुस वा अन्य रूखका पात छापेर बुनिन्छ । गाउँघरमा रोपाइँको अन्त्यमा भकारी बाँध्ने गरामा बाँकी रहेका धानको बीउलाई तीन मुठी पारेर त्रिकोण पारेर रोपी हिलो छयापाछ्याप गरी रमाइलो गरिन्छ । यस क्रममा घरबेटीलाई समेत हिलो छ्यापिन्छ ।

रोपाइँ गर्दा घुँडासम्म आउने दबदबे हिलोसमेत बेवास्ता गर्दै मेलो अगाडि बढाउने प्रतिस्पर्धा नै चल्छ असारे भाकासँगै–

*असारे मासको दबदबे हिलो*
*छि मलाई घिन लाग्यो*
*पातली ज्यानलाई फरिया किन्दा*
*छ बीस रिन लाग्यो*

असारे गीतमा घरव्यवहार एवं मायाप्रीतिका कुरा शिष्टतापूर्वक व्यक्त गरेको पाइन्छ । यसैगरी टाढा माइती भएकी चेलीले आफूले कर्मघरमा सासुससुरा एवं लोग्नेबाट भोग्नुपरेका प्रताडना यसरी व्यक्त गर्छन्–

*असारमा खानु बुधिलो मकै साउनमा खानु खीर*
*घरमा छैन शीतलु वचन मनमा छैन थिर*
*असारे मासमा कुटेका च्युरा म कति साँचुला*
*सौताको हातको दुई कुड्की भातमा*
*म कति बाँचुला !*

असारे भाका ठाउँअनुसार फरक-फरक पाइन्छ । यसरी मनमा रहेका व्यथालाई असारे गीतमार्फत पोखेर मन हलुंगो पार्ने, हिलोमा नाचगान गर्दै रमाइलो गर्ने र दहीच्युरा खाने पर्वका रूपमा नेपाली जनजीवनमा असार १५ को ठूलो महत्त्व छ ।

# तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?

उनलाई भेटेर केही कुरा गर्न पाउँदा म संसारको सम्पूर्ण दुःख भुल्छु।

**गजेन्द्र थापा २१), बेताली, रामेछाप**

मलाई परिवारसँग बसेको तथा उनी भेट भएको बेलामा सुखको आभाष हुन्छ र हरेक शुक्रबार साप्ताहिक पढ्न पाएँ भनें सन्तुष्ट हुन्छु।

**केशव परियार, चितवन**

जहिले पनि चाहिँदा-नचाहिँदा प्रश्न सोधेर हामीलाई लास्टो त्यही गर्न पाइन्छ ? खै के, खै के, कुरै बुझ्दिन म त।

**गोपाल श्रेष्ठ (२७), हेटौंडा**

शिक्षा, प्रेम, पैसा र यौनले मलाई सुखी अनि सन्तुष्ट बनाउँछ।

**kumars987@yahoo.com**

मलाई बुझ्न सक्ने र मैले गरेको कामलाई ठीक भनिदिने अनि मेरो गल्ती समाइदिनाले।

**सुनिल पूर्वेली कान्छो**

साप्ताहिकमा मेरो लेखरचना प्रकाशित हुँदा।

**सम्पूर्ण प्रजापति**

साप्ताहिक पढ्न पाउँदा अनि मेरी उनीलाई भेट्दा।

**सचिन्द्र श्रेष्ठ, बाग्लुङ**

मलाई त पल्लो घरको झ्यालको पर्दा तानेर सधैं मतिर हेरिरहने युवतीको मायाले सुखी र सन्तुष्ट बनाउँछ।

**प्रवीण ज्ञवाली**

आफ्नो हरेक पाइलामा सफलता र परिवारको हौसलाले सुखी तथा सन्तुष्ट बनाउँछ।

**सोनिका अधिकारी (१५), धापासी**

माया, प्रेम र आत्मीयताले सुखी र सन्तुष्ट बनाउँछ।

**उद्धवकुमार थापा (१९)**

सुखी हुनलाई त आफूले रोजेको, खोजेको पाउनुपऱ्यो नि, अनि सन्तुष्टि भन्ने कुरा अरूको सेवा गरे, अरूको दुःखलाई पनि आफ्नो दुःख सम्झी मद्दत गरे र आफ्नो औकात अनुसार कार्य गरे पाइन्छ।

**रोशनकुमार श्रेष्ठ (२४), काभ्रे**

सुखी त धनले नै बनाउँछ भने सन्तुष्ट भने आफूले सोचेको कुरा पूरा भए मात्र हुन्छ जस्तो लाग्छ।

**गोकर्ण लामिछाने (१७), काठमाडौं**

आफूले गरेको कामले सफलता पाउँदा, आर्जन तथा साथीभाइहरूसँग रमाउँदा अनि ख्याल ठट्टा गर्दा।

**सुजित खतिवडा, जनकपुर**

जब म सफलताको शिखर चुम्न सफल हुन्छु त्यतिबेला सुखी र सन्तुष्ट हुन्छु।

**सुदर्शन खतिवडा, नुवाकोट**

अहिलेलाई पूर्णरूपमा कुनै पनि कुरामा सन्तुष्ट छैन। यदि कुनै दिन सुखी अनि सन्तुष्ट भएँ भने त्यसपछि भनौंला नि हुन्न ?

**कृष्ण कँडेल (१९), चितवन**

उनको मायाले सुखी र उनीसँगै अँगालोमा कसिंदा सन्तुष्ट हुन्छु।

**आकांक्षी एम. के. (२१), प्युठान**

जब मैले पठाएका मतहरू साप्ताहिकमा सुनौला अक्षरमा प्रकाशित भएको पढ्न पाउँछु तब म सुखी र सन्तुष्ट हुन्छ।

**प्रतिभा**

मलाई सुन्दर युवतीले हरपल सुखी राख्न सक्छिन्। यस्ती राम्री जसको मायामा म पागल समान भएको हुनुपर्छ।

**सन्तोष गौतम (२२)**

मानिसको जात न हो, यो सुखी र सन्तुष्ट हुनै सक्दैन।

**लीला लामा, रंगपुर-५, रौतहट**

असल साथीहरूको संगत तथा व्यवहारले सुखी र सन्तुष्ट बनाउँछ।

**लेखनाथ ओझा, बर्दिबास**

लाइन नबसी पेट्रोल पाए, चौबीसै घन्टा खानेपानी आए र बेरोजगारी हटेर नेपाली दाजुभाइ-दिदीबहिनी विदेश नगए।

**रोशनकुमार श्रेष्ठ (२५) खोपासी**

भूमिगत पार्टीले देश विकासमा बल खर्च गरे, खेलकुद र कलाक्षेत्रबाट मानिसले आय आर्जन गर्न सके, सरहमा प्रदूषण कम भए म खुसी र सन्तुष्ट हुन्थें।

**भूषणकुमार श्रेष्ठ, खोपासी, काभ्रे**

मनको शान्ति। मनको शान्तिले नै मलाई सुख र सन्तुष्टिको अनुभूति हुन्छ। तर देशको यस्तो अवस्था देख्दा कहिल्यै शान्ति मिल्दैनजस्तो लाग्छ मलाई। बरु सबै मिलौं र खुसी बनौं न।

**कमल जी.जी. (२४), खोटाङ**


पैसा र सफलताले।

**कुविर कुलुङ (१९) छेस्काम-३, सोलु**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
२. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
३. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
४. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
५. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
६. बुद्धि ठूलो कि बल ? किन ?
७. देशभक्ति के हो ?
८. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
९. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
१०. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
११. प्रेममा धोका हुने कारण के हो ?



## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २० वर्षीय युवक हुँ। एक १७ वर्षीया युवतीसँग मेरो प्रेमसम्बन्ध छ। हामी दुवै अविवाहित हौं। हामी दुवैबीच यौनसम्पर्क हुँदै आएको पनि २ वर्ष पुग्न लागेको छ। हामी दुवैको सहमतिमा यौनसम्पर्क हुन्छ। यौनसम्पर्क वा भनौं शारीरीक सम्पर्क गर्ने क्रममा पहिलो पटक उनलाई साह्रै पीडा महसुस हुन्छ, योनि पोल्छ। सोही दिनको दोस्रो पटकको सम्पर्कमा भने पीडा हुँदैन। उनलाई यौनसम्बन्धी कुनै रोग पो छ कि ? डाक्टरको सल्लाह पो लिनुपर्छ कि ? यौनसम्पर्क गर्नुपूर्व संवेदनशील अंग चलाउने, चुम्बन गर्नेजस्ता सबै प्रक्रिया पूरा गरी सकेर मात्र कण्डमसहित सम्पर्क गर्छु। तैपनि प्रत्येक दिनको पहिलो पटकको सम्पर्कमा पीडा कम भएन, तर दोस्रो पटक सम्भोग गर्दा पीडा महसुस हुँदैन। यसको कारण र समाधानको उपाय बताइदिनुहुन्छ कि ?**

–वाई. डी. एस.

**उत्तर : विवाहपूर्वको यौनसम्बन्ध**

तपाईंहरूको जस्तो उमेरमा यौन क्रियाकलापप्रति सबैजसोको नै तीव्र चाहना हुन्छ। यसैलाई पूरा गर्न तपाईंहरूले यौनसम्पर्क राख्नुभएको बुझिन्छ। प्रेमको गहिरो भावना विकसित नभै सजिलै यौनसम्पर्क राख्दा त्यसका आफ्नै समस्या हुन्छन्। यदि दुई वर्षदेखि यस्तो सम्बन्धले निरन्तरता पाएको थियो भने तपाईंको उमेर १८ वर्ष तथा तपाईंकी प्रेमिकाको उमेर १५ वर्ष मात्रै थियो। यो उमेरलाई परिपक्व उमेर भन्न सकिँदैन। सानै उमेरमा यसरी यौनसम्पर्क राख्दा पक्कै पनि तपाईंकी प्रेमिकालाई आफ्नो शरीर तथा अंग-प्रत्यंगमा भैरहेका परिवर्तनहरू, यौन तथा यौनिकता, त्यससँग सम्बन्धित व्यवहारहरू अनि त्यसबाट पर्न सक्ने जोखिमका बारेमा राम्रोसँग थाहा थिएन। किशोरकिशोरीका लागि ठीक जानकारी पाउने वातावरण तथा यौन तथा यौनिकता विषयका सेवाहरू सहज रूपमा उपलब्ध छैनन्। फेरि किशोरकिशोरीहरू परिपक्क नभैसकेकाले उनीहरूलाई सजिलै ललाई-फकाई जोखिमपूर्ण व्यवहारमा लगाउन सकिन्छ। पत्रमा दुवैको सहमतिको कुरा लेख्नुभएकाले ललाई-फकाईको कुरा त भएन नै होला भन्ने आशा लिएको छु।

**यस्ता सम्बन्धको समस्या**

हाम्रो समाजमा यौनसम्बन्धी कुरामा केही खुलापन आए पनि विवाहपूर्वको यौनसम्पर्कका कारण पर्न सक्ने असर र कसरी बच्ने भन्ने विषयमा जानकारी लिनु आवश्यक छ। गोप्यता भङ्ग भए पारिवारिक तथा सामाजिक बहिस्कार तथा हेंलाको सामना गर्नुपर्ने हुनसक्छ।

कन्डमको नियमित प्रयोगले तपाईंहरूलाई गर्भ रहनबाट बचाएको छ, नत्र त्यसको आफ्नै समस्या हुन्थ्यो। अर्कातिर सम्बन्धको निरन्तरता कायम नरहेको वा नरहने स्थितिलाई मध्यनजर गर्दै आकर्षण, प्रेम वा यौनचाहना भयो भन्दैमा विचार नपुऱ्याई यौनसम्पर्क गर्नबाट बच्नुपर्छ। गर्भ रहन वा यौनरोगबाट बचेर पनि यौनआनन्द पाउने उपाय प्रशस्तै छन्।

**यौनसम्पर्कमा किन पीडा हुन्छ ?**

हामीलाई थाहै छ, यौनसम्पर्क एक आनन्ददायी क्रियाकलाप हो। यौनसम्पर्कबाट नै सम्भवतः मानवले प्राप्त गर्न सक्नेमध्येको चरम आनन्द प्राप्त गर्छ। असीम आनन्द, चरमसुख, स्वर्गीय आनन्दजस्ता कतिपय विशेषण यौनसम्पर्कको आनन्दसँग जोडिएका छन्, तर सबै यौनसम्पर्क सुखमय नहुन सक्छन्। यौनसम्पर्क किन पीडायुक्त हुन्छ ? त्यसका सम्बन्धमा केही कुरा गरौं। यौनसम्पर्क राख्दा महिलाहरूमा पीडा हुने कारणहरूमा योनिको संक्रमण प्रमुख हुनसक्छ। योनि सुख्खा भएको स्थितिमा सम्पर्क गर्दा पनि पीडादायी हुन्छ।

त्यसैगरी यौनसम्पर्कसम्बन्धी नकारात्मक धारणाले ग्रसित भएको स्थितिमा वा डर भएको स्थितिमा यस्तो हुन्छ। विशेष गरेर भयातुर वा डर भएका कारण यौनसम्पर्क गर्न लाग्दा अकस्मात योनिको मांसपेशीको संकुचन हुन्छ। यस्तो बेलामा यौनसम्पर्क राख्न खोज्दा उक्त यौनसम्पर्क पीडायुक्त हुन्छ। अंग्रेजीमा यस किसिमको अवस्थालाई Vaginismus भनिन्छ।

तपाईंको पत्रमा पर्याप्त जानकारी नभएकाले तपाईंले अनुरोध गर्नु भएजस्तै यसै भन्न सकिने स्थिति भएन, तर पनि Vaginismus भएको हुनसक्ने स्थिति छ। विवाहपूर्वको यौनसम्पर्कमा एक किसिमको तनाव वा भय त हुने नै भयो। पहिलो यौन सम्पर्कपछि तनाव कम भएर स्थिति अलि सहज भएपछि योनिको संकुचन खुलेको हुनुपर्छ।

अर्को सम्भावना, योनिमा पर्याप्त मात्रामा रस नआउनु हो। योनि पोल्नुले पनि त्यसैलाई संकेत गरिरहेको छ। तपाईंले चुम्बन वा अङ्ग चलाउने कुरा त गर्नुभएको छ, तर तपाईंकी साथी पर्याप्त रूपमा उत्तेजित भए-नभएको स्पष्ट छैन। पर्याप्त मात्रामा योनिरस आउनु उत्तेजनाको संकेत हो। तपाईंले पहिलो यौनसम्पर्कको कति समय पछि अर्को सम्पर्क गर्ने गर्नुभएको छ भन्ने कुरा थाहा भएन, तर सम्भावना के छ भने तपाईंको पहिलो यौनसम्पर्कले तपाईंकी प्रेमिकालाई पर्याप्त रुपमा उत्तेजित गराइदिएको होस् र दोस्रोमा सहज भएको होस्।

**समाधान के होला ?**

दोस्रो यौनसम्पर्कमा कुनै पीडा नभएको कुराले संक्रमणको सम्भावना कमै देखिन्छ। भय वा तनाव छ भने त्यसलाई कम गर्ने प्रयास गर्नुपऱ्यो। यसका लागि सहज वातावरणमा कुराकानी गर्नुहोस् र त्यस्तो केही भए त्यसलाई हटाउने प्रयास गर्नुहोस्।

यौनसम्पर्कको बेलामा योनि सुख्खा भएर दुख्ने समस्या कम गर्न थप चिल्लो पदार्थ प्रयोग गर्न सकिन्छ। पानीमा आधारित चिप्लो पदार्थ जस्तै KY Jelly प्रयोग गर्नुपर्छ ताकि कन्डमलाई कुनै क्षति नपुगोस्। कतिपयले थुकलाई राम्रो विकल्पका रूपमा प्रयोग गरेका हुन्छन्। समस्या कायम रहे विस्तृत जानकारीका साथ पत्र लेख्न नभुल्नुहोला।

# परिणाम : अवैध सम्बन्धको

सँगसँगै धेरै समय बिताउने केटाकेटी प्रायः अवैध सम्बन्ध गाँस्ने हदसम्म पुग्छन् भन्नु अन्यथा हुँदैन। थुप्रै युवायुवतीले विवाहपूर्व सम्बन्ध राख्दा असाध्यै निराश पनि हुनुपरेको छ। नतिजा ? दोषी भावना अनि आत्मसम्मानको कमी। एक भुक्तभोगी भन्छन्– 'के के न होला भन्ठानेको थिएँ। मानिसहरूले भनेजस्तो न्यानो मायाको अनुभूति हुँदो रहेनछ। बरु आफूले कत्रो ठूलो भूल गरेछु भन्ने कुराले असाध्यै पोल्दो रहेछ। मैले असाध्यै हीनभाव अनि आत्मसंयम हराएको महसुस गरें।' त्यसैगरी अर्की युवती भन्छिन्– 'वास्तविकता असाध्यै तीतो हुँदो रहेछ। मलाई आफ्नो हातखुट्टा लुलो भएजस्तो लाग्यो। आफूलाई पतीत महसुस गरें। अनि मेरो प्रेमीले 'हदभन्दा अघि बढ्नुअघि नै रोक्नुपर्थ्यो नि' भन्दा पनि मलाई त्यसको केही अर्थ लागेन।'

कलेजमा अध्ययन गर्ने विद्यार्थीहरूका यौन गतिविधिको अध्ययनपश्चात् एक अनुसन्धानकर्ता यस्तो निष्कर्षमा पुगे– 'पहिलो पटक यौनसम्बन्ध राखेर सन्तुष्ट अनि रोमाञ्चित हुनेहरूभन्दा असन्तुष्ट अनि निराश हुनेहरू झन्डै दोब्बर छन्। पुरुष तथा स्त्री दुवै आफ्नो पहिलो अनुभवबाट असाध्यै निराश हुनुपरेको कुरा सम्झन्छन्।' विवाहित दम्पतीहरू समेत कहिलेकाहीं यौन असन्तुष्टि महसुस गर्छन्, तर वैवाहिक जीवनको कुरा अर्कै छ। किनभने त्यहाँ साँचो प्रेम एवं समर्पण छ भने प्रायः सजिलै समस्या सुल्झाउन सकिन्छ।

तथापि, विवाहपूर्व सम्बन्ध राख्ने केही युवायुवती रत्तिभर दोषी भाव महसुस गर्दैनन् र उल्टो केटा वा केटी रोजीरोजी आफ्नो तृष्णा मेटाउन कुनै कसर बाँकी राख्दैनन्। युवक र युवतीले एकपटक अवैध सम्बन्ध राखेपछि प्रायः तिनीहरूको दृष्टिकोण नै बदलिन्छ। युवकलाई आफ्नी प्रेमिकाप्रतिको भावना पहिलेजस्तो प्रबल नभएको महसुस हुनसक्छ, सायद आफ्नी प्रेमिका आकर्षकसमेत लाग्न छाडलिन्। अर्कातर्फ युवतीले चाहिँ आफू लुटिएको वा ठगिएको महसुस गर्न सक्छिन्।

एक युवती यौन सम्बन्ध राखेपछि महसुस गरेको कुरा यसरी स्वीकार गर्छिन्: 'आफैंसित अनि मेरो प्रेमीसित असाध्यै घृणा लाग्यो। वास्तवमा त्यस्तो सम्बन्ध राखेर हामी नजिक हुन्छौं भन्ठानेका थियौं तर त्यही कुराले गर्दा हाम्रो सम्बन्ध टुट्यो। मलाई फेरि उनको मुखसमेत हेर्न मन लागेन।' अवैध सम्बन्धको परिणामका बारेमा थप कुरा गर्दा युवायुवतीहरू नैतिक खतरामा परेको र तिनीहरूबीच अर्थपूर्ण कुराकानी कम हुन थालेको अनुमान सजिलै ल्याउन सकिन्छ।


**अनैतिक सम्बन्धबाट बच्ने उपाय**

के त ? एकान्त खोज्ने बानी दुवै प्रेमीप्रेमिकाले छाड्नुपर्छ। समूहमा भेटघाट गर्नाले युवायुवतीमा व्यावहारिकताको विकास हुन्छ भने रातिको भेटघाट छोड्याउन सक्नुपर्छ। मुख्य कुरा, परिस्थिति नाजुक हुन थाल्दा नाइँ ! भन्ने आँट गर्नुपर्छ र त्यो नाइँ नाइँ नै हुनुपर्छ।

**– अनिमेष पोखरेल**

## प्रविधि र जीवन

# क्यान्सरमा लाइट थेरापी



अर्बुद (क्यान्सर) रोगको परम्परागत उपचार पद्धतिमा हुने संक्रमण र शरीरलाई गलाउने उपचार पद्धतिको विकल्पमा फोटोडाइनामिक थेरापी उपचार-पद्धति विकास गरिएको छ। यो उपचार-पद्धतिलाई लाइट थेरापी नाम दिइएको छ। यसमा ट्युमर मार्ने औषधीको प्रयोग गरिन्छ, जसलाई प्रकाशको सहयोग क्रियाशील पारिन्छ।

यो उपचार-पद्धतिअन्तर्गत क्यान्सर संक्रमित संक्रमित भागमा क्रिम दल्न लगाइन्छ र त्यसपछि २० मिनेटजति त्यसमा प्रकाश पारिन्छ। यो प्रक्रियाबाट एक प्रकारको अक्सिजन पैदा हुन्छ, जसले ट्युमरलाई नष्ट गर्छ। ठीक यही विधिलाई शरीरभित्र किरणसहितको लचिलो इन्डोस्कोप ट्युब घुसार्न सम्भव हुने ठाउँको क्यान्सर उपचार-हरूमा अपनाउन सकिने अर्बुदरोग विशेषज्ञहरू बताउँछन्।

यसमा केमोथेरापीमा जस्तो बारम्बर औषधी लिइरहनुपर्दैन। एकैपटक मात्र यो विधि अपनाए पुग्छ र यसको साइड इफेक्ट पनि न्यून छ। यो प्रविधि सस्तो पनि छ। यो उपचार दिँदै आएका अबुर्दरोग विशेषज्ञहरूका अनुसार यसमा केमोथेरापीको तुलनामा आधा खर्च पनि लाग्दैन।

# अनौठो लुगा धुने मेसिन



जापानको मित्सुविसी विद्युत् कम्पनीले विश्वमै सबैभन्दा छिटो लुगा धुने मेसिन निर्माण गरेको छ। उक्त मेसिनले कपडाको परिमाणको अनुपातमा स्वतः आफ्नो भोलुम बढाउने तथा घटाउने काम गर्छ। मेभिङ ड्रम नाम दिइएको उक्त मेसिनले ३५ मिनेटमा नौ किलोग्राम कपडा सुकाउन सक्छ। जुन परम्परागत वासिङ मेसिनभन्दा आधा समय कम हो। यो मेसिनले समय मात्र कम नगरी विद्युत् पनि कम खर्च गर्ने कम्पनीले जनाएको छ। यो मेसिन गत मे महिनाबाट जापानमा व्यावसायिक बिक्रीमा ल्याइएको छ, तर जापानबाहिर भने कहिलेदेखि बिक्रीमा पठाइने हो भन्ने विषयमा केही बताएको छैन।

## जानकारी

# रक्त समूहमा क्रान्ति

डेनमार्कका वैज्ञानिकहरूले जुनसुकै रगतको समूह (ब्लड ग्रुप) लाई एउटैमा परिणत गर्ने काममा सफलता पाएका छन्। यसले गर्दा विभिन्न रगतको ग्रुप खोजी गर्दै हिँड्नुपर्ने बाध्यताबाट मानिसले मुक्ति पाउने भएको छ। समाचारअनुसार डेनमार्कका वैज्ञानिकहरूले सुलभ रूपमा पाइने 'ए' र 'बी' रगत समूह (ब्लड ग्रुप) लाई दुर्लभ मानिएको 'ओ' मा सजिलै परिणत गरेका छन्। रातो रगतको सेलबाट ब्याक्टेरियल ग्लाइकोसाइडाइस इन्जाइम हटाएपछि जुनसुकै रगत पनि एउटै समूहमा परिणत गर्न डेनिस वैज्ञानिकहरूले सफलता पाएका हुन्।

रक्तसमूह एक गर्ने प्रविधि सस्तो मात्र नभई यो प्रक्रिया क्षणभरमै सम्पन्न गर्न सकिन्छ। आरबीसीमा रहेका तत्त्वहरूले नै मानवशरीरको रक्त समूहको विभाजन गर्दै आएको थियो। डेनमार्कका वैज्ञानिकको यो अनुसन्धानलाई अर्को क्रान्तिकारी उपलब्धि मानिएको छ।

## जन्मदिनको शुभकामना




पूजा पोखरेल २०६१ असार १५ | स्वीकृति गौतम २०६२ असार १५ | रिजन रेग्मी २०६१ असार १५ | प्राश्ना खत्री २०६३ असार १६



हर्षद कारञ्जित २०६१ असार १६ | विकास मल्ल २०५७ असार १७ | श्रीजल राई २०६१ असार १७ | सार्थक कार्की २०६१ असार १८



दीक्षा अधिकारी २०५८ असार १८ | नितेश श्रेष्ठ २०५६ असार १८ | सुजल श्रेष्ठ २०५९ असार १९ | लक्की सिंह २०६१ असार १९



अदीति खनाल २०५४ असार १९ | आकाश लिम्बू २०५५ असार १९ | धैर्यता घिमिरे २०५६ असार २० | उबिसा श्रेष्ठ २०६० असार २१



सतिश सापकोटा २०६१ असार १८ | सन्देश शाही २०५८ असार २० | अप्सरा भट्टराई २०५६ असार १५ | रक्षिंता तिम्सिना २०६१ असार १५

कुपन

जन्मदिनको शुभकामना

नाम :.....................................................

जन्म मिति :.....................................................


स्कुल :.....................................................

ठेगाना : .....................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# साप्ताहिक रंग भर प्रतियोगिता - २



**प्रतियोगीको नाम :**

**कक्षा :**


**विद्यालयको नाम :**

माथि दिइएको चित्र डाँफे चराको हो। अंग्रेजीमा यसलाई लोफोफोरस भनिन्छ। उच्च पहाडी तथा हिउ पर्ने क्षेत्र यसको मुख्य वास स्थान हो। डाँफे नेपाल, भारत, पाकिस्तान तथा भुटानमा पाइन्छ। डाँफे नेपालको राष्ट्रिय चरा हो। यसको शरीरमा ९ रंगको समायोजन हुन्छ भन्ने विश्वास गरिन्छ। भालेको टाउकोमा कल्की हुने डाँफे संसारकै सर्वाधिक सुन्दर चराहरूमध्ये एक हो।

**नियमहरू :**

१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन्।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगिन तस्बिर पनि पठाउनु पर्नेछ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिने छ।


# शव जलाउनुभन्दा गाड्नु फाइदा



अस्ट्रेलियाका वैज्ञानिकहरूले मृत मानिसलाई समाधिस्थ गर्ने पुरानो परम्पराले पृथ्वीको तापक्रम बढाउन भूमिका निर्वाह गरेको कुरा बताएका छन्। मृतकलाई समाधिस्थ गर्दा ८ सय ५० डिग्री तापक्रम ९० मिनेटसम्म प्रयोग गर्दा ५० किलोग्राम कार्बन डाइअक्साइड तयार हुने र त्यसले पृथ्वीको तापक्रम बढाउने काम गर्ने बताइएको छ।

वैज्ञानिकहरूले उल्लेखित तरिकाले समाधिस्थ गर्नुको सट्टा शवलाई कार्डबोर्डको बाकसमा राखेर रूखको फेदमा गाड्दा वातावरणमा उचित प्रभाव पर्ने जानकारी दिएका छन्। रूखको फेदमा गाडिएको लासबाट रूखका लागि आवश्यक पर्ने मल निस्कने एवं मृतकको शवबाट निस्कने कार्बनडाअक्साइड रूखले लिएर प्राणीका लागि आवश्यक पर्ने अक्सिजन निष्कासन गर्न सक्छ।

**तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?**



लुकेका समानहरू :धारा, बुस, काइँयो, गिलास, कैंची।

# कुरा कालो चकलेटको



कालो चकलेट रक्तवाहिनीलाई प्रभावकारी तुल्याउने काममा उपयोगी प्रमाणित भएको कुरा अमेरिकाको याले विश्वविद्यालयले प्रकाशमा ल्याएको छ। रक्तसञ्चालनका लागि त्यसले रक्तवाहिनीलाई सहयोग गर्ने अनुसन्धानकर्ताहरूले जानकारी दिएका छन्।

हृदयसँग सम्बन्धित रोगको प्रतिरोधका लागि उपयोगी मानिएको वाइन, हरियो चिया, फलफूल तथा सागपात र कोका तथा कालो चकलेटबीच गहिरो सम्बन्ध रहेको अनुसन्धानबाट पत्ता लागेको हुँदा चकलेट रक्तवाहिनीका लागि उपयोगी सावित भएको हो। रक्तबाहिनीलाई सहयोग पुऱ्याउने कार्यले हृदयसम्बन्धी रोग लाग्नबाट केही हदमा रोकिने कुरा अनुसन्धानमा संलग्न व्यक्तिहरू बताउँछन्।

# कोलेस्ट्रोल रोगीका लागि शुभसन्देश



जर्मनको एउटा नामुद औषधी निर्माता कम्पनीले जापानको अर्को औषधी निर्माता कम्पनीसँग मिलेर एन्टी कोलोस्ट्रोल औषधी निर्माण गर्ने भएको छ। जापान सरकारले त्यस्तो औषधीलाई प्रयोगशालामा ल्याउन अनुमति दिएपछि औषधी निर्माण गर्न लागिएको हो। जापानमा कोलेस्ट्रोलबाट पीडितहरूको संख्या बढ्दै गएपछि एन्टी कोलेस्ट्रोल ड्रग प्रयोगमा ल्याउन अनिवार्य भएको सरकारको दावी छ। हाल जापानमा ३ करोड मानिस कोलेस्ट्रोलबाट पीडित भएको कुरा सरकारी तथ्यांकमा उल्लेख छ।

# स्वास्थ्यका लागि पानी



**पानी** धेरै पिउनुपर्छ भन्ने कुरा जताततै सुन्न पाइन्छ। मानिसले झोलपदार्थ अत्यधिक मात्रामा सेवन गर्नुपर्छ। त्यसमा पनि पानीको मात्राले आफ्नै महत्त्व राख्छ। पानी मानिसलाई नभैनहुने प्रमुख तत्त्व हो। एक अध्ययनअनुसार वयष्क व्यक्तिका लागि प्रतिदिन जाडोयाममा साढे एकदेखि साढे दुई लिटर तथा गर्मीयाममा साढे दुईदेखि साढे तीन लिटर पानी आवश्यक पर्छ।

अहिले स्वच्छ र स्वस्थकर पानीका लागि बोतलबन्द मिनरल वाटरको प्रयोग बढ्दो छ। मानिसलाई लाग्ने रोगहरूमध्ये ८० प्रतिशत रोग अस्वच्छ पानीका कारणले नै लाग्छ, त्यसैले पानी सफा तथा स्वच्छ हुनुपर्छ। सामान्यतः रोग नलागोस् भनेर मिनरल वाटर प्रयोग गर्नेहरू वा पानी उमालेर प्रयोग गर्नेहरूले स्वच्छ पानी नै प्रयोग गरेका हुन्छन् भन्ने मान्नुपर्ने हुन्छ, तर पानीका कारणले लाग्ने रोगबाट बच्न पानी स्वच्छ भएर मात्र पुग्दैन।

सफा र स्वच्छ पानी प्रयोग गर्दागर्दै पनि समस्या देखिनुको मुख्य कारण पानीको गलत प्रयोग नै हो। सहरबजारदेखि गाउँघरसम्मका अधिकांश मानिसले पानी धेरै पिउनुपर्छ भने पनि पानीको प्रयोग ठीक ढंगले गरेको पाइँदैन। अधिकांश मानिस खानासँग पानी पिउँछन्। कतिपयले त गाँसैपिच्छे पानी पिउँछन्। कतिले खानासँगै पानी नपिए पनि खानालगत्तै प्रशस्त पानी पिउने गरेको पाइन्छ भने कतिले खानाको ठीक अघि पानी पिउँछन्। यस प्रकारले पानी प्रयोग गर्दा पाचन प्रणालीमा गडबडी उत्पन्न हुन्छ।

खानासँग पानी पिउँदा ऱ्यालगन्थिबाट ऱ्याल (पाचन रस) निस्कन कम हुन्छ वा बन्द नै हुन्छ। यसरी मुखमा हुने पाचनको पहिलो काम अधुरो र अपूरो हुन पुग्छ। खानासँगै पानी पेटमा पुग्नाले पेटमा हुने पाचन रस (हाइड्रोक्लोरिक एसिड) ले पेटमा पुगेको खाना पर्याप्त काम गर्न पाउँदैन। त्यस्तै विभिन्न ग्रन्थिबाट निस्किएको पाचन रस पनि पातलो हुन्छ। पाचन रस पातलो हुँदा खानामाथि त्यसको असर न्यून हुन्छ। त्यसो भएपछि पाचनमा ढिलाई वा अपच हुन्छ।

खानाको ठीक अगाडि पानी पिउँदा पेटमा पाचन रस आवश्यक मात्रामा स्रावित हुन पाउँदैन। खानासँगै पानी नपिए पनि पाचन ढिलो हुन सक्छ, पेटमा वायु भरिन्छ र पेट फुल्छ। त्यस्तो स्थितिमा डकार वा अमिलो वायुका रूपमा ग्याँस निस्कन थाल्छ।

खानासँग चाहिं नपिउने तर खानाको लगत्तै प्रशस्त पानी पिउँदा पेटमा सुरु भएको पाचनको काम रोकिन्छ। अनि पेटले गर्नुपर्ने काम पुरा नहुँदै खाना आन्द्रातिर सर्किन्छ र पेट फुल्ने, दुख्ने हुँदै पातलो दिसा लाग्न थाल्छ।

शरीर, रगत, रस सबै मानिसले खाएको खानाको पाचन र अवशोषण भएर बन्ने हुनाले पानीको गलत प्रयोगले पाचन र अवशोषणको काम ठीक ढंगले हुन नसकेपछि रगत, रस, कोष तथा अवयवहरू ठीक ढंगले निर्माण हुन सक्दैनन्। यसरी रगत, रस, कोष तथा विभिन्न अवयव ठीक ढंगले बन्न र सञ्चालन हुन नसकेपछि शरीरमा कुनै न कुनै किसिमको समस्या देखा पर्छ।

**पानी पिउने खास समय**

खाना खानुभन्दा एक घण्टाअघि चिसो पानी पिउनु ठीक हुँदैन। प्यास लागेपछि मात्र बिहानको खाना खानुभन्दा एक घण्टाअघि एकपटकमा एक गिलास पानी पिउनु उपयुक्त हुन्छ। खाना खानुभन्दा एक घण्टाअघि एकैपटकमा एक गिलासभन्दा बढी चिसो पानी पिउँदा पाचन गडबड हुन सक्छ। त्यस्तै खाना खाएको एक घण्टा नबित्दै पानी पिउँदा पाचनमा गडबडी उत्पन्न हुन्छ। खाना खाएको एक घण्टापछि पनि एकै पटकमा धेरै पानी सेवन गर्नाले पनि पाचनमा गडबडी हुन सक्छ। त्यसैले खाना खाएको एक घण्टापछि प्यास लागे एक गिलास पानी पिउनु उपयुक्त हुन्छ।

खाना खाएको दुई घण्टापछि एक पटकमा एक गिलासदेखि बढीमा दुई गिलाससम्म पानी पिउनु उपयुक्त हुन्छ। दुई खानाको बीचको अवधिमा खाना खाइसकेपछि एक वा दुई घण्टापछि र खाना खानुभन्दा एक वा दुई घण्टाअघिसम्म प्रतिघण्टा एकदेखि दुई गिलाससम्म पानी पिउनुपर्छ, तर पानी घटघट नपिई बिस्तारै पिउनु बढी लाभदायक हुन्छ। एक पटकमा दुई गिलासभन्दा बढी चिसो पानी नपिउनु नै राम्रो हुन्छ। दुई गिलास पनि धेरै गर्मी भएर वा प्यास बढी लागेको अवस्थामा मात्र पिउनुपर्छ, होइन भने सरदर प्रतिघण्टाको एकगिलासको दरले पानी सेवन गर्नु श्रेयस्कर हुन्छ।

जाडोको समयमा प्रतिघण्टा एक गिलासका दरले पानी पिउनुपर्छ। साँझ ५ बजेपछि पानी नपिउनु नै राम्रो हुन्छ भने गर्मीको समयमा साँझ ६ बजेसम्म पानी पिउन सकिन्छ। त्यसपछि बेलुका खाना खाएपछि सुत्नुअघि मात्र एक गिलास पानी पिए पुग्छ। खाना खाइसक्ने र सुत्ने समयको अन्तर कमसे कम एकदेखि साढे एक घण्टा हुनुपर्छ। त्यति अन्तर भए मात्र सुत्नुअघि पानी पिउन मिल्छ। स्वास्थ्यका दृष्टिकोणले पनि खाने र सुत्नेबीचको समयअन्तर कमसेकम एकदेखि साढे एक घण्टा हुनुपर्छ। स्वास्थ्यका लागि प्रशस्त पानी पिउनुपर्छ भन्दैमा बेला न कुबेला वा जुन पायो त्यही समयमा पानी पिउनु हुँदैन।

बिहानको भोजनपश्चात् बेलुका सुत्नुअघिसम्मको पानी पिउने ढाँचाजस्तै बिहान उठेदेखि खाना खानुअघिसम्म पानी पिउने विधिका सम्बन्ध पनि स्पष्ट हुनुपर्छ। बिहान उठ्नासाथ अरू सबै काम छोडेर, ट्वाइलेट जाने काम पनि रोकेर, मुख कुल्ला गरी एकदेखि डेढ लिटर पानी पिउनुपर्छ। बानी नपरेकाले एक-दुई गिलासबाट सुरु गर्नुपर्छ। त्यसरी पानी पिएपछि दिसाको संकेत आए ट्वाइलेट जानुपर्छ। दिसा-पिसाबपछि मात्र आफ्नो नियमित कर्म, मर्निङ वाक, व्यायाम वा अन्य कुनै काम गरेपछि बिहानको पानी पिएको कमसेकम दुईदेखि तीन घण्टापछि मात्र फेरि पानी पिउन सकिन्छ, तर यसरी पिउने पानी धेरै तातो वा धेरै चिसो हुनु हुँदैन। मनतातो पानीमा कागतीको रस वा मह वा दुवै हालेर चियाजस्तै एकदेखि दुई-दुई गिलाससम्म पिउन सकिन्छ।

बिहानको खाना कति बेला खाइन्छ, त्यसका आधारमा निर्मलीकरण गरेको तातो पानीको मात्रा निर्धारण गर्नुपर्छ। नौ बजेभित्रै खाना खाइन्छ भने एक गिलास पानी पिउनुपर्छ। खाना खाइसकेपछि दुई-तीन गिलास मह-कागती पानी पिउनुपर्छ। थोरै अन्तरालमा नास्ता र खाना खाने हो भने पेटलाई भार मात्र बढ्छ र वायु बढ्ने, अपच हुने आदि हुन्छ। यस्तै दिउँसो पनि शारीरिक परिश्रम गर्नु पर्दैन भने कागती मह पानी नै पर्याप्त हुन्छ। पानी सेवन गर्दा बुझ्नुपर्ने अर्को कुरा के छ भने वातावरणको तापक्रमअनुसार वा पेटको आवश्यकताअनुसार चिसो, तातो वा मन तातो पानी पिउनुपर्छ। पेटमा वायु उत्पादन भएजस्तो लागे तातो पानी पिउन सकिन्छ, होइन भने मनतातो वा चिसो पानी नै पिउनु राम्रो हुन्छ। यसरी बिहान उठेदेखि नसुतेसम्म ठीक बेलामा, ठीक मात्रामा, ठीक तापक्रमको पानी पिउन सकियो भने पेटको समस्याबाट मुक्त रहन सकिन्छ।

**–भोला महतो**

# अजम्बरी फेसन कुर्ता-सुरूवालको

**जिन्स**, स्कर्टले मात्रै सबैलाई फेसनेबल देखाउँदैन। मिलाएर लगाउने हो भने सामान्य पहिरनले पनि सबैलाई ग्ल्यामरस लुक्स दिनसक्छ। बजारमा धेरै स्टाइलिस पहिरन आउँछन्, हराउँछन् तर कुर्ता-सुरुवालको फेसन भने उस्तै र उत्तिकै छ।

पहिलेका फेसन दोहोरिने क्रममा छन्। त्यस्तै कुर्ता-सुरुवालको चलन पनि फर्केर आएको छ। फरक यति मात्र हो, यसको स्टाइल परिवर्तन भयो। कुर्ता-सुरुवाल अहिलेसम्म पनि टिनएजदेखि गृहिणीसम्म सबैको रोजाइ बनेको छ। मुस्ताङचोक पोखराकी अस्मिता गुरुङ कुर्ता-सुरुवालमै आफूलाई सजिलो महसुस गर्छिन्। उनलाई मनपर्ने कलर कालो र सेतो हो। उनकै साथी रोजिना गुरुङलाई चुडीदार कुर्ता-सुरुवाल मन पर्छ। गुरुङ भन्छिन्- 'कुर्ता-सुरुवालले भद्र पहिचान दिन्छ।'

अहिले समयको मागसँगै कुर्ता-सुरुवालको फेसनमा पनि फरक-फरक स्टाइल भित्रिएका छन्। फेसनका लागि मात्रै होइन, भलाद्मी देखिन पनि कुर्ता-सुरुवालको प्रयोग बढेको हो। 'विशेष सभा-समारोहमा जानुपर्‍यो भने स्कर्ट-पाइन्ट लगाएर कहाँ हुन्छ र ?' फेसन डिजाइनर सपना गुरुङ भन्छिन्- 'कुर्ता-सुरुवाल जुनसुकै बेला पनि कम्फर्टेबल हुन्छ।' डोनाज बुटिककी सञ्चालिका सपना थरीथरीका कुर्ता-सुरुवालमै भेटिन्छिन्। अन्य पहिरन पनि उनलाई नसुहाउने होइन तर सपना कुर्ता-सुरुवालमै सजिलो अनुभव गर्छिन्।

अहिले पहिलेजस्तो एउटै रंगको सादा कुर्ता मात्र पाइँदैन। बजारमा जुनसुकै फेसन तथा स्टाइलका कुर्ता पाइन्छन्। बुटिकहरूको बढ्दो क्रेजका कारण पनि स्टाइलिस्ट कुर्ता-सुरुवाल तयार हुन थालेपछि कुर्ता-सुरुवालको पहिरन लगाउन चाहने महिलाहरूको संख्या पनि बढेको छ। सेभी बुटिककी डिजाइनर सविता शेरचन भन्छिन्- 'टिनएजर्सहरू फेसनेवल कुर्ता-सुरुवालको माग गर्न बुटिक धाउने क्रम बढेको छ।' लगाउन सजिलो, छोटो समयमा तयार पार्न सकिने तथा आफूले चाहना गरेअनुरूपका डिजाइन उपलब्ध हुन थालेपछि कुर्ता-सुरुवालले जोकोहीलाई पनि आकर्षित नगर्ने कुरै भएन।

हिन्दी चलचित्रका पुराना नायिका माला सिन्हा, आशा पारेखहरूले लगाउने स्टाइलका कुर्ता-सुरुवाल डिमान्ड गर्नेहरू पनि प्रशस्तै छन्। हिन्दी सिरियलहरू हेरेर त्यस्तै कुर्ता-सुरुवाल डिमान्ड गर्न बुटिक तथा कुर्ता प्यालेस धाउनेहरू पनि प्रशस्तै छन्। फिटिङ तथा चुडीदार कुर्ता-सुरुवाल लगाउने फेसनेवल युवतीहरूको जगजगी अहिले बजारतिर छ्याप्छ्याप्ती



पाइन्छ। पोखराकै व्यस्त बजारमा स्थित युनिक लेडिज फेसन यहाँ सबैभन्दा बढी कुर्ता-सुरुवाल खपत हुने ठाउँ हो। युनिक फेसनकी प्रोप्राइटर कमला गौतम भन्छिन्- 'पाँच वर्षअघिको अम्रेला कुर्ताको फेसन फेरि रिपिट भएको छ।' त्यही पसलका भीम गौतमका अनुसार जाडोमा उलन, भेला तथा गर्मीमा कटन र सेन्थेटिकका कुर्ता-सुरुवाल बढी बिक्री हुन्छन्। गौतम भन्छन्- 'कुर्ता-सुरुवाल कहिल्यै नहराउने पहिरन हो।'

गृहिणी तथा कामकाजी महिलाहरूले राउन्ड बटम स्ट्रेट कुर्ता-सुरुवाल बढी लगाएको पाइन्छ। त्यसो त नर्मल तथा ट्रेडिसनल वेयरमा कुर्ता-सुरुवाल लगाउनेहरू पनि छन्। महिलाहरूले उमेरसँगै कुर्ता-सुरुवालको छनौट गर्ने गरेका छन्। ठाउँ तथा मौसमअनुसार कुर्ता-सुरुवाल पाइन थालेपछि यसतर्फ आकर्षित नहुने युवतीहरू कमै छन्। आफ्नो शारीरिक बनावटलाई स्लिम देखाउन कम घेरा भएका फिटिङ कुर्ता-सुरुवाल लगाउने युवतीहरू पनि कम छैनन्। भिन्न-भिन्न स्टाइलिस्ट कुर्ता-सुरुवाल लगाउने युवतीहरूका कारण फेसनको बजारमा रंग थपिएको छ। त्यसैगरी सलको साटो सिफन ज्याकेट प्रयोग भएको कुर्ताले टिनएजर्सको लुक्स अझै ग्ल्यामरस देखिन्छ। उता पाका महिलाहरू पटियालो स्टाइलतर्फ बढी आकर्षित छन्। चिप्लेढुङ्गास्थित स्पेलन्डर बुटिकका जंगु राई फेसनको ट्रेन्ड बदलिएको कुरामा सहमति जनाउँदै भन्छन्– 'हिन्दी सिरियल हेरेर सोहीअनुरूपका कुर्ता-सुरुवालको माग गर्नेहरू धेरै छन्।' यो सदावहार पहिरनका रूपमा सबैमाझ लोकप्रिय हुँदै गएको छ। फेसन डिजाइनर प्रभा रञ्जित भन्छिन्- 'कुर्ता-सुरुवाल मन नपराउनेहरू कमै होलान्।'

भारतको पञ्जाव प्रान्तका महिलाहरूले लगाउने कुर्ता-सुरुवाल अहिले सबैजसो राष्ट्रका युवती तथा महिलाहरूले लगाउन थालेका छन्। यो उनीहरूको रोजाइको पहिरन पनि बनेको छ। पश्चिमा मुलुकका महिलाहरूसँगै कुर्ता-सुरुवाल लगाउनेमा नेपाली महिलाहरू निकै अघि देखिएका छन्। सामान्यदेखि विशिष्ट समारोहमा कुर्ता-सुरुवाल सजिलो र आकर्षक हुने भएकाले पनि यो पहिरनको माग बढेको हो। जाडोमा जाडोकै र गर्मीमा गर्मीकै लागि हुने कुर्ता-सुरुवाल बजारमा पाइन थालेपछि कुर्ता-सुरुवाललाई धेरैले बाह्रमासे पहिरनको उपाधि पनि दिएका छन्।

रेडिमेड र पिस कुर्ता-सुरुवाल भारतबाटै नेपाल भित्रिने गरेका छन्। सहर-बजारमा बुटिकदेखि महिलाकै लागि भनेर खुलेका भिन्न कुर्ता प्यालेसहरूले पनि हरेकको ध्यान खिचिरहेका छन्। पसलमा आकर्षक रूपमा डमीमा सजाइने कुर्ता देखेर नलोभिने कमै हुन्छन्। डमी हेरेर कुर्ता-सुरुवाल लिने गरेकी छु, बुटिकमा भेटिएकी कन्या क्याम्पस पोखराकी एक छात्रा भन्दै थिइन्- 'मलाई पाइन्ट स्टाइलकै कुर्ता मन पर्छ।' बजारमा ५ सयदेखि हजारौं मूल्य पर्ने कुर्ता-सुरुवाल पाइन्छन्। रेडिमेडको तुलनामा आफूलाई म्याच गर्ने कलरको कपडा किनेर सोहीअनुरूपको डिजाइन तयार पार्न पारखीहरू बुटिक धाउने गरेका छन्। फेसन पारखीहरू भन्छन्- 'स्टाइलिस्ट कुर्ता-सुरुवालको फेसनको त बाढी नै आएको छ।'

**–शिव शर्मा**



# भारोत्तोलनका महिला जागे

साप्ताहिक समाचार

काठमाडौं- राष्ट्रिय खेलकुद परिषद्ले तयार पारेको 'भिजन २०२०' तथा आगामी वर्ष बंगलादेशमा आयोजना हुने दक्षिण एसियाली खेलकुद प्रतियोगितालाई लक्ष्य गरेर आयोजित तेस्रो महिला तथा अठारौं पुरुष राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा महिला खेलाडीहरू मात्र नयाँ राष्ट्रिय कीर्तिमान कायम गर्न सफल भएका छन् ।

महिला भारोत्तोलनले अन्तर्राष्ट्रिय प्रतियोगितामा न्यून सहभागिता गर्न पाएको परिप्रेक्ष्यमा महिला खेलाडीहरूले छोटो समयमै राष्ट्रिय प्रतियोगितामा देखाएको उत्साहले अहिले राष्ट्रिय खेलकुद परिषद् तथा भारोत्तोलन संघलाई थप चुनौती दिएको छ ।

यस पटक राष्ट्रिय प्रतियोगितामा समावेश गरिएका महिलातर्फका तीनवटै विधामा महिला खेलाडीहरूले नयाँ राष्ट्रिय कीर्तिमान कायम गरे । ६३ किलोग्राम तौल समूहमा भक्त कटुवालले स्न्याचतर्फ ३, क्लिन एन्ड जर्कतर्फ २ तथा कुल तौलमा १ गरी ६ नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेकी छिन् । यसैगरी ६९ किलोग्राम तौल समूहमा तारादेवी पुनले स्न्याच, क्लिन एन्ड जर्क र कुलतर्फमा गरी ३ नयाँ राष्ट्रिय कीर्तिमान कायम गरिन् भने ७५ किलोग्रामभन्दा माथिको तौल समूहमा लक्ष्मी वनले स्न्याचतर्फ १, क्लिन एन्ड जर्कतर्फ २ तथा कुलतर्फ



१ गरी चार नयाँ राष्ट्रिय कीर्तिमान कायम गरिन् ।

महिला खेलाडीहरूले पाएको यो सफलतापछि अब राष्ट्रिय खेलकुद परिषद् तथा भारोत्तोलन संघले पनि गम्भीरतापूर्वक विचार पुऱ्याउनुपर्ने भारोत्तोलनका मुख्य प्रशिक्षक तिलक रावत स्वीकार गर्छन् । अहिले यो खेलमा लाग्ने अधिकांश खेलाडीले आफ्नो निजी खर्चमा प्रशिक्षण गरिरहेको परिप्रेक्ष्यमा राष्ट्रिय खेलकुद परिषद् र संघले केही सुविधा दिन सके खेलाडीहरूको स्तर वृद्धि हुने थियो ।

महिलाको तुलनामा पुरुष खेलाडीहरूको प्रदर्शन भने खासै सन्तोषजनक रहेन । पुरुषहरूले आफूले सहभागिता गरेको कुनै पनि स्पर्धामा नयाँ राष्ट्रिय कीर्तिमान कायम गर्न सकेनन् । दसौं सागमा नेपाललाई भारोत्तोलन खेलमा स्वर्ण पदक दिलाएका कमलबहादुर अधिकारी शान्तिसेनामा गएका कारण तथा सागमै पदक जितिसकेका नेपाल प्रहरीका राकेश रञ्जित हालै प्रहरीको तालिमबाट फर्किएका कारण प्रतियोगितामा कीर्तिमान कायम गर्न सकेनन् । सेनाका गोपाल श्रेष्ठको पनि यही अवस्था भएका कारण पुरुषतर्फ कुनै नयाँ राष्ट्रिय कीर्तिमान बन्न नसकेको मुख्य प्रशिक्षक तिलक रावतले बताए ।

अझै पनि दक्षिण एसियाली खेलकुद प्रतियोगिताबाट सर्वाधिक पदक जित्ने खेलको सूचीमा रहेको भारोत्तोलनले आफ्नो सफलताको परिधि विस्तार गर्न सकेको छैन । मुख्य प्रशिक्षक रावतका अनुसार राष्ट्रिय प्रतियोगिताले खेलाडीहरूलाई आन्तरिक रूपमा क्षमतावृद्धि गर्न सहयोग गरे पनि उनीहरूलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा नउतारेसम्म केही हुँदैन । अबको योजना खेलाडीहरूलाई न्यूनतम वर्षको एक पटक अन्तर्राष्ट्रिय प्रतियोगितामा उतार्नै हुनुपर्छ ।

यस पटक सम्पन्न प्रतियोगितामा केही नयाँ अनुहारले पनि आशा जगाएका छन् । महिलाको स्पर्धामा केही नयाँ खेलाडीले सम्भावना देखाएका छन् । ४८ किलोग्राम तौल समूहमा नीता थापाले पहिलो स्थान पाए पनि दोस्रो र तेस्रो स्थान नयाँ खेलाडी कविता र आशा चौधरीले हात पारे । यसैगरी ५३ किलोग्राम तौल समूहमा पहिलो, दोस्रो र तेस्रो स्थान नयाँ खेलाडीहरू देवीकुमारी, प्रमिलाकुमारी र प्रभा चौधरीले हात पारे । ५८ किलोग्राम तौल समूहमा तेस्रो स्थानमा नयाँ खेलाडी रामकुमारी चौधरी देखा परिन् । यस पटक पुरुषतर्फ पनि केही नयाँ अनुहारले आफूलाई पदक तालिकामा उभ्याए । १ सय ५ किलोग्राम तौल समूहमा शत्रुधन यादवले काश्य पदक जिते भने १ सय ५ भन्दा माथिको तौल समूहमा वसन्त श्रेष्ठ र सञ्जय फुयाँलले आफ्नो पहिलो सहभागितामै रजत र कांस्य पदक जिते ।

# भैरहवाको सपना पूरा



साप्ताहिक समाचार

काठमाडौं- केही साताअघि सम्पन्न १९ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगितामा काठमाडौंसँग पराजित भैरहवाले राष्ट्रिय क्रिकेट प्रतियोगितामा काठमाडौंलाई पराजित गरेर युवाहरूको हारको बदला लिएको छ ।

भैरहवाका सिनियर खेलाडीहरूले वि.सं. २०५८ सालदेखि राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा आफूलाई तीन पटक उभ्याउन सफल भए पनि विजेताको उपाधि भने कहिल्यै हात पार्न सकेका थिएनन्, तर चौथो पटकको प्रयासमा भने उनीहरूले सफलता पाए । यसअघि दुई पटकको फाइनलमा भैरहवाले एक बल पनि खेल्न नपाई विराटनगर (क्षेत्र नं. १) लाई उपाधि सुम्पनुपरेको थियो भने गत वर्ष फाइनलमा पनि वीरगन्जसँग पराजित हुनुपरेको थियो ।

कीर्तिपुरस्थित क्रिकेट मैदानमा सम्पन्न फाइनल खेलामा क्षेत्र नम्बर ४ भैरहवाले क्षेत्र नम्बर ३ काठमाडौंलाई ९४ रनको फराकिलो अन्तरले हराउँदै शिखर सिनियर एकदिवसीय राष्ट्रिय क्रिकेट उपाधि हात पारेपछि यसअघिका सबै कमजोरीहरू छोपिएका छन् ।


फाइनलका म्यान अफ दि म्याच दीपेश खत्रीको अर्धशतकको मद्दतले भैरहवाले निर्धारित ५० ओभरको खेलमा ८ विकेट गुमाउँदै २ सय १२ रनको योगफल बनाएको थियो । मध्यम रनको चुनौतीको सामना गरेको काठमाडौंले ४० ओभरमा सबै विकेट गुमाई १ सय १८ रनमै समेटिएको थियो । जसका कारण काठमाडौं तेस्रो पटक पनि उपविजेतामै चित्त बुझाउन बाध्य भयो ।

भैरहवाका ओपनिङ ब्याट्सम्यान दीपेश खत्रीले १ सय ८ बलको सामना गर्दै ५० रनको योगदान दिएपछि मध्यक्रमका खेलाडीहरू कप्तान शक्ति गौचनले ३८ बलको सामना गर्दै ३२ रन, अनन्त गुप्ताले २७ बलको सामना गर्दै ३१ रनको योगदान दिएका थिए । काठमाडौंका पारस खड्काले भैरहवाका सर्वाधिक ३ खेलाडीलाई पेभिलियन फर्काएका थिए । यसैगरी काठमाडौंका राजु बस्नेत र अमिर अख्तरले २-२ विकेट लिएका थिए । प्रतिउत्तरमा उत्रिएको काठमाडौंका तर्फबाट ओपनिङ ब्याट्सम्यान परेश लोहनीले १९ रन बनाए पनि काठमाडौंका लागि सर्वाधिक २२ रन शरद भेषवाकरले बनाएका थिए । काठमाडौंका सर्वाधिक खेलाडीलाई पेभिलियन फर्काउने काम भैरहवाका विजय थापाले गरे । उनले आफ्नो ६ ओभरको बलिङमा २३ रन दिएर काठमाडौंका ३ जना खेलाडीलाई पेभिलियन फर्काएका थिए भने वसन्त रेग्मी र राहुल बीकेले २-२ विकेट लिएका थिए ।

यसअघि भएको पहिलो सेमिफाइनलमा काठमाडौंले पूर्वविजेता क्षेत्र नम्बर २ वीरगन्जलाई ६९ रनले पराजित गरेको थियो । पहिले ब्याटिङ गर्न उत्रिएको काठमाडौंले निर्धारित ५० ओभरमा आफ्नो ९ खेलाडी गुमाउँदै २ सय ३ रनको विजयी लक्ष्य दिएको थियो । प्रतिउत्तरमा वीरगन्ज ३८ दशमलव ३ ओभरमा सबै खेलाडी गुमाई १ सय ३३ रनमै समेटिएको थियो । दोस्रो सेमिफाइनलमा भैरहवाले क्षेत्र नम्बर १ विराटनगरलाई ४ विकेटले पराजित गऱ्यो । पहिले ब्याटिङ गर्न मैदानमा आएको विराटनगरले ३३ ओभरमै आफ्ना सबै खेलाडी गुमाई ९२ रन मात्र बनाउन सकेको थियो, प्रतिउत्तरमा भैरहवाले ३६ दशमलव ४ ओभरमा ६ विकेटको क्षति बेहोरी विजय हात पारेको थियो ।

फाइनलमा पाएको सफलताका साथ भैरहवाले ७५ हजार रुपैयाँसहित ट्रफी पायो भने उपविजेतामा चित्त बुझाएको काठमाडौंले ४० हजार रुपैयाँ पायो । त्यस्तै ६८ रन बनाएर सात विकेट लिएका पारस खड्काले सर्वोत्कृष्ट खेलाडी घोषित भएर १५ हजार रुपैयाँ पाए । प्रतियोगितामा २५दशमलव ३ को औसतले ७६ रन बनाएर उत्कृष्ट ब्याट्सम्यान भएका विराटनगरका सुनील विष्टले १० हजार तथा ६ दशमलव ८९ को औसतले ९ विकेट लिएका विराटनगरकै महबुब आलमले उत्कृष्ट बलर घोषित हुँदै १० हजार नगद पुरस्कार पाएका थिए ।

# पोखरामा बृहत् पौडी प्रतियोगिता



पोखरा– कास्की जिल्ला पौडी संघले पोखरामा पहिलो पटक आयोजना गरेको विद्यालयस्तरीय तथा खुला पौडी प्रतियोयितामा राजधानीको वर्चस्व कायम भएको छ । हेम्जास्थित स्वीमिङ पुलमा दुई दिनसम्म चलेको प्रतियोगितामा पुरुषतर्फको ५० मिटर ब्याक स्ट्रोकमा सैलेश रानाले स्वर्ण पदक हात पारे । उनले निर्धारित दूरी ३६ दशमलव ३३ सेकेन्डमा पार गरेका थिए । उता महिलातर्फको ब्रेस्ट स्ट्रोकमा भने विविधा रिमालले ४१ सेकेन्डमा ५० मिटर दूरी पार गरी स्वर्ण पदक हात पारिन् । राष्ट्रिय महिला पौडीबाज नयना शाक्यले भने रजत पदकमा चित्त बुझाउनुपऱ्यो । सुधा श्रेष्ठले ४३ दशमलव १६ सेकेन्डमा पार गर्दै कास्य पदक पाइन । खुला पुरुषतर्फको बटरफ्लाईमा राजीव चित्रकारले प्रथम स्थान जिते भने राजु महर्जन द्वितीय र मीनकुमार लामा तृतीय भए ।

विद्यालयस्तरीय खुल्ला पौडी प्रतियोगितामा लिटिल एन्जल्स स्कुल काठमाडौंको वर्चस्व कायम रह्यो । उक्त विद्यालयले ५७ अंक प्राप्त गरी प्रथम, ४० अंक प्राप्त गरी द्वितीय तथा २५ अंक प्राप्त गरी तृतीय भएको थियो । १७ वर्षमुनिको छात्रातर्फ ब्याकस्ट्रोकमा सहिद धर्मभक्त हाईस्कुलकी ओसिना भारती प्रथम, लिटिल एन्जल्सकी सुरुगना बमजन द्वितीय तथा लिटिल एन्जल्सकै सोनिया गुरुङ तृतीय भए । १७ वर्षमुनिकै छात्रतर्फ बाबा बोर्डिङ स्कुलका मीनकुमार लामा प्रथम, लिटिल एन्जल्सका टेकबहादुर तामाङ द्वितीय र लिटिल एन्जल्सकै महेश जिरेल तृतीय भए । १७ वर्षमुनिको छात्रा तर्फ फ्रिस्टाइलमा तालवाराहीका विशाल लामा प्रथम, सुनील लामा द्वितीय तथा विजय भुजेल तृतीय भए । खुला पुरुषतर्फ फ्रिस्टाइलमा नेपाल आदर्शका सुमन गुरुङ प्रथम, तालवाराहीका सजीव गुरुङ द्वितीय तथा तालवाराहीकै सुनील लामा तृतीय भए । छात्रातर्फको खुला ब्रेस्टस्ट्रोकमा नेपाल आदर्शकी अमृता गुरुङ प्रथम, शाहीन गुरुङ द्वितीय तथा समिना गुरुङ तृतीय भएका थिए ।

१२ वर्षमुनिको छात्रतर्फ फ्रिस्टाइलमा शुभताराका प्रतीक श्रेष्ठ, बाबा बोर्डिङ स्कुलका प्रवेश अधिकारी द्वितीय तथा बाबा बोर्डिङ स्कुलकै बनिन श्रेष्ठ तृतीय भए । १२ वर्षकै छात्रातर्फको फ्रिस्टाइलमा नेपाल आदर्शका मोनिका पुन प्रथम भइन् भने सोनी गुरुङ द्वितीय तथा संजीता गुरुङ तृतीय भए । अन्तरविद्यालयस्तरीय प्रतियोगिताअन्तर्गत कास्की जिल्लाबाट सहभागी विद्यालयमध्ये खुलामा पुरुषतर्फ ब्रेस्टस्ट्रोकमा तालवाराही उ.मा.वि.का महेन्द्र भुजेल प्रथम भए । १४ वर्षमुनिको छात्रतर्फ फ्रिस्टाइलमा नेपाल आदर्शका सुमन गुरुङ प्रथम, विशाल थापा मगर द्वितीय तथा प्रविन गुरुङ तृतीय स्थानमा रहे ।

प्रतियोगितामा काठमाडौंका विद्यालयबाट ९०, स्थानीय विद्यालयबाट ९० तथा खुल्ला प्रतियोगितातर्फ नेपालका चर्चित पौडीबाज गरी कुल १ सय ७२ जनाले प्रतिस्पर्धा गरेका थिए । प्रतिस्पर्धा फ्रिस्टाइल, ब्रेस्ट स्ट्रोक, ब्याकस्ट्रोक तथा बटरफ्लाई गरी चार इभेन्टमा गराइएको थियो ।

## छात्रा फुटबलको उपाधि सरस्वतीलाई

बुटवल- नवलपरासीको पञ्चनगर-२ भूताहामा सञ्चालित प्रथम अन्तरविद्यालय छात्रा फुटबल प्रतियोगिताको उपाधि सरस्वती माध्यमिक विद्यालय, कुञ्जनपुरले जितेको छ ।

नवलपरासी जिल्लाका १६ वटा विद्यालयको सहभागितामा राजा माध्यमिक विद्यालयको खेलमैदानमा सम्पन्न प्रतियोगिताको फाइनल खेलमा सरस्वती माध्यमिक विद्यालयले वनकट्टी माध्यमिक विद्यालयलाई ५-० को फराकिलो गोल अन्तरले पराजित गऱ्यो ।

सरस्वतीका लागि सविना खरेलले २ तथा हसिना बेगम, कविता के.सी. र सपना गुरुङले १-१ गोल गरेका थिए । एस.पी.डब्लु को आयोजना तथा नेपाल ग्रिन क्लब र जुनियर रेडक्रस सर्कलको व्यवस्थापनमा आयोजित प्रतियोगितामा बेस्ट प्लेयर सरस्वतीकी कविता के.सी. घोषित भइन् भने सर्वाधिक गोलकर्ताको पुरस्कार सात गोल गरेकी जनता माध्यमिक विद्यालय अनरोटा दैनहवाकी शुष्मा विष्टले प्राप्त गरिन् ।

**-टोपराज शर्मा**

## नेपाललाई भारतमा टिम च्याम्पियन उपाधि

काठमाडौं- भारतको मणिपुरमा हालै सञ्चालन भएको दक्षिण एसियाली कराँते प्रतियोगितामा नेपालले ३ स्वर्ण १९ रजत पदक जितेर टिम च्याम्पियनसिपमा पहिलो स्थान हासिल गरेको छ । नेपालसगायत भारत, भुटान र बंगलादेशका खेलाडीहरूले सहभागिता गरेको उक्त प्रतियोगितामा नेपालका तर्फबाट सिरहाकी दीपिका के.सी.ले २ स्वर्ण १ रजत, सुनसरीका किमी राणाले २ रजत तथा नेपाल प्रहरीकी सरिता सापकोटाले १ स्वर्ण २ रजत पदक जितेकी थिइन् । यसैगरी सिरहाका मधु सिंह, झापाका विकास विक, सुनसरीका प्रभु सरदार र ताप्लेजुङका शुक्राज साँवाले विभिन्न स्पर्धामा ३-३ रजत पदक जितेका थिए । सिरहाका प्रशिक्षक विशाल मोतले नेतृत्व गरेको उक्त प्रतियोगितामा झापाका प्रशिक्षक राजु महर्जनले निर्णायकको भूमिकासमेत निर्वाह गरेका थिए । उक्त प्रतियोगिता जापान सितेरियो कराँते सेकोकाई मणिपुरद्वारा आयोजना गरिएको थियो ।

## सिटी रन प्रतियोगिता सम्पन्न

बुटवल- विश्व लागूऔषध नियन्त्रण दिवस- २००७ को अवसरमा बुटवलमा सिटी दौड प्रतियोगिता सम्पन्न भयो । पूर्व-लागूपदार्थ प्रयोगकर्ताहरूको संस्था सोसाइटी सपोर्ट ग्रुप बुटवलद्वारा आयोजित खुला दौड प्रतियोगितामा पाँच युवतीसहित ९७ जनाले प्रतिस्पर्धा गरेका थिए । १२ किलोमिटरको उक्त दौड प्रतियोगितामा पुरुषतर्फ विक्रम चापाई (३८ मिनेट ३५ सेकेन्ड) प्रथम, इमानसिंह सारु (३९ मिनेट ३५ सेकेन्ड) द्वितीय तथा जीवनकुमार थापा (४० मिनेट ३७ सेकेन्ड) तृतीय भए । यस्तै महिलातर्फ दुर्गा थापा (४३ मिनेट १० सेकेन्ड) प्रथम, विष्णु अधिकारी (४५ मिनेट १५ सेकेन्ड) द्वितीय र तेजकुमारी गाहा (४६ मिनेट १५ सेकेन्ड) तृतीय भए । 'रन फर फन' नाराका साथ लागूपदार्थको प्रयोगविरुद्ध युवाहरूमा चेतना जगाउने उद्देश्यले आयोजित उक्त प्रतियोगिताका विजेतालाई ३ हजार रुपैयाँ, २ हजार रुपैयाँ र १ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो ।

# क्रिकेटमा नेपाली महिला

**साप्ताहिक समाचार**

काठमाडौं- नेपाली महिला क्रिकेट अन्तर्राष्ट्रिय क्षेत्रमा पदार्पण गर्ने आशा साकार हुने संकेत देखा पर्न थालेको छ। निकै मेहनत गरेर संगठित भएका नेपाली महिला क्रिकेट खेलाडीहरूबीच हालै राष्ट्रिय स्तरको छनौट प्रतियोगिता सम्पन्न भएपछि उनीहरूले निकट भविष्यमा मलेसियामा आयोजना हुने आईसीसी क्रिकेट प्रतियोगितामा पहिलो पटक नेपालको प्रतिनिधित्व गर्नेछन्।

सन् २००७ मा मलेसियामा आयोजना हुने पहिलो एसीसी महिला क्रिकेट प्रतियोगितामा सहभागिता गर्न भनेर नेपालका महिला क्रिकेट खेलाडीहरूले आफूलाई संगठित गर्ने प्रयास गरेका थिए। नेपालमा पहिलो पटक महिला क्रिकेटलाई टिमको रूप दिने काम नेपालगन्जले गरेको थियो। नेपाल क्रिकेट संघले महिला खेलाडी उत्पादन गर्न नसकिरहेको परिप्रेक्ष्यमा नेपालगन्ज पहिलो उदाहरणका रूपमा प्रस्तुत भएको थियो।

करिब तीन वर्षअघि नेपालगन्जले महिला क्रिकेटलाई संगठित गर्ने प्रयास थालेको थियो। नेपालगन्जको यही प्रयासका कारण उसलाई अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले आर्थिक सहयोग पनि दिएको थियो। नेपालगन्जले सजिलै महिला क्रिकेटको विकास एवं विस्तार गर्न सकेको भने होइन। क्रिकेटमा नयाँ अनुहार ल्याएर महिला खेलाडी तयार पार्नुभन्दा अन्य खेलका खेलाडीहरूलाई समेट्न सजिलो हुने भएकाले अन्य खेलका महिला खेलाडीलाई प्रशिक्षण दिँदै महिला क्रिकेट टिम तयार गरिएको थियो। हालै राजधानीमा सम्पन्न पहिलो राष्ट्रिय छनौट प्रतियोगितामा सहभागी काठमाडौं, नेपालगन्ज, बैतडी र भैरहवाका खेलाडीमध्ये केही अन्य खेलका खेलाडी पनि थिए। नेपालगन्जका महिला क्रिकेटरहरूलाई नै हेर्ने हो भने उक्त टिममा एथलेटिक्सको हाई जम्प र ट्रिपल जम्पमा राष्ट्रिय कीर्तिमान् कायम गरेकी केशरी चौधरीदेखि दसौं साग खेलकुदमा नेपालका तर्फबाट सहभागिता गरेकी ब्याडमिन्टन खेलाडी नैना थापा, फुटबल खेलाडी बिनु बूढामगर, सीता राना तथा भलिबल खेलाडी सीता शाहीसम्म सम्मिलित छन्।

नेपालगन्जले अन्य खेलका खेलाडीहरूलाई संगठित गरेर आफ्नो टिम तयार गरेको थियो, तर काठमाडौंको अवस्था भने नेपालगन्जको भन्दा कठिन थियो। काठमाडौंका तर्फबाट महिला टिम तयार पार्न कम्मर कसेका नेपाल क्रिकेट संघका उपाध्यक्ष उपेन्द्र भट्टराईले टिम तयार पार्न आफ्नै भतिजी र नातिनीलाई सहभागी गराएर प्रशिक्षण गराए। काठमाडौंका १६ जना खेलाडीमा ४ जना भट्टराईका भतिजी र नातिनी छन्। यस पटकको प्रतियोगिताका लागि टिम तयार गर्न अन्य टिमलाई पनि हम्मे-हम्मे परेको थियो। भैरहवाका तर्फबाट छनौट प्रतियोगितामा सहभागी भएकी मधु थापा कुनै समय नेपालकी चर्चित महिला फुटबल खेलाडी थिइन्। उनले चीनमा सम्पन्न १९ वर्षमुनिको एसिया च्याम्पियनसिपमा समेत सहभागिता गरेकी थिइन्। महिला खेलाडीहरूलाई संगठित गर्दै उनीहरूलाई प्रतियोगिताका लागि चाहिने न्यूनतम अवस्थामा पुऱ्याउन कतिपय महिला खेलाडीले पुरुष खेलाडीहरूसँग अभ्यास र प्रशिक्षण गरेका थिए।



## छनौट भएका खेलाडीहरू

**महिलाको क्रिकेटको राष्ट्रिय छनौट प्रतियोगिता सम्पन्न गरेर क्यानले यही महिना मलेसियामा आयोजना हुने एसिसी महिला क्रिकेट प्रतियोगिताका लागि १८ जना खेलाडी छनौट गरेको छ। बन्द प्रशिक्षणमा राख्न छनौट भएका खेलाडीहरूमा सर्वाधिक ८ खेलाडी क्षेत्र नम्बर ५ नेपालगन्जका छन्। यो क्षेत्रबाट केशरी चौधरी, तृष्णा सिंह, नेरी थापा, मनीषा रावल, सीता राना, विनु बुढामगर, ममता थापा तथा सम्झना शर्मा छन्। यसैगरी क्षेत्र नम्बर ४ भैरहवाबाट ४ खेलाडीहरू मधु थापा, सरस्वति लामगादे, सुस्मिता चौधरी र नीतु थापा छनौट भएका छन्। क्षेत्र नम्बर ३ काठमाडौंबाट समीक्षा अर्याल, राधिका थापा र नीरा राजोपाध्याय, क्षेत्र नम्बर ६ बैतडीको तर्फबाट माया रावल, जानकी भट्ट र रीतु कनौजिया छनौटमा परेका छन्।**

यसरी तयार भएको टिमबीच सम्पन्न पहिलो राष्ट्रिय छनौट प्रतियोगितामा नेपालगन्जले भैरहवालाई ५ विकेटले पराजित गऱ्यो भने बैतडीले काठमाडौंलाई ८ विकेटले पराजित गऱ्यो। निर्धारित २० ओभरको खेलमा भैरहवाले ८ विकेट गुमाएर ५५ रन बनाएको थियो, जसको प्रतिउत्तरमा नेपालगन्जले १२ दशमलव २ ओभरमा ५ विकेट गुमाएर आफ्नो लक्ष्य भेटेको थियो।

यसैगरी अर्को खेलमा काठमाडौंले निर्धारित २० ओभरको खेलमा ८ विकेट गुमाएर ३८ रन बनाएको थियो भने बैतडीले १४ ओभरमा २ विकेट गुमाएर आफ्नो लक्ष्य पूरा गरेको थियो। उक्त प्रतिस्पर्धामा नेपालगन्जले आफूले खेलेका तीनवटै खेलमा सफलता हात पारेर पहिलो भयो भने बैतडी दुई खेलमा सफलता पाएर दोस्रो। तीन दिन चलेको प्रतियोगितामा वुमन अफ दि सिरिज भैरहवाकी नीतु थापा भइन् भने बेस्ट ब्याट्सवुमनको उपाधि पनि भैरहवाकै मधु थापाले पाइन्। यसैगरी बेस्ट बलरको उपाधि नेपालगन्जकी नीता थापाले पाइन्।

प्रतियोगितामा सहभागी खेलाडीहरूमध्येबाट छनौट भएका महिला क्रिकेटरहरूले यही महिना मलेसियामा आयोजना हुने प्रथम महिला एसीसी ट्रफीमा भाग लिनेछन्। प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ। यो समूहमा हङकङ, आयोजक मलेसिया र थाइल्यान्ड छन् भने समूह 'बी' मा सिंगापुर, बंगलादेश, संयुक्त अरब इमिरेट्स र चीन छन्।

## रिङ्की र आशनारायण विजयी



विराटनगर- स्वर्गीय मदन भण्डारीको ५६ औं जन्मजयन्तीको अवसरमा मंगलबार विराटनगरमा सम्पन्न खुला सडक दौड प्रतियोगिता रिङ्की सरदार तथा आशनारायण चौधरी प्रथम भएका छन्। २५ जना महिला र १ सय १५ पुरुष सहभागीलाई उछिन्दै सरदार र चौधरी प्रथम भएका हुन्। पिपुल्स भोलेन्टियर्सको आयोजनामा सम्पन्न प्रतियोगितामा महिलातर्फ लक्ष्मी उराउ द्वितीय र जानकी मुडियारी तृतीय भए। त्यस्तै पुरुषतर्फ संजय मुडीयारी द्वितीय र टेकबहादुर उत्सव स्वामी तृतीय भए। विराटनगरको सहिद मैदानमा शिक्षा तथा खेलकुद मन्त्री प्रदीप नेपालले सिटी बजाएर दौड प्रतियोगिताको उद्घाटन गर्नुभएको थियो। सहिद मैदानबाट गोल्छा मोड, बिजुली अफिस चोक, धरान रोडबाट जनआन्दोलन चोक हुँदै ट्राफिक चोक, जलजला मोड, हस्पिटल हुँदै पाँच किलोमिटर दुरी तय गरेर पुनः सोही ठाउँमा पुगेर सकिएको थियो। दौडमा हरेक उमेरका प्रतियोगी सहभागी थिए।

## पोखरामा सडक दौड


पोखरा- अन्तर्राष्ट्रिय लागूपदार्थ दुरुपयोग तथा ओसारपसारविरुद्ध दिवसको अवसरमा आयोजित १५ किलोमिटर सडक दौड प्रतियोगितामा नेपाली सेनाले वर्चस्व कायम गरेको छ। दौडमा विजयपुर ३ नम्बर बाहिनीका विशाल चौधरीले ५० मिनेट २२ सेकेन्डमा निर्धारित दूरी पार गर्दै प्रथम स्थान ओगटे। त्यसै गरी प्रतियोगितामा सोही बाहिनीका नेत्रबहादुर खड्काले ५२ मिनेट ६ सेकेन्डमा दौड पूरा गर्दै दोस्रो स्थान हासिल गरे। सशस्त्र प्रहरी बल कालिका गण मालेपाटनका अमृत हमालले ५२ मिनेट २१ सेकेन्डको दौड पूरा गर्दै तृतीय स्थान प्राप्त गरे।

वेगनासचोकबाट सुरु भएको दौड पोखरा रंगशालामा पुगेर टुंगिएको थियो। बाल तथा महिला सशक्तीकरण समाज सिद्धार्थ क्लब र आशाको साथी नामक संस्थाले आयोजना गरेको प्रतियोगितामा प्रथम हुनेले ५ हजार र द्वितीय हुनेले ४ हजार नगदका साथमा प्रमाण पत्र पाएका थिए। नेपाली सेना, नेपाल प्रहरी, स्थानीय युवाहरू, एचआईभी संक्रमित, लागूपदार्थ दुर्व्यसन प्रयोगकर्ता गरी कुल १ सय ३७ जना धावकले दौडमा प्रतिस्पर्धा गरेका थिए।

## प्रसंग कतिपय



विक्रम राई



तोयानाथ अथात् टीएन हिजोआज डिस्को जान औधी रुचाउँछन् । दिनभरि सुत्ने र राति लाटोकोसेरोजस्तै घुम्ने सहरिया टीएनलाई दोहोरी साँझले भनेजसरी आकर्षित गर्न छाडेकाले पनि डिस्कोको नशा चढेको हो । ठूला-ठूला आवाजमा बज्ने बेसुरा संगीतको तालमा ऐनाको अगाडि नाच्नुलाई डिस्को भनिन्छ– गाउँमा हुँदा टीएनले बुझेको कुरा यही थियो ।

दोहोरीमा नाच्दै मञ्चतिर जान नसकिने बाध्यता डिस्कोमा हुँदैन । नाच्दै आफूलाई ऐनाअगाडि हेर्दै जतातते घुम्दै, हिंड्दै र कहिलेकाहीं लड्दै-भिड्दै नृत्य गर्नु नै डिस्कोको आर्कषण हो । आज टीएनले जीपीको सुषलाई पनि डिस्को पार्टीमा इन्भाइट गरेको छ । भर्खरै कलेज सिध्याएको टीएनले आफ्नो बिजनेसको सुरुवात ५ सय दरका टिकट बेची यो पार्टी कार्यक्रमबाट गर्न लागेको हो । पार्टी पनि हुने अनि साथीको गर्लफ्रेन्डलाई ५ सयको टिकट सित्तैंमा दिएर लोभ्याउन पनि पाइने अनि कार्यक्रमपश्चात् केही रकम फाइदा पनि हुने भएकाले टीएन हौसिएको हो ।

आजकाल सहरमा धेरै युवा-युवतीहरू यस्ता पार्टी अर्गनाइज गर्न लागिपरेका छन् । अनुभवीहरू भन्छन्– यी आयोजकहरूले कार्यक्रमको सुरुवात सफ्ट डिङ्बाट गराउँदै आफूसमान उमेरकाहरूलाई हार्ड डिङ्मा पुर्‍याएर पार्टी टुङ्याउँछन् । सिगरेट पिउने र पिउन सिक्ने ठाउँ पनि यही नै हो । आफूलाई पनि मज्जा अनि अरूलाई पनि मनोरञ्जन, साथमा फाइदा त छँदैछ । हुँदाहुँदा यस्ता पार्टीको नाम सिजनल नामबाट जस्तै मनसुन पार्टी हुँदै बन्क पार्टीसम्म राखिन थालेको छ । विद्यालय वा कलेज जाँदा लगाइने युनिर्फममै क्लास बन्क गरी यस्ता पार्टीमा सहभागी हुनुको अलग रमाइलो छ । त्यसमा पनि डिस्कोका मालिकहरूले बिहानै डिस्को खोलिदिएर नाइट डिस्कोहरूलाई मर्निङ डिस्कोमा परिवर्तन गरिदिएका छन् । ती मालिक र अर्गनाइजरहरूले विद्यार्थीहरूलाई स्टुडेन्ट डिस्काउन्ट दिएर आमन्त्रित गरिरहेका छन् र हाम्रा भविष्यहरू च्याउझैं उम्रिएका डिस्कोहरूभित्र ठूला-ठूला ऐनाअगाडि नाच्दै आफूलाई व्यस्त तुल्याइरहेका छन् । किन हामी यसलाई रोक्न सक्दैनौं ? किन हामी टीएनजस्तालाई अध्ययनपश्चात् व्यवसायको सुरुवात राम्रो कामबाट गराउन सक्दैनौं ? सम्भवतः हाम्रा युवाहरूलाई त्रिशूल बाबाकै जस्तो जोक्स चाहिएको छ । अस्ति त्रिशूल बाबाले प्रहरी हिरासतभित्रै भने– अबको दस वर्षपछि नेपालको राष्ट्रपति अहिले डिस्कोमा नाच्नेहरूमध्येबाट नै हुनेछन् । तथास्तु !



५ फिट ६ इन्च अग्ली तथा गहुँगोरो वर्णकी बूढानीलकण्ठ निवासी १८ वर्षीया कुन्छाङ मोक्तान यस पटकको 'मिस टुरिज्म क्वीन इन्टरनेसनल नेपाल २००७' की विजेता। जेभियर इन्टरनेसनल कलेजबाट दस जोड दुई परीक्षा दिएर बसेकी कुन्छाङ गायन, नृत्य, भ्रमण एवं सिक्काहरु संकलन गर्न रुचि राख्छिन्। मनोविज्ञानमा आफ्नो क्यारियर बनाउने सोच बनाएकी कुन्छाङलाई चिकेन स्प्रिङ रोल बढी मन पर्छ।

## फुर्सदको कुराकानी

**प्रतियोगिताको अनुभव कस्तो रह्यो ?**

आत्मविश्वास बढेको छ । देशको पर्यटन क्षेत्रका सम्बन्धमा पहिले भन्दा बढी जानकार भएको महसुस गरेकी छु । विजयी हुनुको खुसी त छँदैछ, साथै जिम्मेवारी पनि बढेको अनुभव भैरहेको छ ।

**आफूलाई कसरी चिनाउन मन पराउनुहुन्छ ?**

सुन्दर, आकर्षक, आत्मविश्वासी, मेहनती, मनमा कुरा नलुकाउने, फरासिली र अलिअलि चकचके पनि ।

**तपाईंको प्लस र माइनस प्वाइन्ट ?**

जो-कोहीसित खुलेर सीधा बोल्न सक्छु, यो नै मेरो प्लस प्वाइन्ट हो । माइनस प्वाइन्ट भन्नुपर्दा म आफूलाई मन नपर्ने व्यक्तिसित कुनै पनि हालतमा बोल्न सक्दिन, बोल्न मन पराउँदिनँ ।

**कत्तिको रिस उठ्छ ?**

खासै उठ्दैन, तर रिस उठ्यो भने नियन्त्रण गर्न गाह्रो हुन्छ ।

**केदेखि डर लाग्छ ?**

आफूले गरेको कुनै पनि काम असफल होला कि भन्ने कुरामा डर लाग्छ ।

**मोडलिङलाई निरन्तरता दिने कि नदिने ?**

र्‍याम्प मोडलिङमा खासै रुचि छैन, तर दृश्य मोडलिङमा भने राम्रो अफर आए काम गर्छु ।

**कत्तिको फेसनेबल हुनुहुन्छ ?**

म ट्रेन्डअनुसार सुहाउँदो फेसन गर्न रुचाउँछु । महँगा जुत्ताप्रति आकर्षित हुन्छु । हेभी एसेसरिज खासै मन पर्दैन, तर इयरिङ र फिङ्गरिङ भने मनपर्छ ।

**सुन्दरताका लागि के गर्नुहुन्छ ?**

म एकदम लाइट मेकअप रुचाउँछु । सन्तुलित आहार र नृत्य नै मेरो शारीरिक व्यायाम हो ।

**जीवन के हो जस्तो लाग्छ ?**

खुला किताब, जसमा खाली पानाहरू हुन्छन् र अनुभवका आधारमा ती पानाहरू भरिँदै जान्छन्।

**प्रेम र जीवनबीच कस्तो सम्बन्ध छ ?**

प्रेम र जीवन एक-अर्काका परिपूरक हुन्। खुसी जीवन बिताउन प्रेम चाहिन्छ र प्रेम गर्न जीवन नभई हुँदैन ।

**प्रेम-प्रस्ताव कत्तिको आउँछन् ?**

अनिगिन्ती ।

**कस्तो अनुभव हुन्छ ?**

रमाइलो र दिक्क दुवै ।

**प्रेमविवाह गर्ने कि मागी विवाह ?**

मेरो विचारमा विवाह सम्झौता होइन, यात्रा हो र सँगै हिंड्ने सहयात्रीसित विचार, मन र भावना मिल्नुपर्छ । एक-अर्कालाई राम्रोसँग जान्नु र बुझ्नुपर्छ । यी सब कुरा प्रेम विवाहमा मात्र संभव छ, त्यसैले म प्रेमविवाह नै गर्छु होला ।

**प्रेममा यौनलाई कुन रूप लिनुहुन्छ ?**

मेरो विचारमा प्रेममा यौनको प्रधानता हुनु राम्रो होइन, तर यौन प्रेमसम्बन्धको स्थायित्वको आधार हुनसक्छ ।

■ रोजिन शाक्य

## गर्मीमा डान्सपार्टीको शीतलता



बुटवल- साँझ छिप्पिँदै गए पनि बन्द हलभित्र खपिनसक्नुको गर्मी थियो, तर गीत र संगीतको तालमा चिसो क्यान बियरको चुस्कीसँगै नाच्न पाएपछि केको गर्मी ? आइतबार साँझ हाटबजार लाइनस्थित विश्व हिन्दू महासंघको सभाहलमा छुट्टै वातावरण थियो । सो क्राफ्ट इन्टरनेसनलले आयोजना गरेको 'डिस्को जक्की-१' डान्सपार्टीमा सहभागीहरू गर्मीलाई बिर्सेरसंगीतको आनन्दमा रमाइरहेका थिए । गर्मीले त्यसै पसिना काढिरहेका पार्टीका सहभागीहरूले रेजर लाइटको रंगीन बत्तीमा गीतको तालमा नाच्दा-नाच्दै पसिनाले निथ्रुक्कै भिजेको पत्तै पाएनन् । अरू बेला यहाँ हुने डान्स पार्टीमा कलेज पढ्ने युवा-युवतीको मात्रै बाहुल्यता हुने भए पनि यसपटक बैंकर्स, उद्योगी तथा व्यवसायीहरूको बाक्लै उपस्थिति थियो । उक्त अवसरमा दुई सयभन्दा बढी सहभागीलाई स्थानीय डिजे वसन्त श्रेष्ठले नेपाली, हिन्दी, अंग्रेजी भाषाका दुई दर्जनजति गीत बजाएर झन्डै तीन घन्टा नचाएका थिए ।

**–टोपराज शर्मा**

## कृति र आचार्यको बिहे



**साप्ताहिक समाचार**

काठमाडौं- गत वर्ष फागुन महिनाको पहिलो साता चलचित्र तथा टेलिचलचित्रकी नायिका एवं इमेज च्यानलकी कार्यक्रम प्रस्तोता कृति भट्टराईले गायक सञ्जय श्रेष्ठका सहोदर भाइ रवि श्रेष्ठसँग विवाह गर्ने पक्कापक्की गरेकी थिइन् । त्यसको चार महिनापछि गत शुक्रबार बाजागाजासहित जन्ती लिएर गएका सञ्चारकर्मी तथा विज्ञापन निर्माता रविले कृतिलाई आफ्नो घर भित्र्याएका छन् । पुल्चोकस्थित उग्रचण्डी मन्दिरलाई साक्षी राख्दै त्यही मन्दिर परिसरमा कृतिकी आमाले छोरीको कन्यादान गरिन् । नेवार केटो र क्षेत्री केटीबीच अन्तर्जातीय विवाह भएकाले विवाह दुवै संस्कारअनुरूप सम्पन्न गरिएको थियो । नेवारी परम्पराअनुसार कारमाथि 'दुफांगाः' भनिने कपडा राखेर, कारको अघिअघि ठूलो आकारका मैनबत्ती बालेर रविले जन्तीपछि लगाउँदै कृतिलाई अन्माएर लगेका थिए । जन्तीको स्वागत, विवाह संस्कार भने ब्राह्मण/क्षेत्रीको जस्तो गोडा धोएर, अग्निलाई साक्षी राखेर गरिएको थियो । घरमा भित्र्याइसकेपछि रविका परिवारले फेरि नेवारी परम्पराअनुरूप कृतिलाई सगुन ख्वाएका थिए । वैवाहिक समारोहमा कृतिसँग नजिक मानिएका केही चलचित्रकर्मी मात्रै उपस्थिति थिए ।

विगत केही वर्षयता चलचित्रकर्मबाट संन्यास लिएकी कृति पछिल्लो समय इमेज च्यानलमा कार्यक्रम प्रस्तोताका रूपमा कार्यरत छिन् । अन्ततः उक्त च्यानलमै कार्यरत रविसंग उनले वैवाहिक नाता जोडिन् । यसैगरी नेपाली चलचित्रका युवा कथाकार, संवाद लेखक विकास आचार्य पनि विवाह-बन्धनमा बाँधिएका छन् । आचार्यले गत शनिबार परम्परागत विवाह गरेका थिए, जसमा चलचित्रकर्मीहरूमध्ये पनि निर्माता-निर्देशकहरूको बाक्लो उपस्थिति थियो ।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल ।**